भदौ - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष २५, अङ्क ९ | २०७३, भदौ १–१५ | पूर्णाङ्क ५७९





प्रकाशक

## सर्वोच्च अदालत



रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्बबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सहायक डिजायनर श्री रसना बज्राचार्य
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संवैधानिक इजलास | १ |
| पूर्ण इजलास | ४ |
| संयुक्त इजलास | ७ |
| इजलास नं. १ | १३ |
| इजलास नं. २ | ७ |
| इजलास नं. ३ | १२ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | ८ |
| इजलास नं. ६ | ६ |
| इजलास नं. ७ | ६ |
| इजलास नं. ८ | ३ |
| एकल इजलास | २ |
| जम्मा | ७१ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, भदौ – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संवैधानिक इजलास** | | | **१-२** |
| १. | उत्प्रेषण / परमादेश | अधिवक्ता अमृतप्रसाद श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **पूर्ण इजलास** | | | **२-३** |
| २. | मोही नामसारी | रमेशकाजी यंगोल श्रेष्ठ वि. आशामाया व्यञ्जनकारसमेत | |
| ३. | खिचोला मेटाई हक कायम दर्ता नामसारी | अङ्गद हरिजनसमेत वि. पार्वती चमार | |
| **संयुक्त इजलास** | | | **४-८** |
| ४. | उत्प्रेषण / परमादेश | कृष्णबहादुर बस्नेत वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय, रामशाहपथ, काठमाडौंसमेत | |
| ५. | परमादेश | ललितनारायण ठाकुरसमेत वि. ब्रजकिशोर पण्डित | |
| ६. | निषेधाज्ञा | मेवालाल भुजुवा वि. नेपाल विद्युत् प्राधिकरण, नेपालगन्ज वितरण केन्द्रसमेत | |
| ७. | निषेधाज्ञा | रामगोपाल थारू वि. निरूदेवी मेचेसमेत | |
| ८. | उत्प्रेषण / निषेधाज्ञा / परमादेश | झ्यापी पौडेलको वारेस भई आफ्नो हकमासमेत केशवराज पौडेल वि. कृषि विकास बैंक, शाखा कार्यालय, गुलरियासमेत | |
| ९. | निषेधाज्ञा | सकुल साई वि. राजेशकुमार बर्मासमेत | |
| १०. | निषेधाज्ञा | नरहरि उप्रेती वि. जिल्ला प्रशासन कार्यालय, पाँचथरसमेत | |
| **इजलास नं.१** | | | **८-१५** |
| ११. | उत्प्रेषण / परमादेश | भोगेन्द्रराज डोटेलसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | |
| १२. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. विष्णुकुमार राई | |
| १३. | निषेधाज्ञा | हिरादेवी सिंह श्रेष्ठ वि. प्रेमप्रसाद आचार्य | |
| १४. | निषेधाज्ञा | राधा थापासमेत वि. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डसमेत | |
| १५. | हक कायम घर खिचोला चलन | देवलाल महरासमेत वि. सीता महरा चमार | |
| १६. | डाँका | नेपाल सरकार वि. बलबहादुर लुङ्गेली मगर | |

| | | |
|---|---|---|
| १७. | हातहतियार खरखजाना | नेपाल सरकार वि. सोविराम झाँक्री |
| १८. | उत्प्रेषण / परमादेश | कान्छी बानियाँसमेत वि. चन्द्रमणि भुसालसमेत |
| १९. | उत्प्रेषण / परमादेश | भैरव शमशेर थापा वि. बिमला थापासमेत |
| २०. | उत्प्रेषण | भैरव सुस्मिता थापा वि. रमेशरन्जन थापा |
| २१. | प्रतिषेध | रामजी पन्त वि. वैजनाथ श्रेष्ठसमेत |
| २२. | प्रतिषेध / परमादेश | प्रो. निरजकुमार सिंह वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत |
| **इजलास नं. २** | | **१५-१९** |
| २३. | कर्तव्य ज्यान | सुमित्रा कुमाल वि. नेपाल सरकार |
| २४. | कर्तव्य ज्यान | प्रकाश बुढामगर वि. नेपाल सरकार |
| २५. | उत्प्रेषण / परमादेश | मुनकीदेवी साह सुडी वि. शीलादेवीसमेत |
| २६. | उत्प्रेषण / परमादेश | हंशराज यादव वि. कान्तिदेवी साहसमेत |
| २७. | भ्रष्टाचार | जयकान्त यादव वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| **इजलास नं. ३** | | **१९-२९** |
| २८. | उत्प्रेषण / परमादेश | टङ्कहरि दाहाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २९. | निर्णय दर्ता बदरसमेत | होमनारायण श्रेष्ठ वि. भरतबहादुर बोगटीसमेत |
| ३०. | लागु औषध (कोरेक्स) | सुमित्रा श्रेष्ठ वि. नेपाल सरकार |
| ३१. | परमादेश | राधाकृष्ण धिमाल वि. श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत |
| ३२. | निषेधाज्ञा | तेजबहादुर गुरूङसमेत वि. चन्द्रप्रभा उपाध्याय |
| ३३. | उत्प्रेषण / परमादेश | पिमकान्त सिंह ठकुरी वि. जिल्ला प्रहरी कार्यालय, रोल्पासमेत |
| ३४. | परमादेश | विरनारायण चौधरी थारूसमेत वि. निरज शाहीसमेत |
| ३५. | निषेधाज्ञा | इन्द्रप्रसाद चौधरी वि. पोसेन्द्र चौधरीसमेत |
| ३६. | परमादेश | भूमिसुधार कार्यालय, मोरङ, विराटनगर वि. गंगादेवी साह |
| ३७. | निषेधाज्ञा | वगडु दास वि. हरिचरण महतो कोइरी |
| ३८. | जग्गा खिचोला घर उठाई चलनसमेत | गुलेन्द्रप्रसाद यादवको वारेस भई आफ्नो हकमा समेत रामप्रसाद यादव वि. विन्दादेवी यादवसमेत |

| | | |
|---|---|---|
| ३९. | अदालतको अपहेलना | डम्बरबहादुर गुरूङ वि. बसन्तराज गौतमसमेत |
| **इजलास नं. ४** | | **२९-३१** |
| ४०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दुर्गाबहादुर नेपाली |
| ४१. | उत्प्रेषण / परमादेश | जनप्रिय बहुमुखी क्याम्पस सञ्चालक समितिसमेत वि. माधवप्रसाद घिमिरे |
| **इजलास नं. ५** | | **३१-३६** |
| ४२. | कर्तव्य ज्यान | श्रीरोका मगर वि. नेपाल सरकार |
| ४३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. देउसिंह ठगुन्ना |
| ४४. | कर्तव्य ज्यान | छविलाल विष्ट वि.नेपाल सरकार |
| ४५. | जबर्जस्ती करणी | विजयगौड कहाँर वि. नेपाल सरकार |
| ४६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मैया भन्ने फुलमाया श्रेष्ठ |
| ४७. | कर्तव्य ज्यान | मकैया भन्ने सचिवकुमार सदा वि. नेपाल सरकार |
| ४८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कम्पा चौधरीसमेत |

| | | |
|---|---|---|
| ४९. | परमादेश | बमप्रसाद गिरीसमेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंसमेत |
| **इजलास नं. ६** | | **३६-३८** |
| ५०. | अंश चलन | भरतप्रसाद नेपाल वि. मु.स. गर्ने तथा आफ्नो हकमा समेत सिर्जना नेपालसमेत |
| ५१. | उत्प्रेषण / प्रतिषेध | शत्रुघनकुमार नेपालसमेत वि. मु.स. गर्ने सिर्जना नेपालसमेत |
| ५२. | उत्प्रेषण | मंगल महर्जन वि. दिया महर्जन |
| **इजलास नं.७** | | **३८-४१** |
| ५३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पदमबहादुर दर्जी |
| ५४. | अपहेलना | जगतमाया श्रेष्ठ वि. भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिकासमेत |
| ५५. | परमादेश | समिता भट्टराई वि. जिल्ला शिक्षा कार्यालय, खाँदबारी संखुवासभासमेत |
| ५६. | उत्प्रेषण / परमादेश | भोजराज भट्टराई वि. जिल्ला शिक्षा कार्यालय, खाँदबारी संखुवासभासमेत |
| ५७. | उत्प्रेषण / निषेधाज्ञा | मनराजा रञ्जितसमेत वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत |
| ५८. | निषेधाज्ञा | कुलबहादुर दाहालसमेत वि. शकुन्तला दाहालसमेत |

| इजलास नं.८ | | | ४१-४३ |
|---|---|---|---|
| ५९. | मोही लगत कट्टा | रोशनलाल चौधरी वि. महादेव भगत | |
| ६०. | उत्प्रेषण | राधेश्याम कहारको हकमा कमलावत्तीदेवी कहाइन वि. शङ्कर कहारसमेत | |

| एकल इजलास | | | ४३-४४ |
|---|---|---|---|
| ६१. | अधिकार पृच्छा | कृष्णमोहन प्रसाद सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ६२. | उत्प्रेषण / परमादेश | नारायणप्रसाद गौतम वि. कल्पना श्रेष्ठ | |

## संवैधानिक इजलास

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री बैद्यनाथ उपाध्याय, मा.न्या. श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७९-WS-००७६, उत्प्रेषण / परमादेश, *अधिवक्ता अमृतप्रसाद श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकको माग दाबीबमोजिम सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को १४,१५ र १८ मा रहेका पक्राउ गर्ने, हिरासतमा लिई अनुसन्धान गर्ने र अभियोजन गर्ने कानूनी व्यवस्थालाई बदर घोषित गरिदिने हो भने फौजदारी कानून उल्लङ्घन गर्ने कार्य बढ्ने र त्यस्ता कानून उल्लङ्घन गर्ने व्यक्तिलाई सजाय गर्ने राज्यको दायित्व पुरा नहुने भई समाजमा दण्डहीनता बढ्नुका साथै शान्ति र अमनचयन कायम नरहने।

संविधान प्रदत्त मौलिक हक सोही धाराको अधिनमा रही हरेक व्यक्ति वा नागरिकले प्रयोग वा उपयोग गर्न सक्दछन्। तर कसैले राज्यको फौजदारी कानूनको उल्लङ्घन गरी अपराधजन्य कार्य गर्दछ भने मौलिक हकको हवाला दिई आपराधिक दायित्वबाट उन्मुक्ति लिन सक्दैन। यसर्थ सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १४, १५ र १८ को कानूनी व्यवस्था निवेदकले दाबी गरेअनुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १४, १५, १९, २० र २१ समेत सँग बाझिएको अवस्था नहुँदा उक्त दफाहरू निवेदन मागबमोजिम उत्प्रेषणको आदेशबाट बदर घोषित गरिरहन नपर्ने।

कुनै कसुरका सम्बन्धमा कानूनबमोजिम भएको अनुसन्धानबाट प्राप्त निष्कर्षअनुसार कुन कानून उल्लङ्घनको कसुरमा के कस्तो सजायको मागदाबी लिने हो वा अभियोगपत्र नै दायर गर्नुपर्ने नपर्नेसम्बन्धमा विवेकसम्मत र न्यायपूर्ण रूपमा अभियोजन दायर गर्ने निकायले कानूनबमोजिम आफ्नो अधिकारको प्रयोग गर्ने विषयलाई न्यायिक पुनरावलोकनको माध्यमबाट हस्तक्षेप गर्न नमिल्ने।

हाजिर जमानीमा छाडने विषय निरपेक्ष नभई अनुसन्धानको क्रममा प्रमाण बुझ्दै जाँदा आवश्यकता र औचित्यताका आधारमा प्रयोग हुने कानूनी व्यवस्था भएको हुँदा यस अदालतबाट उक्त कानूनी व्यवस्थाको प्रयोग गर्नु भनी आदेश जारी गरिरहनु औचित्यपूर्ण हुँदैन। तसर्थ प्रमाण पुगेको अवस्थामा मात्र अभियोजन गर्नु र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २१ को प्रयोग गर्न परमादेश जारी गरिपाउँ भन्ने निवेदन दाबी औचित्यपूर्ण नरहने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

कुनै घटित अपराधका सम्बन्धमा चुस्त अनुसन्धान गरी प्रमाण सङ्कलन गर्ने कानूनी दायित्व सम्बन्धित अनुसन्धान अधिकारीको हुन्छ। त्यस्तै प्राप्त अनुसन्धान प्रतिवेदनसमेतका आधारमा न्यायोचित अभियोजन गर्ने दायित्व अभियोजन गर्ने निकाय वा अधिकारीमा निहित रहेको हुन्छ। कुनै मुद्दामा गलत अनुसन्धान एवम् अनुचित अभियोजन भई तत्काल अभियुक्त थुनामा रहे तापनि मुद्दामा अन्तिम निर्णय हुँदा कसुरबाट सफाइ पाएमा निज थुनामा बस्नु परेको अवधिलाई न्यायोचित थुना मान्न नसकिने।

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा सूचीबद्ध फौजदारी मुद्दा वा नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कसुरका सम्बन्धमा जानीजानी वा पूर्वाग्रह पीडित भई देखादेखी गलत अनुसन्धान र अनुचित अभियोजनका कारण आरोपित व्यक्ति थुनामा बस्नुपर्ने भई थुनामा रहेको तर मुद्दामा अन्तिम निर्णय हुँदा सफाइ पाएको अवस्थामा त्यसरी थुनामा बस्नु परेको अवधिको राज्यद्वारा न्यायोचित

क्षतिपूर्तिको व्यवस्थासहितको कानून निर्माण गर्नु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतहरू: विश्वनाथ भट्टराई र रामप्रसाद बस्याल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम्।

## पूर्ण इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-DF-०००८, ०००९, मोही नामसारी, *रमेशकाजी यंगोल श्रेष्ठ वि. आशामाया व्यञ्जनकारसमेत, गोपाललाल अमात्यसमेत वि. तुयुमै व्यञ्जनकार*

मुद्दामा रहेको विवादित विषयसँग सम्बद्ध प्रमाण बुझ्ने क्रममा विशेषज्ञबाट जाँच भई प्राप्त हुन आएको रायलाई प्रमाणमा लिन मिल्ने वा नमिल्नेसम्बन्धमा विवेचना गरी प्रमाणमा लिन नमिल्ने भए आधार कारणसहित सो रायलाई खण्डन गरी मिसिल संलग्न अन्य तथ्यपूर्ण प्रमाणको आधारमा मात्र निष्कर्षमा पुग्नुपर्ने।

दाबीको जग्गाको नापीका बखत तयार भएको फिल्डबुकमा मोही जनिएको व्यक्तिको ल्याप्चे छापसमेत लागेको अवस्था देखिएको, मोही महलमा उल्लिखित व्यक्ति आफू भएको भनी एकै नाम गरेका दुई व्यक्तिले दाबी गरेको, मिसिल संलग्न प्रमाणबाट उक्त व्यक्ति यही हो भनी वस्तुगतरूपमा यकिन हुन नसकेको अवस्थामा विशेषज्ञले जाँच गरी दिएको राय प्रतिवेदन प्रस्तुत मुद्दामा निर्णायक प्रमाण हुन सक्ने कुरामा विवाद हुन सक्दैन। दुई भिन्नाभिन्नै व्यक्तिको ल्याप्चे छापमा तात्त्विक र आधारभूत रूपमा भिन्नता हुने भएकोले कुनै लिखतमा परेको ल्याप्चेछाप दुईमध्ये जसको ल्याप्चेसँग भिड्छ सोही व्यक्ति नै उक्त लिखतको ल्याप्चे छापकर्ता व्यक्ति हो भनी मान्नु पर्ने हुन्छ। यस अर्थमा दाबीको जग्गाको फिल्डबुकमा मोही जनिएको व्यक्तिको ल्याप्चे छापसँग पुनरावेदिका वादी तुयुमैकी आमा बम्हुनी भन्ने मोहनमाया र प्रत्यर्थी मोहनमायामध्ये जसको ल्याप्चे छाप मिल्छ सो व्यक्ति नै सो जग्गाको मोही हो भनी अदालतले मान्नु पर्ने हुन्छ। ल्याप्चे छाप जाँच गरी विशेषज्ञले राय प्रतिवेदन दिएको तथा विशेषज्ञले अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको अवस्थामा त्यस्तो रायलाई प्रमाण ऐन, २०३१ को दफा २३(७) बमोजिम प्रमाणमा लिनु पर्ने।

मिसिल संलग्न विशेषज्ञको राय प्रतिवेदन हेर्दा, फिल्डबुकको जोताहाको महलमा लागेको ल्याप्चे छाप पुनरावेदिका वादी तुयुमैकी आमा बम्हुनी भन्ने मोहनमायाको नागरिकताको प्रमाणपत्रमा लागेको ल्याप्चे छाप तथा प्रत्यर्थी मोहनमायाको ल्याप्चे छापसँग जाँच गरिएकोमा फिल्डबुकको उक्त ल्याप्चे छाप र तुयुमैकी आमाको नागरिकताको ल्याप्चे छाप तुलना गर्दा समानताका विन्दुहरू पाइएको र ती दुवै ल्याप्चेहरू चक्र आकारका रहेको भन्ने उल्लेख भएको देखिन्छ भने प्रत्यर्थी मोहनमायाको औंठाछाप फिल्डबुकको ल्याप्चे छापसँग मिल्दैन भनी स्पष्ट रूपमा राय व्यक्त भएको देखिन्छ। उक्त राय व्यक्त गर्ने विशेषज्ञको बकपत्र भएको र प्रत्यर्थी मोहनमायाका तर्फबाट जिरहसमेत गरेको देखिएकोमा प्रत्यर्थीले उक्त रायलाई वस्तुगत आधारमा अन्यथा हो भनी पुष्टि गर्न सकेको नदेखिँदा विशेषज्ञको उक्त राय प्रस्तुत मुद्दामा प्रमाणमा लिन मिल्ने नै देखिने।

वस्तुतः कुनै व्यक्तिको एकभन्दा बढी नाम हुन सक्ने तथा गाउँ घरमा बोलाउने नाम र कार्यालयको आधिकारिक नाम फरक हुन सक्ने हुन्छ। त्यस्तै एकै ठाउँमा एउटै नाम भएका एकभन्दा बढी व्यक्तिहरू हुन सक्ने हुँदा कसैको नाममात्र मिलेको आधारमा हकै

नपुग्ने कुरामा हक कायम हुनसक्ने वा कुनै व्यक्तिको एकभन्दा बढी नाम भई कुनै एउटा नामबाट व्यवहार गरी आएको अवस्थामा बिनाआधार सो व्यक्ति आधिकारिक व्यक्ति होइन भनी भन्न मिल्दैन। त्यस्तो अवस्थामा आधिकारिक व्यक्ति यही हो भन्ने कुरा अन्य प्रमाणबाट यकिन हुन नसकेको अवस्थामा हस्ताक्षर वा ल्याप्चे छापको जाँच गरी विशेषज्ञले दिएको राय प्रतिवेदनका आधारमा निष्कर्षमा पुग्न मिल्ने।

पुनरावेदिका वादी तुयुमैकी आमा बम्हुनी भन्ने मोहनमायाको ल्याप्चे छापसँग दाबीको जग्गाको फिल्डबुकको जोताहाको महलमा लागेको ल्याप्चे छाप मिलेको र प्रत्यर्थी मोहनमाया व्यञ्जनकारको औँठाछापसँग मिलेको नदेखिएको तथा निज प्रत्यर्थीले आफू दाबीको जग्गाको मोही भएको कुरा प्रमाणद्वारा पुष्टि गर्न नसकेको अवस्थामा निज प्रत्यर्थी दाबीको जग्गाको मोही देखिएको भनी मोही नामसारी गरिपाउँ भन्ने वादीको दाबी खारेज हुने ठहर्‍याएको सुरू भूमिसुधार कार्यालयको निर्णय सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला सदर हुने गरी यस अदालत संयुक्त इजलासका माननीय न्यायाधीश श्री तर्कराज भट्टले व्यक्त गर्नुभएको रायसँग सहमत हुन नसकिने।

माथि विवेचित आधार कारणबाट यी पुनरावेदिका वादी तुयुमैकी आमा मोहनमाया भन्ने बम्हुनी व्यञ्जनकार दाबीको कि.नं. १५६ जग्गाको मोही भएको कुरा पुष्टी हुन आएको देखिँदा उक्त जग्गाको मोही हक नामसारी गरिपाउँ भन्ने वादी दाबी खारेज हुने ठहर्‍याएको सुरू भूमिसुधार कार्यालय, काठमाडौंको मिति २०६१।९।६ को निर्णय सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६३।६।३० को फैसला मिलेको नदेखिँदा उल्टी गरी यी पुनरावेदिका वादी तुयुमै व्यञ्जनकारका नाममा दाबीको उक्त कि.नं. १५६ को जग्गाको मोहीहक नामसारी हुने गरी यस अदालत संयुक्त इजलासका माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाहले व्यक्त गर्नुभएको राय मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०७२ साल माघ १४ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६८-DF-००१०, ००११, मोही लगत कट्टा, *गोपाललाल अमात्य वि. आशामाया व्यञ्जनकारसमेत, रमेशकाजी यंगोल श्रेष्ठ वि. मोहनमायाँ व्यञ्जनकार*
- ०६८-DF-००१२, ००१३, मोही प्रमाणपत्र पाउँ, *गोपाललाल अमात्यसमेत वि. आशामाया व्यञ्जनकार, रमेशकाजी यंगोल श्रेष्ठ वि. मोहनमाया व्यञ्जनकारसमेत*

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-DF-०००४, खिचोला मेटाई हक कायम दर्ता नामसारी, *अङ्गद हरिजनसमेत वि. पार्वती चमार*

निवेदक प्रतिवादी श्यामजित चमारलाई मुद्दामा प्रतिरक्षार्थ तारेखमा राख्नेमा २०६७।७।१९ देखिको तारेख गुजारी थमाउने म्यादसमेत कानूनबमोजिम थाम्ने गरी बसेको देखिएको र दोहोर्‍याई पाउँ भन्ने निवेदन गर्ने पक्षले नै तारेख गुजारी बसेमा त्यसरी तारेख गुजारी बसेका निवेदनमा कारवाही गर्न नपरी त्यस्ता निवेदन तामेलीमा रहने स्थितिमा पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।७।१६ मा भएको फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) को अवस्था विद्यमान रहेको नदेखिँदा मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गर्न मिलेन भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०६७।४।१६ मा भएको आदेशमा कुनै कानूनी त्रुटिसमेत विद्यमान रहेको नदेखिने।

इति संवत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम्।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CI-०८२५, उत्प्रेषण/परमादेश, *कृष्णबहादुर बस्नेत वि. राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालय, रामशाहपथ, काठमाडौंसमेत*

पुनरावेदकको जेठी श्रीमती लिलादेवी बस्नेतले दायर गरेको अंश मुद्दामा मिति २०६५।११।१८ मा पेन्सनसमेतमा दाबी नगर्ने गरी वादी दाबी छोडी मिलापत्र गरेको देखिन्छ। पुनरावेदक सेवा निवृत्त भएको समयमा दोस्रो विवाह गरेको देखिँदैन । सेवा निवृत्त भएपछि विवाह गरेमा त्यस अवस्थामा पति वा पत्नीले पाउने छैन भन्ने व्यवस्था छ । मिति २०४९।३।१८ देखि स्वेच्छिक अवकाश लिई सेवा निवृत्त भएपछि मिति २०५२।११।१८ मा विवाह गरेको देखिन्छ। इच्छाइएको व्यक्तिमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गरिनु भनेको सेवा निवृत्त कर्मचारीको मृत्यु भएपछि इच्छाइएको व्यक्तिले सामाजिक सुरक्षा बापतको सुविधा लिन पाउनु हो । जबकी राष्ट्रिय वाणिज्य बैंक कर्मचारी विनियमावली, २०६१ को विनियम ५९(३) को प्रतिबन्धात्मक वाक्यांशले सेवा निवृत्त भएपछि विवाह गरेमा त्यस्तो सुविधा नपाउने गरी सीमा तोकिदिएको देखिँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।६।१० मा रिट निवेदन खारेज हुने ठहर्‍याई गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन १० गते रोज १ शुभम्।

२

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CI-०८७३, परमादेश, *ललितनारायण ठाकुरसमेत वि. ब्रजकिशोर पण्डित*

प्रत्यर्थी निवेदकले आफूले पाउनु पर्ने पारिश्रमिक, बोनस, इन्सेन्टिभ र दशैँ खर्चबापत समेतको रकम माग गरी प्रतिष्ठानमा दिएको निवेदनको बोधार्थ विपक्षी श्रम कार्यालय मोरङलाई दिएको तथ्यमा विवाद छैन। सो कार्यालयले पेस गरेको लिखित जवाफको अध्ययन गर्दा श्रम विवादका सम्बन्धमा सम्बन्धित उद्योग व्यवस्थापन र निवेदक दुबै पक्षलाई राखी छलफल गर्न पत्राचार गरी बोलाएकोमा निवेदक स्वयम् वार्तामा उपस्थित नभएका कारण विवाद समाधान हुन नसकेको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । निवेदक स्वयं वार्तामा उपस्थित नभएको भन्ने व्यहोरा उल्लेख गर्नु मात्रले श्रम ऐन, २०४८ को उद्देश्य पूरा हुन सक्दैन। विपक्षी श्रम कार्यालय मोरङले वार्ताको लागि पुनरावेदक व्यवस्थापकलाई उपस्थित हुने बारेको पत्राचार गरेको देखिन्छ भने निवेदकलाई पत्राचार गरेको देखिँदैन। पुनरावेदकहरूलाई पत्राचार गरेको भए तापनि उपस्थित भएको देखिँदैन । श्रम ऐन, २०४८ विभिन्न क्षेत्रका प्रतिष्ठानहरूमा काम गर्ने कामदार तथा कर्मचारीहरूको हकहित सुविधा र सुरक्षाको व्यवस्था गरी श्रम सम्बन्धमा समायोजित व्यवस्था गर्न बनेको तथ्यमा विवाद नहुने।

पुनरावेदक प्रतिष्ठानले पुनरावेदन पत्रमा सम्झौता पत्रको दफा ५.१ बमोजिम सम्पूर्ण रकम पाइसकेको हुँदा पुनरावेदन अदालतको आदेश बदर हुन माग गरेको देखिन्छ । पुनरावेदन अदालतबाट दाबीको रकम तिर्नु बुझाउनु पर्ने ठहरी फैसला भएको देखिँदैन । केबल निवेदन मागबमोजिमको निवेदकले पुनरावेदक प्रतिष्ठानमा पठाएको निवेदनको बोधार्थ र मिति २०६८।३।३१ मा श्रम कार्यालय, मोरङमा दर्ता भएको निवेदनहरूमा आवश्यक कारवाही गर्नको लागि मात्र आदेश भएको देखिन्छ। आफ्नो प्रतिष्ठानमा पहिले काम गर्ने कामदारले पाउनुपर्ने तलब, भत्ता सुविधा पाउँ भनी लिखित निवेदन दिएपछि त्यसउपर कुनै सुनुवाई

नगर्नु प्रतिष्ठानको लागि शोभनीय कुरा होइन। तसर्थ, निवेदकले पुनरावेदक प्रतिष्ठानलाई दिएको निवेदनको बोधार्थ मिति २०६८।१।१२ मा र मिति २०६८।३।२१ मा हुलाकमार्फत पठाएको निवेदन श्रम कार्यालय मोरङमा दर्ता भएकोले ती बोधार्थ पत्र र निवेदनका सम्बन्धमा आवश्यक कारवाही गर्नु भनी पुनरावेदन अदालतबाट भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर : गिता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन १० गते रोज १ शुभम्।

३

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०७८३, निषेधाज्ञा, *मेवालाल भुजुवा वि. नेपाल विद्युत् प्राधिकरण, नेपालगन्ज वितरण केन्द्रसमेत*

प्रत्यर्थी नेपाल विद्युत् प्राधिकरणबाट पुनरावेदकको घरमा ग्राहक नम्बर ३-१७-८४ (६०००६०१९५) उल्लेख भएको विद्युत् लाइन जडान गरेको भन्ने  कुरा मिसिल संलग्न रहेको विद्युत् महसुल तिरेको सङ्केत कोडको प्रतिलिपिबाट देखिन्छ । उक्त विद्युत् लाइन सोही प्राधिकरणबाट काटिन लागेको आशङ्का देखाई निवेदन गरेको देखिन्छ । वस्तुत : निषेधाज्ञा नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत कुनै नागरिकको हकमा अर्को व्यक्तिद्वारा आघात पर्ने आशङ्काको स्थिति भएकोमा सोही ऐनको दफा १७(२) बमोजिम हुने आशङ्का भएको कार्य रोकी पहिले जुन अवस्थामा थियो, सोही अवस्थामा रहन दिन अदालतद्वारा जारी गरिने आदेश हो। विवादित विषयमा निषेधाज्ञा जारी नहुने।

प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा निवेदकले घर बनाएको जग्गा घरबास मिन्हाको भई निरन्तर भोगमा रहेको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ भने विपक्षी हनिफ हलुवाईको लिखित जवाफबाट निवेदक सो जग्गा र घरमा भाडामा बसेको भन्ने देखिन्छ । त्यही जग्गा र घरको स्वामित्वको विषयसमेतमा बाँके जिल्ला अदालतमा जालसाजी र बहाल दिलाई घर खाली गराइ पाउँ भन्नेलगायतका मुद्दाहरू दायर भई ती मुद्दाहरू विचाराधीन अवस्थामा रहेका छन् भन्ने कुरा पुनरावेदक आफैँले स्वीकार गरी पुनरावेदन पत्रमा उल्लेख गरेको देखिन्छ। यसप्रकार विद्युत् लाइन जडान भएको घरको स्वामित्वको विषयमा मुद्दा चलिरहेको प्रस्ट देखिन आयो । निवेदकले विद्युत् प्राधिकरणले विद्युत् लाइन काट्ने आशङ्का गरेको भए तापनि सो प्राधिकरणले विद्युत् लाइन हाल नकाटेको र अदालतमा विचाराधीन मुद्दामा प्रतिकूल असर पार्ने गरी पछि पनि कुनै पनि काम कारवाही नगर्ने प्रतिवद्धता देखाएको यस अवस्थामा कानूनतः निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०७८४, निषेधाज्ञा, *रामगोपाल थारू वि. निरूदेवी मेचेसमेत*

प्रस्तुत विवादमा पुनरावेदकले कि.नं.२९४ को जग्गा अंशबन्डाबाट प्राप्त भई मेरो निर्विवाद हक भोग तिरो भएको जग्गा हो। सो जग्गामा प्रत्यर्थीहरूले घर बनाउन जग समेत खनेको हुँदा निषेधाज्ञाको आदेशले निषेध गरी पाउन माग गरेको भए तापनि प्रत्यर्थीहरूको लिखित जवाफबाट सो विवादित जग्गामा पुनरावेदकको निर्विवाद हक भएको भन्ने तथ्य देखिएको छैन। यी पुनरावेदक वादी र प्रत्यर्थी निरूदेवी मेचे प्रतिवादी भई बाँके जिल्ला अदालतमा सोही कि.नं. २९४ को जग्गा विषयमा जग्गा खिचोला मुद्दा चलेको देखिन्छ। उक्त मुद्दामा ०-०-६१/२ जग्गामध्ये ०-०-३ धुर जग्गा प्रत्यर्थीहरूले खिचोला गरेको ठहरी मिति २०६७।८।२८ मा फैसला भएको देखिए तापनि

उक्त फैसला पुनरावेदन अदालत, नेपालगन्जबाट उल्टी भई सोउपर यिनै पुनरावेदकको यस अदालतमा पुनरावेदन परी मुद्दा कारवाहीयुक्त अवस्थामा रहेको भन्ने कुरा पुनरावेदन लेखबाट देखिँदा सो मुद्दामा यस अदालतबाट हुने फैसलाबमोजिम हुने नै हुँदा विवादित जग्गामा पुनरावेदकको एकलौटी हक भोग रहेको देखिएन। निर्विवाद हकभोगको अभावमा निषेधाज्ञाको आदेश जारी नहुनेसमेतका आधार र कारणबाट पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६९।११।२३ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०७८५, उत्प्रेषण / निषेधाज्ञा / परमादेश, *झ्यापी पौडेलको वारेस भई आफ्नो हकमासमेत केशवराज पौडेल वि. कृषि विकास बैंक, शाखा कार्यालय, गुलरियासमेत*

प्रत्यर्थी बैंक कानूनबमोजिम स्थापना भएको हो । प्रत्यर्थी बैंकले कानूनबमोजिम आफ्नो कार्य सम्पादन गर्नुपर्ने हुन्छ भने बैंकबाट लिएको ऋण भाखाभित्र कानूनबमोजिम तिर्नु बुझाउनु पर्ने कानूनी दायित्व पुनरावेदकहरूको पनि हो । मिसिल संलग्न रसिदबाट पुनरावेदकहरूले लिएको कर्जामध्येबाट रू.९५,०००।– रूपैयाँ मिति २०६८।४।२ मा प्रत्यर्थी कृषि विकास बैंक, गुलरिया शाखालाई बुझाएको देखिन्छ। त्यसपछिको सो कर्जा कारोबारको सम्बन्धमा सावाँ रू.१,३५,४५२।–, ब्याज रू.२,२८,४४३।- र अन्य ४,४५९।– समेत गरी २०७० आषाढ मसान्तसम्मको पुनरावेदकहरूले रू.३,६८,३५४।– तिर्न बुझाउन बाँकी रहेको कुरा लिखित जवाफबाट देखिन्छ । पुनरावेदकहरूले द्वन्द्वबाट प्रभावित भएको कारण कर्जा रकम मिनाहा हुनुपर्दछ । धितोको जग्गा लिलाम गर्न मिल्दैन भन्ने व्यहोराले जिकिर लिएको भए तापनि कर्जा लिएको रकम असुलउपर गर्न बैंकले कानूनी प्रक्रिया अवलम्बन नगरी बस्न मिल्दैन । बैंकबाट लिएको कर्जा रकम व्यवसाय घाटामा गएको कारण वा कुनै कार्यालयको प्रमाणित सिफारिसको आधारमा मात्र मिनाहा गर्न नमिल्ने।

कर्जा रकममा दिने सहुलितसम्बन्धमा प्रत्यर्थी कृषि विकास बैंक, गुलरिया शाखाले पहिलोपटक आकर्षक ब्याज छुटको व्यवस्था भएको भनी मिति २०६८।१।२० मा र दोस्रो पटक साँवा र ब्याज चुक्ता गरेमा ब्याज छुट दिने भनी मिति २०७०।१।९ मा पुनरावेदकहरूलाई पत्राचार गरेको देखिन्छ । बैंकले ब्याजको छुट दिएको समयमा तिर्न बुझाउन नगई सावाँ रकमसमेत मिनाहा माग गर्नु शोभनीय कुरा होइन । सावाँ रकमसमेत मिनाहा गर्ने राज्यको नीति नभएको अवस्थामा आफ्नो कर्जा उठाउन ऋणीले धितो राखेको जग्गा लिलाम प्रक्रिया अगाडी बढाउनु प्रत्यर्थी बैंकको कानूनी काम, कर्तव्य र दायित्व हुने।

पुनरावेदक केशवराज पौडेलले प्रत्यर्थी बैंकलाई सम्बोधन गरी दिएको मिति २०६८।१०।१९ को निवेदन हेर्दा कर्जा रकमको भुक्तानी गर्ने भाखा नाघेको हुँदा २०६८ फाल्गुन मसान्तभित्र ऋण चुक्ता गर्नेछु चुक्ता नगरेमा धितोको जग्गा लिलामी कारवाही गरी असुलउपर गरेमा मञ्जुर छ भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । त्यस समयमा पुनरावेदकलाई मागबमोजिमको म्याद थप भएको देखिन्छ । आफूले म्याद मागी म्याद थप भएपछि पनि सो समयमा कर्जा रकम नतिरे पछि प्रत्यर्थी बैंकले लिलामी प्रक्रियाको प्रारम्भ गरेको देखिने।

पहिलो पटक मिति २०७०।३।२७ मा लिलाम गर्ने भनी मिति २०७०।२।२१ मा पत्रिकामा सूचना प्रकाशन भएपछि पुनरावेदक केशवराज पौडेलले उक्त मितिमा हुने लिलामी रोकी पाउन निवेदन दिएको र सोबमोजिम धितो लिलामीको अर्को सूचना प्रकाशन

गर्न नपर्ने गरी मिति २०७०।७।१ गते धितो लिलाम गर्ने गरी मिति २०७०।३।२७ को लिलामी कारवाही स्थगित भएको कुरा जिल्लास्तरीय धितो लिलाम बढाबढको बैठकको निर्णय नं. ४ बाट देखिन्छ । पुनरावेदकले मिति २०७०।३।२७ गते लिलाम गर्ने कार्यसमेत बदर माग गरेकोमा सो कार्य स्थगित भई लिलामको प्रक्रिया नै स्थगित भएको देखिँदा उक्त सूचनासमेत बदर गरी रहन पर्ने नदेखिँदा पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०७०।५।२६ मा भएको फैसला (आदेश) मा कानूनको त्रुटि नदेखिँदा सदर हुने ।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०७६२, निषेधाज्ञा, *सकुल साई वि. राजेशकुमार बर्मासमेत*

प्रस्तुत विवादमा पुनरावेदिकाले आफूले मिति २०६०।३।३१ मा भएको फैसला कार्यान्वयन नहुँदै सुकुम्वासी समस्या समाधान आयोगबाट जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको भनी फैसला कार्यान्वयन नहुनु पर्ने जिकिर लिएको भए तापनि कि.नं. १०३ को जग्गामा बनेको घर फैसलाबमोजिम राजेशकुमार बर्मालाई चलन पुर्जी दिएको देखिन्छ । सो चलन पुर्जी हटक गरेउपर पुनरावेदिकाको पति जलिल साईलाई मिति २०६९।१।२९ को आदेशले रू.२००।– जरिवाना गरी दोस्रो पटक मिति २०७०।२।२२ मा पुनः विपक्षी वादीलाई चलन चलाई दिएको भन्ने कुरा जिल्ला अदालतको लिखित जवाफबाट देखिन्छ । यसरी कि.नं. १०३ को जग्गा संवत् २०५८ सालको दे.नं. १५२६ को मुद्दाबाट निवेदिकाका पतिसमेतले खिचोला गरेको ठहरी फैसला भएको र फैसलाबमोजिम खिचोला मेटाई चलन चलाउने कार्य सम्पन्न भइसकेको देखिँदा पुनरावेदन अदालत, नेपालगन्जको मिति २०७०।३।१९ को फैसला सदर हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर : गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम् ।

७

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०७९३, निषेधाज्ञा, *नरहरि उप्रेती वि. जिल्ला प्रशासन कार्यालय, पाँचथरसमेत*

सुपथ मूल्यका सहकारी पसल सञ्चालन गर्ने सहकारी संस्थाले सहकारी ऐन, २०४८ नियमावली, २०४९, सुपथ मूल्यका सहकारी पसल सञ्चालनसम्बन्धी नियमावली, २०६५ को कानूनी व्यवस्था र सहकारी विभागसमेतले दिएको निर्देशन पालना गर्नुपर्ने तथ्यमा विवाद छैन । यी पुनरावेदकले पाँचथर जिल्लाको भारपा गा.वि.स. मा सुपथ मूल्यको पसल सञ्चालन गर्ने गरी कामना श्री कृषि सहकारी संस्था लिमिटेडको तर्फबाट जिल्ला व्यवस्थापन तथा अनुगमन समितिसँग मिति २०६६।३।१२ मा सम्झौता गरी एक लाख रूपैयाँ अनुदान लिई सुपथ मूल्य पसल सञ्चालन गरेको देखिन्छ । उक्त सम्झौताको सर्त नं. ७ मा सुपथ मूल्यका पसल सञ्चालकले नेपाल सरकारबाट प्राप्त अनुदान रकमको हिनामिना वा दुरूपयोग गरेमा नेपाल सरकारले सम्बन्धित सहकारी संस्थाका सञ्चालकहरूबाट सरकारी बाँकीसरह असुलउपर गर्न सक्नेछ भन्ने उल्लेख भएको छ भने सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४०(२) ले सोको निरीक्षण गर्ने अधिकार जिल्लास्थित प्रमुख जिल्ला अधिकारीलाई दिएको देखिने ।

अनुदानमा सञ्चालित सुपथ मूल्य पसलहरूको निरीक्षण गर्ने अधिकार पाएको प्रमुख जिल्ला अधिकारीले सुपथ मूल्य पसल सञ्चालन गर्ने संस्थाले ऐन, नियम र निर्देशनविपरीत कार्य

गरेमा त्यसको निरीक्षण गरी अनियमितता गरेको समेत देखिएमा सो रोक्न पहल नगर्दा सरकारी रकम दुरूपयोग हुनसक्छ । त्यसै क्रममा प्रत्यर्थी प्रमुख जिल्ला अधिकारीले पुनरावेदक अध्यक्ष रहेको कामना श्री कृषि सहकारी संस्थाको विवरण पेस गर्न लगाई पेस भएका वित्तीय विवरणबाट कृषिजन्य वस्तुको बिक्री र अन्य आय एवम् कृषिजन्य खरिद महलमा शून्य कारोबार देखिएको अतिरिक्त सम्झौताको दफा ७ लाई पुनरावेदकले स्वीकार गरी मिति २०६६।३।१२ मा हस्ताक्षर गरेको देखिएको समेतका आधार र कारणबाट पुनरावेदन अदालत, इलामको मिति २०७०।१।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गिता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन ११ गते रोज २ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७०-WO-०३४६, उत्प्रेषण / परमादेश, *भोगेन्द्रराज डोटेलसमेत वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत*

प्रथम पटकको विज्ञापनलाई समावेशी सिद्धान्तबमोजिम नभएको भनी यस अदालतबाट नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को चौथो संशोधन (अध्यादेश), २०६९ को दफा ८(५) बमोजिम विवादको पदमा समावेशी सिद्धान्तबमोजिम पुनः विज्ञापन गर्नू भनी आदेश भएपश्चात् स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट सो पद रिक्त रहेको भनी लोक सेवा आयोगमा आकृति फाराम पठाएको र लोक सेवा आयोगले संशोधित ऐनमा भएको व्यवस्थाबमोजिम प्रतिशत सूत्र निर्धारण गरी सबैभन्दा बढी भार रहेको कार्यक्षमता मूल्याङ्कनबाट पदपूर्ति गर्नको लागि सूचना नं. ३२४/०७०/७१ को सूचनाको सि.नं. २९ बढुवा सूचना नं. १३७/०७०/०७१ को नयाँ विज्ञापन प्रकाशित गरेकोमा उक्त नयाँ विज्ञापनलाई ऐन संशोधनपूर्व भएको विज्ञापनको निरन्तरता हो भन्ने निवेदकको निवेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा भएको संशोधित नयाँ व्यवस्थाबमोजिम विपक्षीमध्ये लोक सेवा आयोगबाट विधि र प्रक्रिया पुरा गरी विज्ञापन प्रकाशित गरिएको देखिँदा विपक्षीहरूको उक्त कार्यबाट रिट निवेदकले निवेदनमा लिएको जिकिरबमोजिम निजहरूको संविधानप्रदत्त हक अधिकारमा आघात पारेको देखिन नआउने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर : टेकबहादुर खड्का

इति संवत् २०७२ साल पुस ५ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-००३२, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. विष्णुकुमार राई*

वैदेशिक रोजगारको सिलसिलामा कतार मुलुकमा गाइड लाइन कन्सल्टेन्सी मेनपावरमार्फतबाट पठाइ दिन्छौं भनी हामीसँग रकम लिई विपक्षी हिङकुमार राईले रोजगारी दिलाइदिन्छौं भनी विभिन्न किसिमको प्रलोभन र झुट्टा आश्वासन देखाई हालसम्म पनि नपठाई मिति सारी विपक्षी लुकिछिपी फरार भई सम्पर्कमा पनि नआएकोले निज विपक्षीले हाम्रो रकम ठगी खाने नियत गरेकोले निज विपक्षीलाई विभागबाट पक्राउ गरी हाम्रो सो साँवा रकम र सो रकमको क्षतिपूर्तिबापत ५० प्रतिशत हर्जानासमेत दिलाई भराई निज विपक्षीलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिम हदैसम्मको सजाय गरिपाउँ भनी जाहेरी दरखास्तमा उल्लेख भएबाट प्रतिवादी विष्णुकुमार

राईको सम्बन्धमा जाहेरी दरखास्तमा कहीँकतै उल्लेख गरेको देखिँदैन । प्रतिवादी हिङकुमार राईले मैले जाहेरवालाहरूसँग गाइड लाइन कन्सल्टेन्सीमार्फत विदेश पठाउन भनी रू.१,२२,५००।- लिएको होइन । पैसा उक्त गाइड लाइन कन्सल्टेन्सी मेनपावरमा काम गर्ने विष्णुकुमार राईले लिएको हो । म र विष्णुकुमार राईसँगै बस्ने गरेको हुँदा मलाई समातेर जबरजस्ती तबरसँग जाहेरवालाहरू र मैले नचिनेका अन्य मानिसहरू समेत भई कपनको होटलमा लगी असारको १० गते कागज गराएका हुन् भनी बयान गरेको देखिन्छ । प्रतिवादी विष्णुकुमार राईलाई सुरूमा जाहेरवालाहरूले जाहेरी नदिएका र जाहेरवालाको अदालतमा भएको बकपत्रमा समेत प्रतिवादी हिङकुमार राईले वैदेशिक रोजगारमा कतारमा काम लगाई दिने भनेर रकम लिएको भनी स्पष्टसँग उल्लेख गरेको पाइन्छ । प्रतिवादी हिङकुमार राई विरूद्ध मात्र जाहेरी परेकोमा निजले अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा उक्त रकम विष्णुकुमार राईले लिएका हुन् भनी बयान दिएकाले प्रतिवादी विष्णुकुमार राईका हकमा समेत अनुसन्धान भई अभियोग पत्र पेस भएको देखिएको र अन्य स्वतन्त्र प्रमाणबाट निजको सो कार्यमा संलग्नता पुष्टि भएको नदेखिने ।

प्रभातकुमार कुशवाहा विरूद्ध प्रहरी प्रतिवेदन जाहेरीले नेपाल सरकार भएको मुद्दामा फौजदारी कसुर जस्तो गम्भीर किसिमको अपराधमा तथ्ययुक्त एवम् ठोस सबुद प्रमाणको आधारमा मात्र कसुरदार कायम गर्नुपर्ने हुन्छ । तथ्ययुक्त एवम् ठोस सबुद प्रमाणको अभावमा सहअभियुक्तले पोल गर्ने र सो पुष्टि नभएको र केवल हचुवाको आधारमा अभियोग लगाउने पक्षले अभियोग लगाएकै भरमा मात्र कसुदार कायम गर्नु फौजदारी न्यायको सिद्धान्तको मर्म र भावनाविपरीत हुने भनी *ने.का.प.* २०७१ अंक १० नि.नं. ९२६८ मा यस अदालतबाट सिद्धान्त प्रतिपादनसमेत भएको छ। यस आधारसमेतबाट प्रतिवादी विष्णुकुमार राईलाई प्रतिवादी हिङकुमार राईले पोल गरी बयान गरेको आधारमा मात्र कसुरदार ठहर्‍याउन मिल्ने देखिन नआएकोले प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार भनी मान्न मिल्ने नदेखिने हुँदा प्रतिवादी विष्णुकुमार राईको पीडीतहरूलाई वैदेशिक रोजगारमा पठाउने कार्यमा कुनै संलग्नता देखिन नआएकोले निज प्रतिवादीलाई सफाइ हुने ठहरी मिति २०६७।१०।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CI-००२३५, निषेधाज्ञा, *हिरादेवी सिंह श्रेष्ठ वि. प्रेमप्रसाद आचार्य*

पुनरावेदन अदालत, पाटनको आदेशबमोजिम तयार भई मिसिल सामेल रहेको मिति २०६७।९।२७ को नक्सा मुचुल्कामा यी पुनरावेदक रोहबरमा बसी उक्त नक्सासम्बन्धमा कुनै विरोध नजनाएको तथा पछि अदालतमा बेरीतको नक्सा भयो भनी उजुरसमेत नगरी स्वीकार गरी बसेको देखिन्छ । यसरी अदालतको आदेशबाट तयार भई मिसिल सामेल हुन आएको उक्त नक्सालाई हाल आएर यहीरूपमा तयार नभएको भनी जिकिर लिए तापनि सोलाई पुनरावेदकले अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा उक्त नक्सालाई कानूनबमोजिमकै मान्नुपर्ने हुँदा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, पाटनबाट निषेधाज्ञाको आदेश जारी हुन नसक्ने गरी भएको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-१३८५, निषेधाज्ञा, *राधा थापासमेत वि. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डसमेत*

सामान्यत: कुनै कार्य गर्नबाट निषेध गर्ने प्रयोजनार्थ निषेधाज्ञा जारी गर्ने गरिन्छ । यो मुद्दाको कारवाही नटुङ्गिएसम्म विवादित वस्तुलाई यथास्थिमा राख्ने उपचारको बाटो हो । प्रस्तुत मुद्दामा पुनरावेदकले आफ्नो पुनरावेदनमा विवादको जग्गा प्रत्यर्थीमध्येका मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंका मुख्य मालपोत अधिकृत चन्द्रमान श्रेष्ठले अर्का प्रत्यर्थीमध्येकै नेपाल खानेपानी संस्थान, केन्द्रीय कार्यालय, त्रिपुरेश्वरको नाममा हा.सा. गरिदिने आशङ्का रहेको भन्ने जिकिर लिएकोमा विवादको जग्गालाई यिनै पक्ष विपक्षी भएको जग्गा खिचोला मुद्दाको रोहबाट काठमाडौं जिल्ला अदालतबाट मुलुकी ऐन, अ.बं. १७१क नं. बमोजिम भएको आदेशबाट यथास्थितिमा रहे भएको अवस्थामा तल्लो अदालतमा विचाराधिन अवस्थामा रहेको मुद्दामा हस्तक्षेप गरी विवादको जग्गालाई प्रस्तुत मुद्दाको रोहबाट पुनः यथास्थितिमा राख्नु पर्ने औचित्यता र सान्दर्भिकता नरहेको देखिँदा पुनरावेदन अदालत, पाटनबाट निषेधाज्ञाको आदेश जारी नहुने गरी भएको अन्तिम आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः अर्जुनप्रसाद कोइराला

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CI-१६९१, हक कायम घर खिचोला चलन, *देवलाल महरासमेत वि. सीता महरा चमार*

अंश मुद्दामा भएको फैसलाअनुसार तायदातीमा उल्लेख भएकै सम्पत्तिबाट अंश पाउने भई अंश मुद्दामा पेस भएको तायदातीमा र बन्डा छुट्याई पाउँ भन्ने निवेदन व्यहोरामा फुसको छाना भएको पूर्वपश्चिम मुखको घर २ भन्ने उल्लेख भएको देखिन्छ । जसमध्ये तायदातीमा उल्लेख भएको २ थान घरमध्ये पश्चिम मुखको घर यी विपक्षी वादी सीता महरा चमारले अंश पाएको देखिन्छ । ऐलानी घडेरी जग्गाको कित्ताफोड हुने र दर्ता पनि हुन नसक्ने हुँदा कि.नं. उल्लेख नभएकै कारणले फैसलाबाट प्राप्त वादीको हकलाई कुण्ठित पार्नु मनासिब देखिन नआउने ।

कुनै घरजग्गा वा सम्पत्तिउपर स्वामित्व हुने व्यक्तिले सो घरजग्गा वा सम्पत्ति कानूनअनुसार निर्वाधरूपमा भोगचलन गर्न पाउँछ । त्यस्तो घरजग्गा वा सम्पत्तिमा अरू कसैले आफ्नो भोगाधिकार वा अरू कुनै किसिमको हक रहेको भनी दाबी लिएमा सो कुरा ठोस प्रमाणले पुष्टि हुनुपर्छ । मुलुकी ऐन, २०२० को जग्गा मिच्नेको महलको १ नं. लाई हेर्दा "एकाको हकको जग्गा अर्काले चापी मिची घुसाई खान र सरकारी जग्गा तिरो नगरी कुनै तवरले दबाई आफूले खान र अर्कालाई खुवाउनसमेत हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थासमेतको आधारमा यी वादी सीता महरा चमारले अन्तिम भएर रहेको अंश मुद्दाबाट पाएको आफ्नो अंश हकमा प्रतिवादीहरूले मिची घुसाई खिचोला गर्न मिल्ने देखिन नआउने ।

उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा कि.नं. ३९९ को ज.वि. ०-१-१० मध्ये उत्तरतर्फ ०-०-१५ जग्गा विपक्षी वादीले पाएको कुरा तायदातीमा उल्लेख व्यहोरा एवम् बन्डा मुचुल्काबाट देखिएकोले यस्तो स्थिति र अवस्थामा विवादित घरजग्गा वादीको भन्ने देखिन आएको हुँदा दाबीअनुसार खिचोला गरेको ठहर्‍याउनु पर्नेमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू रौतहट जिल्ला अदालतको मिति २०६६।११।१२ को फैसला उल्टी गरी दाबीबमोजिम खिचोला ठहर गरेकोसमेत व्यहोराबाट भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।११।१५ को फैसला मिलेकै देखिँदा सदर हुने

ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।
इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर: गीता घिमिरे
इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०१७५, डाँका, *नेपाल सरकार वि. बलबहादुर लुङ्गेली मगर*

डाँकाको वारदात स्थापित हुन आवश्यक पर्ने चार जनाभन्दा बढी अपराधीहरू रहे भएको देखिन नआएको हुँदा डाँकाको वारदात स्थापित हुनसक्ने अवस्था देखिँदैन । प्रतिवादीहरूले चोरी गर्दा प्रहरीको पोशाक लगाएर गई हातहतियार देखाइ डरत्रासमा पारी चोरी गरेको भन्ने देखिन्छ । डाँकाको वारदात कायम हुनको लागि चोरीको महलको ६ नं. ले निर्धारण गरेको अवस्थाको विद्यमानता हुन पर्नेमा सो नदेखिएकोले डाँकाको वारदात कायम हुनसक्ने देखिएन । यस अदालतबाट श्री ५ को सरकार विरूद्ध विसुनी महत्तो धानुकसमेत भएको डाँका मुद्दामा प्रतिवादीहरू विसुनी महतो र पुण्य देव शंकर महराबाहेकका अन्य प्रतिवादीहरूको जाहेरवालीको घरमा भएको मिति २०४५।३।९ गतेको वारदातमा संलग्नता नदेखिएपछि मुलुकी ऐन, चोरीको महलको ६ नं. ले गरेको व्यवस्थाअनुरूप ५ वा सोभन्दा बढी व्यक्तिको जमात भई जाहेरवालाको घरमा वारदात गरेको नदेखिएकोले डाकाको वारदातको संज्ञा दिन मिल्ने देखिन आएन । ५ भन्दा घटी ३ जना प्रतिवादीको मात्र संलग्नता रहेको अवस्था हुँदा जबर्जस्ती चोरीको वारदातको संज्ञा दिन मिल्ने नै देखिन्छ । अब माथि लेखिए बमोजिम जाहेरवालीको घरमा मिति ०४५।३।९ मा विसुनी महतोसमेतका ३ जना प्रतिवादीको संलग्नतामा जबर्जस्ती चोरीको वारदात भएको देखिएकोले ति प्रतिवादीहरूलाई पुनरावेदन अदालत, हेटौंडाले डाँकाको कसुर गरेको नठहर्‍याई चोरीको ४ नं. बमोजिम जबर्जस्ती चोरीको कसुर गरेको ठहर्‍याएको फैसला नमिलेको भन्न मिल्ने देखिन आएन । अभियोग दाबीबमोजिम डाँकाको वारदात कायम गरी सबै प्रतिवादीहरूलाई डाँकाको कसुरमा सजाय हुनुपर्ने भन्ने वादी श्री ५ को सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी *ने.का.प.* २०५६ *अङ्क* ८ निर्णय नं. ६७६७ मा सिद्धान्त प्रतिपादन भएको पाइने ।

प्रतिवादीहरूले प्रहरीको भेषमा हातहतियारसहित जाहेरवालाको घरमा प्रवेश गरी परिवारका सदस्यहरूलाई डरत्रासमा पारी धनमाल चोरी गरेको भन्ने देखिन आएको छ । चोरीको महलको ४ नं.मा चोरी गर्दा कुटपिट हातपात गरी वा बाँधी थिची वा उत्तिखेरै ज्यान लिने वा जिउ जखम वा अङ्गभङ्ग गर्ने डर त्रास गराई वा भित्र बसेको मानिस निस्कन नहुने गरी ढोका बन्द गरी चोरी गरेमा वा चोरी गरेको थाहा पाई मौकैमा वा दपेट्दै गई माल लिन वा चोर पक्रन खोज्दा चोरले माथि लेखिएबमोजिम जोरजुलुम गरेमा वा सोबमोजिम केही नगरे पनि नाबालकको जिउको धनमाल खोसी चोरी गरेकोमा जबर्जस्ती चोरी गरेको ठहर्छ भन्ने उल्लेख भएबाट प्रस्तुत मुद्दाको वारदात जबर्जस्ती चोरीको वारदात स्थापित हुन आएकोले पुनरावेदन जिकिरअनुसार डाँकाको वारदात स्थापित गरी प्रतिवादी बलबहादुर लुङ्गेलीलाई सजाय गर्न नमिल्ने हुँदा विवेचित आधार कारणहरू एवम् प्रतिपादित सिद्धान्तसमेतबाट उल्लिखित चोरीको घटना मुलुकी ऐन, चोरीको महलको ४ नं.को कसुर देखिन आएकोले मोरङ जिल्ला अदालतले चोरीको महलको १ र ६ नं.को कसुर ठहर गरी प्रतिवादी बलबहादुर लुङ्गेलीलाई ऐजन महलको १४(४) नं. बमोजिम ६ वर्ष कैद र बिगोको डेढी जरिवाना हुने गरी भएको फैसला पुनरावेदन अदालत, विराटनगरले केही उल्टी गरी चोरीको महलको ४ नं. बमोजिम जबर्जस्ती चोरीको कसुरमा प्रतिवादी बलबहादुर लुङ्गेली मगरलाई १ (एक) महिना १५(पन्ध्र) दिन कैद र

चोरीको महलको १४(२) नं. बमोजिम बिगो चोरी गरेको रू. १,५००।– को डेढी बढाई जरिवाना रू. २२५०।- र सोबापत कैद गर्दा ४ (चार) महिनासमेत जम्मा कैद ५ (पाँच) महिना १५ (पन्ध्र) दिन हुने ठहर्‍याई मिति २०६८।१२।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०४९९, हातहतियार खरखजाना, *नेपाल सरकार वि. सोविराम झाँक्री*

प्रत्यर्थी / प्रतिवादी सोविराम झाँक्रीसमेतलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) को कसुरमा ऐ.को दफा २०(२) (क) बमोजिम हदैसम्म सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेको देखिन्छ । जिल्ला प्रहरी कार्यालय, दाङका प्र. नि. बालकृष्ण पोखरेलको प्रतिवेदनबाट यी प्रत्यर्थी प्रतिवादीसमेत उपर प्रस्तुत हातहतियार खरखजानाको कारवाही उठेको देखिन्छ । उक्त प्रतिवेदनमा यी प्रत्यर्थीको नाम उल्लेख भएको नदेखिनुका अतिरिक्त प्रतिवादी प्रकाश पुनको डेराकोठाबाट नल कटुवा पेस्तोल एवम् ३०३ राइफलको गोली राउन्ड ३ थान बरामद गरिएको भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ। यी प्रत्यर्थीको सँगसाथबाट कुनै पनि अवैध हातहतियार बरामद भएको देखिएको छैन । दाबीमा उल्लिखित अवैध हातहतियार प्रतिवादी प्रकाश पुनको डेरा कोठाबाट बरामद भएको सुरू मिसिल संलग्न २०६३।५।२५ को बरामदी मुचुल्काको प्रतिलिपिबाट देखिएको छ । सहअभियुक्तहरू प्रकाश पुन मगर र कमल थापाले अनुसन्धान अधिकारीसमक्षको बयानमा यी प्रत्यर्थी सोविराम झाँक्रीले बोकेको नलकटुवा पेस्तोल २ वटामध्ये एकवटा प्रकाश पुनलाई र एकवटा आफैँ बोकेका थिए भनी उल्लेख गरे पनि सुरू कार्यालयसमक्षको बयानमा सो कुरा उल्लेख गर्न नसकी निज सहअभियुक्तले यी प्रत्यर्थीलाई नचिनेको नदेखेको भन्ने व्यहोरा लेखाएको देखिन्छ। निज प्रकाश पुन र कमल थापासमेत भई दाङ सतवरियाको जङ्गलमा यात्रु बस लुटपाट गरेको तथ्यलाई स्वीकार गरी उक्त बरामद भएको भनिएको नलकटुवा पेस्तोल आफूसँग बरामद नभएको, घटनापछि उक्त पेस्तोल प्रकाश पुनलाई नै फिर्ता दिएको भनी लुटपाटमा संलग्न रहेको तथ्यलाई स्वीकार गरे पनि हातहतियार रहेको तथ्यमा इन्कार रही बयान गरेको देखिन्छ । बरामद भएको हतियार यी प्रत्यर्थीबाट बरामद भएको तथा यिनैले उक्त हतियार पेस्तोल प्रतिवादीहरू प्रकाश पुन र कमल थापालाई दिएका रहेछन् भनी मान्न मिल्नेसम्मको कुनै पनि वस्तुनिष्ठ एवम् ठोस आधार प्रमाण वादीले प्रस्तुत गर्न सकेको देखिँदैन । कुनै व्यक्तिउपर कुनै कसुरको अभियोग लगाउँदैमा सो पर्याप्त हुँदैन। सो कसुर खम्बिर हुने वस्तुनिष्ठ एवम् ठोस आधार प्रमाण वादी पक्षले पेस गरेको हुनुपर्छ । प्रस्तुत मुद्दामा यी प्रत्यर्थीउपर लगाइएको कसुर प्रमाणित हुने कुनै वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस वा दाखेल गर्न सकेको अवस्था नदेखिँदा निजले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-११५२, उत्प्रेषण / परमादेश, *कान्छी बानियाँसमेत वि. चन्द्रमणि भुसालसमेत*

आश्रमले २०५८ सालदेखि मन्दिर बनाई भोग गरी आएको आश्रमको जग्गामा निवेदक नवराज बानियाँसमेतले शान्ति सुरक्षामा खलल पारेको कारणले आश्रमको तर्फबाट निवेदन पर्न आएकोमा छलफल गराई मिलापत्र भएको मिसिल संलग्न प्रमाणबाट

देखिन्छ। गैरकानूनीरूपमा लेनदेनको कागज गराउने तथा जग्गामा दाबी छोडाउने कुनै कागज गराएको छैन भन्ने लिखित जवाफको खण्डन हुने गरी यी निवेदकले कुनै भरपर्दो प्रमाण पेस गर्न सकेकोसमेत नदेखिँदा प्रस्तुत रिट निवेदन जारी गरिरहनु पर्ने नदेखिँदा उल्लिखित तथ्य, व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। निवेदकको निवेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : शकुन्तला कार्की

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७२ साल असार १७ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-WO-०६३५, उत्प्रेषण / परमादेश, *भैरव शमशेर थापा वि. बिमला थापासमेत*

वादी सुनिल शमशेर थापा प्रतिवादी रिट निवेदक भैरव शमशेर थापासमेत भएको अंश मुद्दामा यस अदालतको मिति २०६२।१।१४ एवम्। पुनरावेदन अदालत, पाटनको मिति २०६३।१२।२० को फैसलाबाट वादीले ४ भागको १ भाग अंश पाउने ठहरी उक्त फैसला अन्तिम भएकोले उक्त फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा वादीको निवेदन परी हाल कारवाहीयुक्त अवस्थामा रहेको भनी काठमाडौं जिल्ला अदालतको लिखित जवाफबाट देखिएको र काठमाडौं जिल्ला अदालतका तहसिलदारबाट मिति २०६७।२।११ मा भएको आदेश विरूद्ध यी रिट निवेदकले दिएको निवेदनउपर कार्वाही हुँदा सो आदेशलाई परिवर्तन गर्नु नपर्ने गरी पुनरावेदन अदालत, पाटनसमेतबाट मिति २०६७।९।१६ मा सदर भई अन्तिम आदेश भएको देखिन आएकोले फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदारबाट भएको आदेशउपर कानूनबमोजिम तहतहबाट आदेश सदर भइसकेको अवस्थामा पुनः सो तहसिलदारबाट भएको आदेश बदर गरिपाउँ भनी रिट क्षेत्रात्रिकारअन्तर्गत प्रवेश गर्न मिल्ने देखिएन। साथै यसमा निवेदकले शेषपछिको बकसपत्र लिखत बदर मुद्दामा कार्यान्वयनमा नआएको भन्ने तर्क कानूनसम्मत होइन। एकैसाथ चलेको लगाउको अंश मुद्दामा नै दण्ड सजायको ४६ नं. अनुसार चलन गर्न पाउने हुँदा सुरू र पुनरावेदन अदालतको आदेश कानूनविपरीत नहुँदा निवेदन मागबमोजिम आदेश जारी गर्नु नपर्ने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम्।

- यसै लगाउको ०६७-WO-०६३६, उत्प्रेषण / परमादेश, *भैरव शमशेर थापा वि. सुनिल शमशेर थापासमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०८९१, उत्प्रेषण, *भैरव सुस्मिता थापा वि. रमेशरन्जन थापा*

आफ्नो हकमा रहेको कि.नं. ४४८ र ४५१ मा पर्ने गरी नक्सा पास गरेको भनी जिकिर लिएकोमा निवेदक र विपक्षीबिच भएको मिलापत्रबमोजिम निवेदकको कि.नं. ४४८ र ४५१ र विपक्षी रमेश रन्जन थापाको कायम कि.नं. ४४७ र ४५० रहेकोमा दुवै पक्षको विवाद रहेको देखिँदैन। विपक्षी रमेश रन्जन थापाको नाममा रहेको कि.नं. ४५० मा मात्र आफूले नक्सा पास गरेको लिखित जवाफ उल्लेख गरेको र सो सम्बन्धमा काठमाडौं महानगरपालिकाको लिखित जवाफबाट समेत उल्लिखित कित्तामा घर निर्माण गर्न २०७१।०२।०५ मा इजाजतपत्र प्रदान गरेको कुरा उल्लेख गरेकोसमेत देखिएको छ। विपक्षीमध्ये रमेश रन्जन थापाले आफ्नो स्वामित्वमा रहेको जग्गामा अख्तियार प्राप्त निकायबाट नक्सा पास इजाजत लिई घर निर्माण गर्नसक्ने नै

स्थिति देखिएको अवस्थामा निवेदकले भनेबमोजिम आफ्नो जग्गामा पर्ने गरी नक्सा पास गरेको देखिन नआएकोले निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७२ साल साउन १९ गते रोज ३ शुभम्।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-०२९४, प्रतिषेध, *रामजी पन्त वि. वैजनाथ श्रेष्ठसमेत*

निवेदकले देवानी प्रकृतिको विवाद अदालतको क्षेत्राधिकारभित्र पर्ने हुँदा अदालतको अधिकारक्षेत्रलाई करारको विषयमा विपक्षी जिल्ला प्रशासन कार्यालय, ओखलढुंगामा उजुरी लिई निवेदकलाई पक्राउ गरी तारिखमा राखी सम्बन्धित विवाद सुनेको पुनः पक्राउ गरी थुनामा राख्ने प्रवल सम्भावना भएकोले प्रतिषेधलगायत आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर रहेकोमा निवेदकको विरूद्धमा वैजनाथ श्रेष्ठले शान्ति सुरक्षा कायम गरिपाउँ भनी दिएको निवेदनउपर छलफल गर्न भनी जिल्ला प्रहरी कार्यालय, ओखलढुंगामा पत्राचार भएकोसम्म हो। सो विषयलाई लिएर  निवेदकलाई पक्राउ गर्ने, धरपकड गर्ने, तारेखमा राख्ने सुन्नेसमेतका कुनै पनि क्रियाकलापमा संलग्न नभएको भनी शान्ति सुरक्षाको निवेदन दिएकोमा सो सम्बन्धमा छलफलको लागि मात्र निज निवेदकलाई झिकाइएको भनी जिल्ला प्रशासन, ओखलढुंगा र जिल्ला प्रहरी कार्यालय, ओखलढुंगाको लिखित जवाफबाट देखिएको छ।

निवेदकको विरूद्धमा वैजनाथ श्रेष्ठले शान्ति सुरक्षा कायम गरिपाउँ भनी दिएको निवेदनउपर छलफल गर्न भनी जिल्ला प्रहरी कार्यालय, ओखलढुंगामा पत्राचार भएको देखिएकोले शान्ति सुरक्षा कायमको लागि गरेको कार्य सम्बन्धित कार्यालयको आफ्नो क्षेत्राधिकारभित्र नै पर्ने कार्य भएको देखिन आएको छ । साथै विपक्षीमध्येका वैजनाथ श्रेष्ठले उल्लिखित विषयमा ओखलढुंगा जिल्ला अदालतमा मुद्दा दायर भई कारवाहीयुक्त अवस्थामा रहेको भनी लिखित जवाफमा उल्लेख गरेको देखिएकोले निवेदकले निवेदनमा उल्लेख गरेको अवस्था देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन १८ गते रोज २ शुभम्।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०४५७, प्रतिषेध / परमादेश, *प्रो. निरजकुमार सिंह वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

नेपाल भर लाग्ने चौपाया बजारमा खरिद बिक्री गर्दा चौपाया ढुवानी गर्ने ट्रकबाट ओसारपसार गर्ने क्रममा राजमार्गमा रहेका प्रहरी नाकाहरूले आफ्नो अधिकारक्षेत्रबाहिर गई चौपाया राखिएका सवारी साधन रोक्ने र दस्तुरको नाममा अनावश्यक रुपमा कानूनविपरीत रकम लिई मात्र गन्तव्यतर्फ जान दिने गरेका र पुनः अर्को क्षेत्रमा पर्ने प्रहरी नाकामा सोहीअनुरूपको कानूनविपरीत रकम लिने कार्य प्रहरी नियमावलीविपरीत हुँदा चौपाया ओसारपसारमा कुनै हैरानी बाधा अवरोध र गैरकानूनी दस्तुर असुल तहसिलको कार्य गर्न नपाउने गरी उपयुक्त आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदकको भनाई रहेकोमा यस कार्यालय तथा मातहत कार्यालयहरूबाट कानूनबमोजिम बाहेक चौपाया ओसारपसारमा अनावश्यक हैरानी दिई रकम असुलउपर गर्ने कार्य नभएको र त्यस किसिमको उजुरीसमेत पर्न नआएको भनी लिखित जवाफ रहेको देखिएको छ। कानूनबमोजिम सुरक्षा निकायलाई दिएको चेक जाँचको अधिकार

प्रयोग गरी सुरक्षा चेक जाँच मात्र गरेको भन्ने विपक्षी गृह मन्त्रालय र सुरक्षा निकायको भनाई रहेको अवस्थामा निवेदकले भने जस्तो अतिरिक्त शुल्क लिने गरेको देखिन नआएकोले निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल साउन १८ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CR-०१७१, कर्तव्य ज्यान, *सुमित्रा कुमाल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले आफ्नो आपराधिक कार्यको परिणाम मनसायप्रेरित नभई आवेशप्रेरित हो भनी पुनरावेदन जिकिर लिएको पाइन्छ।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. मा भएको कानूनी व्यवस्थालाई हेर्दा "ज्यान लिने मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन पनि हानेको रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुंगा, लात, मुक्का इत्यादिले हान्दा सोही चोटपीरले ऐनका म्यादभित्र ज्यान मरेमा १० वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । उल्लिखित अवस्थाको विद्यमानता भएको भई घटेको घट्नालाई आवेशप्रेरित हत्याअन्तर्गत राखी सोहीबमोजिम सजाय गर्नुपर्ने हुन्छ। आवेशप्रेरित कसुर हुन अन्य कुराका अतिरिक्त जोखिमी हतियारको प्रयोग भएको हुनु हुँदैन । जोखिमी हतियारको प्रयोग भएको अवस्थामा हाम्रो कानूनले त्यस्तो कसुरलाई कर्तव्य ज्यानअन्तर्गत राखी सजाय हुने व्यवस्था गरेको छ। प्रस्तुत मुद्दामा मृतकलाई मार्नमा प्रतिवादीले धारिलो हतियार अर्थात् बञ्चरो प्रयोग गरेको तथ्यलाई प्रतिवादीले नै स्वीकार गरेको र वारदातमा प्रयोग भएको बञ्चरोसमेत बरामद भइआएको छ । यस्तो अवस्थामा भएको प्रस्तुत वारदातकी अभियुक्त सुमित्रा कुमालको कसुर आवेश प्रेरित हत्याअन्तर्गत पर्न आएन । पुनरावेदक प्रतिवादीलाई आवेशप्रेरित ठहर गर्न मिल्ने अवस्था देखिएन।

पुनरावेदकलाई मृतकले बरोबर गालीगलौज गर्दा प्रतिवादी रिस उठिरहेको भन्ने तथ्य प्रतिवादीको बयान व्यहोरामा पाइन्छ। मृतकको लासजाँच प्रकृति मुचुल्का तथा शव परीक्षण प्रतिवेदन, प्रतिवादीको साबिती बयान, किटानी जाहेरी र सोही मिलानको जाहेरवालाको बकपत्र, मौकामा कागज गर्ने सन्तोष कुमाल, शंकर कुमालसमेतको बकपत्रसमेतबाट प्रतिवादी सुमित्रा कुमालले मृतक भानमती कुमाललाई मार्ने नियतले धारिलो हतियार बञ्चरो प्रहार गरी मारेको पुष्टि हुन आएकोले प्रतिवादी सुमित्रा कुमाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेकै देखिदा सदर हुने ठहर्छ।

मृतकलाई मार्नै पर्नेसम्मको स्पष्ट मनसाय यी पुनरावेदक प्रतिवादीमा रहे भएको मिसिलबाट देखिँदैन । प्रतिवादीले मौकामा र अदालतमा समेत कसुरका सम्बन्धमा सही साँचो व्यहोरा उल्लेख गरेको पाइन्छ । वारदातपश्चात् प्रतिवादी कहीँ कतै भागी लुकिछिपी बसेको पनि देखिँदैन । वारदातको समयमा यी पुनरावेदक प्रतिवादीको उमेर न्यून रहेको देखिन्छ । प्रतिवादीका साथ पूर्व लोग्नेबाट जन्मेको भनिएका वर्ष पाँचका एक छोरा र वर्ष एककी एक छोरी

रहेको मिसिलबाट देखिन्छ । पूर्व पतिबाट जन्मिएका ससाना बालबच्चाको भविष्य प्रतिवादीको उमेर तथा वारदात हुँदाको अवस्थामा र परिस्थितिसमेतलाई विचार गर्दा ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने स्थिति यस इजलासले महसुस गरेकोले पुनरावेदक प्रतिवादी सुमित्रा कुमाललाई अ.बं.१८८ नं. बमोजिम ८ (आठ) वर्ष कैद गर्न उचित देखिई व्यक्त गरेको पुनरावेदन अदालत, तुलसीपुरको राय मनासिब देखिएकाले पुनरावेदक प्रतिवादी सुमित्रा कुमाललाई ८ (आठ) वर्ष कैद हुने ।

इजलास अधिकृत : लोकनाथ पराजुली

इति संवत् २०७२ साल मङ्सिर ३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-००१२, कर्तव्य ज्यान, *प्रकाश बुढामगर वि. नेपाल सरकार*

आफूले गरेको कार्यबाट कसैको मृत्यु हुन्छ भन्ने पूर्व ज्ञान पनि नभएको, परिणामको इच्छा पनि नभएको, उचित होस पुर्‍याएरै वा विवेकपूर्ण तवरले गरिएको कार्य यी सम्पूर्ण अवस्थाहरू पार गरेर पनि कसैको कार्यबाट कसैको ज्यान जान्छ भने मात्र उक्त कार्य भवितव्य ज्यानअन्तर्गत पर्न आउँछ । मृतकलाई निर्मम तथा अमानवीय तवरले कुटपिट गरेको कुरामा प्रतिवादी स्वयम् साबित रहेको र निजको साबिती बयान मृतकको लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतबाट समर्थित भएको मिसिलबाट देखिएको अवस्थामा पुनरावेदक प्रतिवादीको यस प्रकारको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. अन्तर्गत पर्ने प्रकाश बुढामगरले मृतक सुस्मितादेवी थापामगरलाई निर्ममतापूर्वक अमानवीय तवरले कुटपिट गरी सोही कुटाइको पीडाबाट कानूनले तोकेको म्यादभित्र मृतकको मृत्यु भएको देखिएकोले प्रतिवादी प्रकाश बुढामगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको डडेल्धुरा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।६।४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७२ साल मङ्सिर ४ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०९१७, उत्प्रेषण / परमादेश, *मुनकीदेवी साह सुडी वि. शीलादेवीसमेत*

अ.बं.१७ नं. को व्यवस्था कार्यविधिसम्बन्धी विषय हो । कार्यविधि कानूनअन्तर्गतको कानूनी व्यवस्थाले कसैको हक अधिकारमा असर पर्ने गरी मूलभूत विषयमा कुनै आदेश गर्न मिल्दैन । पुनरावेदन सुन्ने अदालतबाट अ.बं.१७ नं. को रोहमा आदेश हुँदा पछि मातहतको अदालतले गर्नुपर्ने निर्णयलाई असर पर्ने गरी गर्नु हुँदैन । आदेश गर्नुअघि सो आदेशको स्पष्ट र प्रत्यक्ष प्रभाव मातहतको अदालतमा रहेको विवादको विषयमा पर्छ वा पर्दैन भनी माथिल्लो अदालतले सदैव गम्भीर भई विचार गर्नुपर्ने हुन्छ । मानो छुट्टिएको मितिको विषय अंशबन्डा गर्ने प्रयोजनको निमित्त निकै महत्त्वपूर्ण हुन्छ । मानो छुट्टिएको मितिपछिको लागेको ऋण र आर्जित सम्पत्ति बन्डा लाग्दैन । तसर्थ, मानो छुट्टिएको मिति कायम गर्दा जोखिमको सम्भावनालाई न्यून गर्नुपर्ने हुन्छ । कहिले मानो छुट्टिएको हो, होइन भन्ने विषय नै विवादमा रहेको र प्रतिवादीहरूको प्रमाण विरूद्ध नालेस परी विवादित रहेको अवस्थामा पुनरावेदन सुन्ने निकायबाट विवादित रहेकै लिखतका मितिहरूलाई यथोचित मानी सोपूर्वको सम्पत्ति मात्र बन्डा लाग्ने गरी हस्तक्षेप गरिनु हुँदैन । अपितु तत्काललाई फिराद परेको मितिलाई मानो छुट्टिएको मिति मानी सोअघिको तायदाती माग गरी राखी बाँकी मिलापत्र वा अंश छोडपत्र बदरका मुद्दाहरूको पछि फैसला हुँदा के हुन्छ हेरी पुनः मानो छुट्टेको मिति

कायम गरी अंश बन्डा हुन सक्ने नै हुन्छ। तर, माथिको निकायबाट मानो छुट्टिएको मिति फिराद पर्नुभन्दा निकै वर्षअघि तोकिएको अवस्थामा तल्लो निकायबाट पछि सो तोकिएको मितिपछि र फिराद पर्नुअघि आर्जित भएको सम्पत्ति बन्डा गर्नुपर्ने जस्तो देखे पनि बन्डा गर्न सक्दैन।

तसर्थ, मानो छुट्टिएको मिति के कति बेला फरक-फरक हुन सक्छ हेरी जिल्ला अदालतबाटै तोकिनु राम्रो हुन्छ । माथिल्लो अदालतबाट मानो छुट्टिएको मिति तोकिँदा त्यसलाई पछि जिल्ला अदालतले परिवर्तन गर्न नसक्ने हुँदा न्यायोचित फैसला हुन अप्ठेरो पनि पर्न सक्ने हुन सक्छ। तसर्थ, अंश दर्ता मुद्दा मातहत अदालतमा विचाराधीन नै रहेको अवस्थामा माथिल्लो अदालतबाट यसो वा त्यसो गर्नु भनी विवादित मुद्दा हेर्न सक्षम रहेको जिल्ला अदालतलाई आफ्नो अन्तिम निर्णय सुनाउनुअघि नै हस्तक्षेप गरी आदेश गर्दै जाने हो भने सम्बन्धित अदालतलाई कानूनले नै प्रदान गरेको मुद्दा मामिला हेरी अन्तिम निर्णय गर्ने क्षेत्राधिकारमा प्रतिकूल प्रभाव पर्न जाने।

प्रस्तुत मुद्दामा विपक्षी लक्ष्मण साहले स्व. पिता सुकदेवसँग अंश बुझी लिएको भरपाइको लिखत र दे.नं.१८५७ को अंश मुद्दामा वादी प्रसाद साह र प्रतिवादी लक्ष्मण साहका बिचमा मिति २०६३।१।१५ मा भएको मिलापत्रको वैधानिकतालाई चुनौती दिई दुवै लिखतहरू बदर गरिपाउँ भनी निवेदीका मुनकीदेवी सुडीले धनुषा जिल्ला अदालतमा फिराद दायर गरेको पाइन्छ। मिति २०५२।८।४ को अंश भरपाई र मिति २०६३।१।१५ को मिलापत्रको वैधानिकतालाई चुनौती दिई निवेदिकाबाट अदालतमा मुद्दा दायर भएकोले सो भरपाई र मिलापत्रमा उल्लेख भएको मानो छुट्टिएको मिति पनि विवादित नै देखिन आउँछ। अदालतसमक्ष निरूपणका लागि पेस भएका सबै विवादलाई सुरू अदालतले न्यायको रोहमा सबुद प्रमाण हेरी सोको विश्लेषणबाट निर्णय गर्न बाँकी नै रहेको अवस्थामा माथिल्लो अदालतबाट यही मितिलाई नै मानो छुट्टिएको मिति कायम गरी यो यसो गरी इन्साफ दिनु भनी निर्देशित गरेको आदेशमा उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतको प्रत्यक्ष त्रुटि रहेको पाइँदा सुरू धनुषा जिल्ला अदालतबाट मिति २०६८।६।५ मा भएको आदेशलाई मिल्ने वा नमिल्ने भन्नेसम्मको आदेश गर्नुपर्नेमा मानो छुट्टिएको मिति नै परिवर्तन गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०६८।१०।१२ को आदेश त्रुटिपूर्ण देखिएकोले उक्त आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने र सुरू धनुषा जिल्ला अदालतको मिति २०६८।६।५ को आदेशअनुसार वादी प्रतिवादीबाट कानूनबमोजिम तायदाती फाँटवारी माग गरी मुद्दाको बाँकी कारवाही गर्नु भनी धनुषा जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७२ साल कात्तिक २९ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- ०६८-WO-०७७७, उत्प्रेषण, *लक्ष्मण साह वि. मुनकीदेवीसमेत*
- ०६८-WO-०७७८, उत्प्रेषण, *शीलादेवीसमेत वि. मुनकीदेवीसमेत*

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०१०९, उत्प्रेषण / परमादेश, *हंशराज यादव वि. कान्तिदेवी साहसमेत*

प्रतिवादीको भनाइबाट विवादित हुन पुगेका रूखहरू वादीले लगाएको हो वा प्रतिवादीले लगाएको हो भन्ने विषयको निर्क्यौल सबुत प्रमाणको मूल्याङ्कनको आधारबाट गरिने विषयवस्तु हो ।

फैसलाको कार्यान्वयनको सिलसिलामा कसैले मेरो हो भन्दैमा हटात सो भन्नेको नै रूख हो भनी बोलिनु न्यायिक मनको प्रयोग भएको भनी मान्न मिल्दैन । अन्यथा प्रमाणित नभएसम्म जस्को जग्गामा सम्पत्ति हुन्छ त्यो जग्गावालाको नै हो भनी मानिनु पर्दछ । तथापी त्यो कसैले अन्यथा हो भनी नालेस उजुर गरी सबुत प्रमाणको आधारबाट अन्यथा देखाउन सकेको अवस्थामा जग्गावालाको त्यो भूमिमा रहेको सम्पत्ति उसको नहुन पनि सक्दछ । त्यस्तो कुराको यकिन सक्षम निकायबाट मुद्दा परेको अवस्थामा सबुत प्रमाण बुझी निर्णय गरिने हुन्छ । फैसला कार्यान्वयन गर्दा भने कुनै नयाँ विवाद खडा गरी तेरो मेरोको प्रश्नमा प्रशासनिक तवरबाट आदेश गर्न नहुने भई फैसलाबमोजिम फैसलाले भनेको कुरामा सीमित रही कार्यान्वयन गरिनु पर्दछ । वादीको हक कायम हुने ठहरेको जग्गामा रहेका रूखका सम्बन्धमा बिवाद भई साधिकार निकायमा नालेस परेको अवस्थामा सो निकायबाट कानून र प्रमाणका आधारमा निर्णय हुने नै छ । तसर्थ, फैसला कार्यान्वयनको लागि परेको दरखास्तका आधारमा फैसलाबमोजिमको कार्य नगरी प्रतिवादीको निवेदन लिई सोही निवेदनका आधारमा फैसलामा भएको कुराभन्दा बाहिर गई गरेको सुरू अदालतको आदेश र सो आदेशलाई परिवर्तन नगरेको पुनरावेदन अदालत, विराटनगरको आदेश मिलेको देखिन नआउने हुँदा सुरू मोरङ जिल्ला अदालतको मिति २०६९।१।२९ को आदेश र सो आदेशलाई परिवर्तन नगरी कानूनबमोजिम गर्नु भनी पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।३।२८ को आदेश त्रुटिपूर्ण देखिएकोले दुवै अदालतका आदेशहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । विवादित जग्गाका सम्बन्धमा यस अदालतबाट मिति २०६७।१२।१३ मा भएको फैसलाबमोजिम फैसला कार्यायन्वयन गर्नु भनी मोरङ जिल्ला अदालतका तहसिल शाखाको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : लोकनाथ पराजुली
कम्प्युटर : अभिषेककुमार राय
इति संवत् २०७२ साल पुस २ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०४६६, भ्रष्टाचार, *जयकान्त यादव वि. नेपाल सरकार*

शैक्षिक प्रमाणपत्रहरू छानविनमा परेपश्चात पुनरावेदक प्रतिवादीका भारतीय शैक्षिक संस्थाबाट प्रदान गरिएको बि.एस.सि. तहको शैक्षिक योग्यताका प्रमाणपत्र छानबिनको क्रममा सत्यता यकिनका लागि प्रमाणपत्र प्रदान गरिएको भारतीय शैक्षिक संस्था ललितनारायण मिथिला विश्वविद्यालमा पठाएको रहेछ । पुनरावेदकले अध्ययन गरेको भारतीय शैक्षिक संस्था ललितनारायण मिथिला विश्वविद्यालयले "VER/1278/10, Date 16.3.10 क्रमाङ्क 42346 जयकान्त यादव B.Sc. (H) 1997, Not found in Tabulation Registration and University Record" भनी लेखी पठाएको रहेछ । पुनरावेदकले अध्ययन गरेको विश्वविद्यालयबाट नै विवादित प्रमाणपत्रका सम्बन्धमा Not found in Tabulation Registration and University Record" भनी स्पष्टसँग लेखी आएको देखिएको र सो व्यहोरालाई पुनरावेदकले खण्डन गर्ने कुनै प्रमाण पेस गर्न सकेको मिसिलबाट देखिँदैन । प्रतिवादीको प्रमाणपत्र प्रमाणीकरणको लागि आधिकारिक निकायमा पठाउँदासमेत अभिलेख नभएको भनी लेखी आएकोले उक्त आधिकारिक निकायबाट लेखी आएको कुरालाई अन्यथा प्रमाणित नभएसम्म प्रमाणमा लिनु पर्ने ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) मा "कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तिनपुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा

योग्यता वा अन्य कुनै कुराको झुट्टा विवरण दिएमा वा सोसम्बन्धी झुट्टा प्रमाणपत्र पेस गरेमा निजलाई कसुरको मात्राअनुसार छ महिनादेखि एक वर्षसम्म कैद र दश हजार रूपैयाँदेखि बीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ" भन्ने व्यवस्था गरेको पाइन्छ । ऐनमा भएको यस प्रकारको व्यवस्थाविपरीत पुनरावेदक प्रतिवादी जयकान्त यादवले भारतीय शैक्षिक संस्थाबाट झुट्टा शैक्षिक योग्यताको प्रमाण पत्र बनाई सोही प्रमाणपत्रका आधारमा शिक्षक पदमा नियुक्ति लिएको पुष्टि हुन आउने ।

अतः प्रतिवादी जयकान्त यादवले नक्कली प्रमाणपत्र पेस गरी शिक्षक पदमा नियुक्ति लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको पुष्टि भएकोले निजलाई सोही ऐनको १६(१) नं. बमोजिम ६ महिना कैद र रू. १०,०००।– (दश हजार) जरिवाना हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०६९।३।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०८५७, उत्प्रेषण / परमादेश, *टङ्कहरि दाहाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

भूकम्प अति नै संवेदनशील र विनासकारी प्रकोपको रूपमा विगतदेखि साबित हुँदै आएको तथ्य विभिन्न काल खण्डमा आएका भूकम्पको इतिहासबाट स्पष्ट हुन आउँछ । पुनरावृत्ति हुँदै घटेका यस्ता दैवीय विनासबाट राज्यका नागरिकको जिउधन र राष्ट्रिय सम्पत्तिको सुरक्षा कठिन र कतिपय अवस्थामा व्यक्तिको पहुँचभन्दा परको कुरा हो तापनि यस्तो विनासबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्ने उपाय अवलम्बन गर्ने जिम्मेवारी भने राज्यको हो ।विगत देखि हाल सम्म राज्यले ठुलो क्षति बेहोरी सक्दा पनि त्यसबाट हुन सक्ने क्षति कम गर्न राज्यले आफ्नो स्रोत र साधनले भ्याएसम्मको न्यूनतम उपाय अवलम्बन गर्नुपर्नेमा त्यस्तो गर्न नसक्नुलाई राज्यले आफ्नो दायित्व पूर्णरूपमा पुरा गरेको भन्न मिल्दैन । यस सम्बन्धमा विभिन्न मुलुकको अभ्यास हेर्ने हो भने भूकम्पीय जोखिममा रहेका राज्यले भूकम्प पूर्वको अवस्था (Pre Disaster Stage), भूकम्प हँदाको अवस्था (During Disaster Stage) र भूकम्पपश्चातको अवस्था (Post Disaster Stage) गरी विपत व्यवस्थापनका चरण र संयन्त्रहरूको व्यवस्था गरेको पाइन्छ । नेपालका सन्दर्भमा हेर्ने हो भने विभिन्न प्रकोपको सामना गर्दै आए तापनि त्यसको व्यवस्थापन गरी जनताको जीवन र राज्यको सम्पत्तिको संरक्षण गर्न तत्कालिन योजना तथा संयन्त्रहरूको स्थापना गरी व्यवस्थापन गर्न सकेको नपाइने ।

रिट निवेदकले प्रचलित कानूनविपरीत दिए दिलाइएका सबै निर्माण इजाजतहरू, निर्माणसँग सम्बन्धित सबै निर्णयहरू बदर गरिपाउँ, इजाजतविपरीत बनाइएका भवन संरचना छानबिन, अनुगमन गरी भत्काउन लगाई पाउँ, कानून तथा मापदण्डविपरीतका सबै भवन तथा अपार्टमेन्ट यथाशीघ्र हटाउने आदेश जारी गरिपाउँ, असुरक्षित देखिएका निजी तथा सबै सरकारी अर्धसरकारी भवन हटाउन लगाई पाउँ, भवन निर्माणको उपयुक्त मापदण्ड यथाशीघ्र तयार गर्न लगाई सो मापदण्डबमोजिम मात्र घर वा सरकारी भवन संरचना बनाउने र सोको कार्यान्वयनको अनुगमान गर्न प्रभावकारी संयन्त्रका लागि आदेश जारी गरिपाउँ भन्ने सम्बन्धमा विचार गर्दा सर्वप्रथम के कुन निकाय वा पदाधिकारी प्रचलित कानूनविपरीत निर्माण इजाजत

दिएको हो भन्नेसम्बन्धमा निवेदकले यो कानूनविपरीत यस्तो पदाधिकारीबाट यी यी व्यक्ति वा संस्थालाई कानूनविपरीत निर्माण इजाजत दिइएको भनी सप्रमाण उल्लेख गर्न सकेको देखिँदैन । तसर्थ निवेदनमा उल्लेख गर्दैमा अनुमानको आधारमा बोल्न नमिल्ने ।

प्रचलित कानूनको उल्लङ्घन र समयसापेक्ष कानून तथा नीति निर्माण हुन नसकेको वा बेवास्ता भएको भन्ने निवेदकको आरोपका सम्बन्धमा विचार गर्दा प्राकृतिक विपत्तिको बेलामा सक्रिय हुने दैवी प्रकोप उद्धार ऐन, २०३९, निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३, संयुक्त बजार अनुगमन निर्देशिका, २०६९, आपूर्ति नीति २०६९, स्थानीय स्वायत्त शासन ऐन, २०५५ लगायतका कानूनहरू सक्रिय रहेको र दैवी प्रकोप उद्धार ऐन, २०३९ लाई समय सापेक्ष र वर्तमानको परिस्थितिलाई सम्बोधन गर्ने गरी विपद व्यवस्थापन ऐन बनाउन विधेयक संसदमा दर्ता भएको, पुन: निर्माणसम्बन्धी अध्यादेश, २०७२ जारी भई लागू रहेको र यसलाई प्रतिस्थापन गर्ने विधेयक संसदमा विचाराधिन रहेको, जोखिमयुक्त घर हरू भत्काउनेसम्बन्धी कार्यविधि २०७२, जारी भई कार्य अगाडि बढाइएको, भुकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभ एकीकृत कार्ययोजना २०७२, कार्यान्वयनमा आएको, विपत व्यवस्थापन विधेयक, २०७१ व्यवस्थापिक संसद्मा दर्ता भएकोमा भूकम्पपछि अझ समसामयिक संशोधनको लागि संसद्बाट फिर्ता लिई आवश्यक परिमार्जन गरी पेस गर्न कार्य भइरहेको, उपभोक्ता संरक्षण ऐन, २०५५ तथा नियमावली, २०५६ लगायतका कानूनहरू लागू रहेको र  समसामयिक संशोधन तथा निर्माणको क्रममा रहेको भन्ने लिखित जवाफबाट देखिएकोले वर्तमान कानूनको संशोधन तथा परिमार्जन गर्ने तर्फ पनि सरकार लागि परेकोले निवेदकको मागबमोजिम आदेश जारी हुन सक्ने अवस्था नदेखिने ।

रिट निवेदकले मापदण्डविपरीत बनाइएका भवन संरचना भत्काउन लगाउने भूकम्प बाट असुरक्षित बन्न पुगेका सबै सरकारी तथा अर्ध सरकारी संरचना भत्काउन लगाउने, भवन निर्माणका उपयुक्त मापदण्ड यथाशीघ्र तयार गर्न लगाई सो मापदण्डबमोजिम मात्र घर संरचना गराउने र सोको कार्यान्वयनको अनुगमन गर्न उत्प्रेषण परमादेशको आदेश जारी गरिपाउँ भन्ने समेतका माग भए तापनि विपक्षी निकायहरू स्वयम्ले रिट निवेदनमा माग भएबमोजिम भूकम्पको प्रकोपबाट सृजित विपत व्यवस्थापन तथा पुन निर्माण पुनस्थापनाको कार्य गर्न र कानून निर्माणलगायतका कार्य गर्न प्रयत्नशील रहेको र प्रतिबद्धता व्यक्त गरेको देखिएकोले निवेदकले उठाएको ज्वलन्त विषयहरूको परिपूर्ति हुन नसक्ने भन्ने नदेखिँदा उत्प्रेषण परमादेशको आदेशजारी गरिपाउँ भन्ने हदसम्म निवेदन खारेज हुने ।

आगामी दिनमा भूकम्पबाट हुनसक्ने क्षतिको न्यूनीकरण, प्राकृतिक प्रकोप एवम् विपत् व्यवस्थापन, सुरक्षित भई बाँच्न पाउने हकको सम्मान, दिगो विकास, सुरक्षित, स्वस्थ्य, तथा सुन्दर बस्ती विकास, दैवीप्रकोपको बेला आश्रय लिने पर्याप्त खाली जमिनको योजनाबद्ध संरक्षण, भुकम्पीय सही सूचनाको लागि भूगर्भ विज्ञानको अध्ययन अनुसन्धान साथै निति निर्माण र समसामयिक कानून निर्माणका लागि देहायको कार्य गर्नु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाममा देहायको निर्देशनात्मक आदेश जारी हुने ।

१. नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(१) ले मानिसको बाँच्न पाउने हक सुनिश्चित गरेको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी राष्ट्रसंघीय अनुबन्ध (ICCPR) १९६६ को धारा ६ ले मानिसको बाँच्न पाउने अधिकारलाई कानूनले संरक्षित गर्नुपर्ने राज्यको दायित्व निर्धारण गरेको छ भने मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को प्रस्तावनामै

भयबाट मुक्ति पाउने अधिकार मानव मात्रमा रहेको उल्लेख गर्दै कुनै पनि राज्यका सरकारले त्यस्तो वातावरण सिर्जना गर्नुपर्ने दायित्व बहन गर्नेछन् भनिएको छ। भूकम्पलगायतका प्राकृतिक प्रकोपले समाजमा भौतिक तथा मानवीय क्षति मात्र नभई दीर्घकालसम्म प्रभाव रहने गरी मनोवैज्ञानिक असर पुर्‍याएको हुन्छ । यस्तो प्रकोपबाट पर्न गएको भौतिक वा मानवीय क्षति देखेर, भोगर वा सुनेर व्यक्तिका मन मष्तिष्कमा पर्न गएको असरले समाजलाई त्रसित र भयभीत बनाएको हुन्छ। यो प्रकोपपश्चात्को पीडा (Post disaster trauma) को अवस्था हो । भयबाट मुक्त हुन पाउने अधिकारको प्रत्याभूतिको लागि राज्यले आर्थिक, भौतिक सामाजिक वा मनोवैज्ञानिक उपायहरू अवलम्बन गरी व्यक्तिलाई भयरहित वातावरणमा बाँच्नसक्ने अवस्थाको सुनिश्चतता दिलाउनु पर्छ । भूकम्पपश्चात्को पीडाको सम्बोधनका लागि राज्यले यथोचित रूपमा मनोसामाजिक परामर्श (Psycho-social counseling) सेवा सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाउने । भूकम्पलगायतका कुनै प्राकृतिक विपत्तिका बारेमा आम जनमानसलाई आतङ्कित र त्रसित पार्ने गरी कुनै निराधार सूचना, समाचार वा भविष्यवाणी गर्न निषेध गर्ने। बिनाआधार आम जनमानसलाई आतङ्कित पार्ने गरी सार्वजनिक प्रचार प्रसार वा सूचना, समाचार, आलेखहरू प्रकाशसन गर्ने कार्यलाई दण्डनीय बनाउने गरी कानून निर्माण गर्ने।

२. नेपाल भूकम्पीय जोखिमका दृष्टिले अत्यन्तै जोखिमपूर्ण भौगर्भिक क्षेत्रमा रहेको भन्ने तथ्यहरू सार्वजनिक भइरहेको सन्दर्भमा आगामी दिनमा विभिन्न भौतिक संरचना निर्माण गर्दा वा बस्ती विकास गर्दा भौगर्भिक दृष्टिकोणले उपयुक्त स्थानको पहिचान गरेर मात्र भौतिक संरचना निर्माण वा बस्ती बसाउने कार्य गर्ने प्रयोजनको लागि सम्बन्धित सरोकारवाला निकाय तथा यससम्बन्धी विज्ञहरूसमेत संलग्न संयन्त्र निर्माण गरी कार्य गर्ने।

३. काठमाडौं उपत्यकालगायत नेपालका विभिन्न शहरहरूमा घना तथा अव्यवस्थित वस्तीको कारण विपत्तिको समयमा ज्यान बचाउन आवश्यक खुला स्थानको अभाव छ । परम्परागतरूपमा कायम रहेको खुला तथा सार्वजनिक स्थानहरू अतिक्रमण गरिएको वा मापदण्डविपरीत घर टहरालगायतका निर्माण गरिएको भए त्यस्ता संरचनालाई विधिसम्मत तरिकाले हटाउन लगाई प्रत्येक बस्ती टोलमा न्यूनतमरूपमा आवश्यक खुला आश्रयस्थल चौर कायम गर्न त्यससम्बन्धी निकायले तत्काल कार्य प्रारम्भ गर्ने।

४. तोकिएभन्दा बढी उचाइका सबै अग्ला भवनमा भूकम्पले पुर्‍याएको क्षतिको कारण आसपासका सर्वसाधारणका साना र आवास प्रयोजनको लागि बनेका वा बन्ने घरहरूलाई क्षति पुग्नसक्ने देखिएको र यसरी बनाइएका अग्ला संरचनाका कारण छिमेकका जनताले सधैं त्रासको वातावरणमा बाँच्नु पर्ने नियति सिर्जना हुन पुगेको छ। जुन न्यायोचित हुन सक्दैन। तसर्थ त्यस्ता संरचना छिमेकका अन्य संरचनालाई असर नपार्ने गरी सुरक्षित प्रकृतिका छन् भन्ने कुराको सुनिश्चितता अपेक्षित हुन्छ। अत: मापदण्डविपरीत बनेका सबै संरचना भत्काई उपयुक्त तल्लामा सीमित गर्न लगाउने र यसरी बनेका अग्ला घरहरू प्राविधिक परीक्षण गरी प्राविधिक दृष्टिले सुरक्षित भएको प्रत्याभूति दिन लगाउने।

५. आधिकारिक भूगर्भीय सूचना संम्प्रेषण गर्नसक्ने भूगर्भविद्हरूको अभाव महसुस भएको परिप्रेक्ष्यमा स्वदेशमै पनि भूगर्भशास्त्रीय विधामा वैज्ञानिक अध्ययन अनुसन्धान खोज गर्न आवश्यक

भएकोले सरकारीस्तरमा अध्ययन अनुसन्धान केन्द्रको स्थापना गर्नु र विदेशमा अध्ययन गरेका स्वदेशी वा विदेशी भूगर्भविद्हरूको योग्यता क्षमता परीक्षण गर्ने संयन्त्र र पेसागत मर्यादाको नियमन गर्ने नियमनकारी निकाय पनि नभएकोले त्यस्तो निकायको रूपमा कानूनद्वारा नै केन्द्रीयस्तरमा एक अनुसन्धानमुलक एवम्। नियमनकारी निकाय स्थापना गर्नु गराउनु । यस्तो निकायमार्फत भूकम्पसम्बन्धी आवश्यकीय र भरपर्दो सूचना दिने एवम् नेपाल भूकम्पीय जोखिम मुलुक भएकोले भूकम्पसम्बन्धी सामान्य जानकारी राख्न माध्यमिक तहमा अध्ययन अध्यापन गराउने र त्यसमा विशेषज्ञता हासिल गर्न उच्च शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने।

६. औद्योगिक विकाससम्बन्धी नीति निर्माण ऐन नियम तर्जुमासम्मको जिम्मेवारी भएको उद्योग मन्त्रालयअन्तर्गत रहेको खानी तथा भूगर्भ विभाग मातहत भूकम्प मापन केन्द्र राखिँदा यसको केन्द्रीय निकायको रूपमा रहेको उद्योग मन्त्रालयको उद्देश्यसित मेल खाएको देखिँदैन । सिङ्गो नेपाल भूकम्प जोखिम क्षेत्रमा रहेको भन्ने तथ्य सार्वजनिक भइरहेको सन्दर्भमा यससम्बन्धी केन्द्रीय निकायको रूपमा कानूनद्वारा छुट्टै मन्त्रलयको स्थापना गरी सोअन्तर्गत विभिन्न अध्ययन अनुसन्धान केन्द्र तथा परिषदहरूको गठन गर्न बान्छनीय देखिएकोले यससम्बन्धी भारत तथा चीन र सम्भव भए अन्य मुलुकको अभ्याससमेतको अध्ययन अवलोकन गरी छुट्टै मन्त्रालय, निकाय, अध्ययन केन्द्र तथा परिषद्हरूको गठन गरी भूकम्पको अध्ययन अनुसन्धान र आधिकारिक चेतावनी (Early Warning System) एवम् । सङ्कटग्रस्तक्षेत्र घोषणा गर्नुपर्ने क्षेत्र निर्धारण गर्नेसमेतको जिम्मेवारी नेपाली सेना, सशस्त्र प्रहरी, जनपद एवम् विशेष प्रहरीहरूलाई सुम्पने व्यवस्था मिलाउने।

७. कुनै खास क्षेत्रमा गएको भूकम्पको जानकारी तुरन्त दिन सके अर्को क्षेत्रमा हुनसक्ने क्षतिलाई जोगाउन सकिने हुँदा भूकम्पको अध्ययन अनुसन्धान गर्ने आधिकारिक निकायको गठन नभएसम्म पूर्व चेतावनी प्रणाली (Early Warning System) जडान गरी द्रुत सञ्चार माध्यमबाट जानकारी गराउने व्यवस्था मिलाउने।

८. हाल प्रचलनमा रहेको दैवी प्रकोप उद्धार ऐन २०३९ उद्धार र राहतमा मात्र सीमित रहेको र भूकम्प जस्तो महाविपत्तिको समयमा विपत व्यवस्थापन एवम् पुन निर्माण तथा पुनस्थापना कार्यको लागि यो ऐन पर्याप्त र समसामयिक नदेखिएकोले विपत व्यवस्थापन एवम् पुन: निर्माण तथा पुनर्स्थापनासम्बन्धी राष्ट्रिय निति निर्माण गरी विपत व्यवस्थापनका तिन चरण Reduce, Response र Recovery लाई सम्बोधन हुने गरी यथाशीघ्र सोसम्बन्धी ऐन तथा नियमको तर्जुमा गरी लागू गर्ने व्यवस्था मिलाउने।

९. सर्वसाधारणको बस्तीमा आवत जावत, हावा, प्रकाशमा अवरोध पुग्ने साथै सर्वसाधारणले जीवनभर आर्जेको भू-सम्पत्तिको उपयोगिता समाप्त हुनेगरी कुनै पनि सरकारी सार्वजनिक वा निजी व्यापारिक प्रयोजनका अग्ला भवन तथा अपार्टमेन्ट निर्माण गर्नुपूर्व त्यसबाट अन्य व्यक्तिको घर आवास वा अन्य सम्पत्ति वा आवतजावतको स्वतन्त्रतामा प्रतिकूल असर पर्ने भएमा मर्का पर्ने सम्बन्धित पक्षलाई यथार्थ सूचना र यथोचित क्षतिपूर्ति दिने र त्यसरी निर्माण हुने संयन्त्रबाट अरूलाई न्यूनतम मात्र क्षति पुग्ने कुराको सुनिश्चितता गराएर प्राकृतिक स्रोतको अनियन्त्रित दोहन नहुने गरी मात्र निर्माण गर्ने अनुमति दिने व्यवस्था गर्ने।

१०.बस्ती विकास, शहरीकरण वा आवास योजना सञ्चालन गर्दा भूमिको सम्भाव्यता र उपयुक्तता र भूकम्पीय जोखिमको सर्वेक्षण गरी प्राकृतिक स्रोतसाधनको दिगो उपयोग हुने गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने।

११.अतिक्रमण भएका सरकारी तथा सार्वजनिक जमिन सरकारले प्राप्त गरी दैवीप्रकोपको बेला आश्रय लिने पर्याप्त खाली जमिनको योजनाबद्ध संरक्षणको लागि आवश्यक व्यवस्था मिलाउने।

१२.भूकम्पको जोखिमलाई न्यूनीकरण गर्न हाल भइरहेको भवन निर्माण संहिता र मापदण्डको पुनरावलोकन गरी पृथक क्षेत्रमा निर्माण हुने भवन संरचनाको उपयुक्त मापदण्ड यथाशीघ्र बनाई लागू गर्ने र त्यसको सम्बद्ध निकाय तथा स्थानीय निकायबाट नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने।

१३.राजमार्ग तथा ग्रामीण सडक निर्माण गर्दा मापदण्ड निर्धारण गरी भूकम्पलगायतका प्राकृतिक कारणबाट हुनसक्ने भूस्खलन र त्यसबाट हुन सक्ने जोखिमको सर्वेक्षण गरी बम ब्लास्टिङ जस्ता जमिनको भित्रीभागमा कम्पन ल्याउने उपकरणको प्रयोग नगर्ने व्यवस्था मिलाउने।

१४.नेपालका जङ्गल, हिमाल, पुरातात्त्विक तथा ऐतिहासिक महत्त्वका स्थल तथा मठ मन्दिर पाटीपौवा आदि विश्व सम्पदा सूचीमा परी विश्वकै सम्पत्तिका रूपमा रहेको सन्दर्भमा भूकम्पको कारणले पुर्‍याएको क्षतिको सर्वेक्षण गरी पूर्ववत् अवस्थामा ल्याउन त्यस्ता महत्त्वका वस्तुको पुन: निर्माण जिर्णोद्धारको राष्ट्रिय योजना निर्माण गरी तत्काल लागू गर्ने व्यवस्था मिलाउने।

१५.विपत्तिको सामनापश्चात यस्तो विपत्ति बेहोर्न बाध्य र नबेहोरेका बिच आधारभूत भिन्नता हुन नदिन उद्धार तथा राहतकार्यपश्चात् योजनाबद्ध पुन:स्थापना, पुन:र्लाभ तथा पुन: निर्माणको कार्य राज्यले सुरू गरी सक्नुपर्छ तर भूकम्प गएको महिनौ विति सक्दा पनि राज्यले पुनस्थापना, पुनर्लाभ, पुनर्निर्माण तथा पुनस्थापनाको ठोस निति र योजना अघि सारेको पाइएन। तसर्थ अपाङ्गता भएका, घरबास गुमाएका, जीवन गुजाराको विकल्प नभएका, असक्त, बालक, महिला, वृद्ध व्यक्तिहरूको लागि राष्ट्रिय निति बनाई यथाशीघ्र पुनस्थापना, पुनर्लाभ, पुननिर्माणको कार्य यथाशीघ्र सुरू गर्ने व्यवस्था मिलाउनु।

१६.भूकम्पको जोखिम व्यवस्थापन गरी जनताको जीवन र राज्यको सम्पत्तिको संरक्षण गर्न भूकम्पपूर्वको अवस्था (Pre Disaster Stage), भूकम्प हुँदाको अवस्था (During Disaster Stage) र भूकम्पपश्चात्को अवस्था (Post Disaster Stage) गरी तत्कालीन र दीर्घकालीन योजना तथा संयन्त्रहरूको स्थापना गर्ने व्यवस्था मिलाउने।

१७.विपतको समयमा खाद्यान्न, औषधि पानी इन्धनलगायतका अत्यावश्यक वस्तुको अभाव देखिएको साथै सार्वजनिक यातायातको साधनको व्यवस्थापन हुन नसकी जनताले बेहोर्नु परेको हैरानीलाई दृष्टिगत गरी आगामी दिनमा यस्ता अत्यावश्यक वस्तु र सेवालाई राज्यले नियन्त्रणमा लिई त्यसको उचित व्यवस्थापन गर्ने व्यवस्था मिलाउने।

१८.भूकम्पकै कारण जिउ बचाउन सफल भए तापनि कतिले घरबास र आश्रय गुमाएको अवस्था हुँदा त्यस्ता व्यक्तिको पहिचान गरी तिनीहरूलाई रोजगारको व्यवस्था गर्न सीप सिकाई पुनर्निर्माणको कार्यमा संलग्न हुने प्रबन्ध मिलाउने।

इजलास अधिकृतः उमानाथ गौतम

इति संवत् २०७२ साल भदौ २३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०३५८, निर्णय दर्ता बदरसमेत, *होमनारायण श्रेष्ठ वि. भरतबहादुर बोगटीसमेत*

विवादित कि.नं. १७३ को क्षे.फ. ०-७-२-० को जग्गामा मोहीका हकवालाका हैसियतले बिर्ता जग्गा दर्ता गरिपाउँ भन्ने निवेदन परी मालपोत कार्यालय डिल्लीबजारबाट हकदाबीमा सूचना प्रकाशित भएपछि सो जग्गाका सम्बन्धमा पुनरावेदक होमनारायण श्रेष्ठसमेत विवादित जग्गा रैकर भनी नाता प्रमाणित तथा साबिक लगतसमेत राखी दाबी गरेकोमा निजलाई तारेखमा समेत नराखी प्रमाणसमेत केही नबुझी मालपोत कार्यालयबाट मोहीका नाउँमा रैकर परिणत दर्ता गर्ने निर्णय गरेको देखियो । रैकर वा बिर्ता के हो, साबिक जग्गाधनीका हकवाला को हो भन्नेसमेत विवाद देखिएको अवस्थामा सोसम्बन्धमा प्रमाण बुझी निर्णय गर्नुपर्ने हुन्छ । हक बेहकको प्रश्न उपस्थित भएको विषयमा निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई कानूनले दिएको देखिँदैन । हक बेहकको प्रश्न उपस्थित भएपछि त्यस विषयमा प्रमाण बुझी निर्णय सुनाउने अधिकार अदालतलाई मात्र रहेको देखिन्छ । प्रस्तुत विवादको विषयको अवलोकनबाट विवादित जग्गा रैकर हो वा बिर्ता हो यकिन गर्ने गरी टुङ्गो लगाउनु पर्ने गरी हक बेहकको प्रश्न उपस्थित भएको देखिने ।

विवादित जग्गा रैकर हो वा विर्ता हो यकिन गर्नुपर्ने अवस्थामा मोहीका नाउँमा रै.प.दर्ता गर्ने गरेको मालपोत कार्यालय, काठमाडौंको मिति २०६७।६।२५ को निर्णयमा अधिकारको क्षेत्रात्मक त्रुटि देखिएकाले सो निर्णय बदर गरिदिएको छ । अब उक्त जग्गाको हक कायमको लागि सम्बन्धित जिल्ला अदालतमा फिराद लिई जानु भनी उपस्थित पक्षहरूलाई सुनाई दिने ठहर्‍याएको मिति २०६९।२।१ को पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

इति संवत् २०७२ साल पुस १९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-CR-०६१०, लागु औषध (कोरेक्स), *सुमित्रा श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीको वारदातमा संलग्नता देखिन आई यिनलाई हुन सक्ने सजायतर्फ हेर्दा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को को दफा १४(१) को (झ) मा माथि खण्ड (ज) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि दस वर्षसम्म कैद र एक लाखदेखि बीस लाख रूपैयाँसम्म जरिवाना भन्ने व्यवस्था रहेको देखियो । यी प्रतिवादीलाई ऐ.ऐनको दफा १४(१) को (झ) अनुसार सजाय गर्दा चर्को पर्न जाने देखिन्छ । लागु औषध (नियन्त्रण) ऐन, २०३३ र सजायको अपराध भए पनि प्रतिवादीको कार्यबिचमा तादाम्यता कायम मिलाउनु पर्ने हुन्छ । आफूले गरेको कार्य र दायित्वको मात्र सजाय प्रतिवादीलाई गराउने कार्य हामी न्यायकर्ताको हुने हुनाले न्यायिक विवेक राख्न अदालत चुक्नु नहुने ।

माथि विवेचित आधार कारणहरूबाट पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।३।१९ को फैसला केही उल्टी भई पुनरावेदक प्रतिवादी सुमित्रा श्रेष्ठ गिरीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम मुख्य प्रतिवादीलाई हुने कैद पाँच वर्षको आधा कैद दुई वर्ष छ महिना र रू.एक लाख रूपंयाँ जरिवाना हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल फागुन २७ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०३४९, परमादेश, *राधाकृष्ण धिमाल वि. श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

निवेदकको सेवा सर्त पुगेको भए सुविधा

पाउने गरी आवश्यक निर्णय गर्ने तथा नपुगेको भए नपुगेको भनी प्रमाण जुटाइ दिनु ती कार्यालयको दायित्व हो । राज्यका काम गर्न तोकिएका निकायले कानूनबमोजिमका कार्यहरू गर्न धिङ्न्याई गर्नु हुँदैन । त्यस्तो गर्न सार्वजनिक निकायलाई सुहाउँदैन । प्रमाणको अभावमा निवेदककै पक्षमा निर्णय गर्न भनी अदालतले भन्न नसके पनि निवेदकले मागबमोजिम सेवा सुविधा पाउनु पर्ने हो होइन सो सम्बन्धमा विपक्षीहरूबाट आवश्यक कारवाही गर्न ढिलाई भएको देखिँदा निवेदक मागबमोजिमको निजामती किताबखानामा दिएको निवेदन दाबीबमोजिम गर्नुपर्ने नपर्ने सम्बन्धमा उचित निर्णय दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर : गुनाखर शर्मा

इति संवत् २०७२ साल चैत ३० गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-CI-०१६३, निषेधाज्ञा, *तेजबहादुर गुरूङसमेत वि. चन्द्रप्रभा उपाध्याय*

विवादित जग्गामा रहेको पर्खालसम्बन्धमा निवेदक र विपक्षीबिच विवाद रहेको देखिन्छ । विवाद रहेको कुरामा सम्बन्धित जिल्ला अदालतमा जग्गा खिचोला मुद्दा परिरहेको भन्ने देखिन्छ भने विवाद रहेको कुरामा सम्बन्धित जिल्ला अदालतमा जग्गा खिचोला मुद्दा परी विचाराधीन रहेको भन्ने देखिन्छ । निषेधाज्ञा मुद्दामा हकबेहकको प्रश्नमा बोल्न नमिल्ने हकबेहकको विषयमा मुद्दाको रोहबाट मात्र निर्णय हुनसक्ने कुरामा विवाद देखिँदैन । सुरू जिल्ला अदालतमा चली आएको मुद्दाबाट निर्णयमा पुग्नुअगावै विवादको पर्खालमा विपक्षीहरूबाट हस्तक्षेप हुनसक्ने आशङ्काको अवस्था रहेनछ भन्न मिल्ने पनि देखिँदैन । मुद्दा चलिरहेको विषयमा निषेधाज्ञाको निवेदनबाट तत्काल आदेश जारी नगर्दा पछि मुद्दा फैसला हुँदा शून्यमा परिणत हुनसक्ने देखिएकाले मुद्दा किनारा नभएसम्मको लागि निर्माण भएको विवादित पर्खाल भत्काई दिँदा पुग्नसक्ने क्षतिसमेतलाई विचार गर्दा मुद्दा किनारा नभएसम्म यथास्थितिमा रहन दिनु मनासिब नै देखिने ।

जिल्ला अदालतमा चलिरहेको जग्गा खिचोला मुद्दाको मुद्दा किनारा नभएसम्म विवादको विषयमा हस्तक्षेप हुन सक्ने आशङ्काको स्थिति विद्यमान देखिएकोले उक्त जग्गामा रहेको पर्खालसम्म यथास्थितिमा रहने गरी विवादको पर्खाल नभत्काउनु भनी यी पुनरावेदक/विपक्षीका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।११।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल मङ्सिर १५ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६५-WO-०२७४, उत्प्रेषण / परमादेश, *पिमकान्त सिंह ठकुरी वि. जिल्ला प्रहरी कार्यालय, रोल्पासमेत*

निवेदकलाई माओवादीहरूले कब्जामा राखेका भए कब्जाबाट फुत्किएपछि निजले त्यसरी कब्जामा राखिएको कारण र आधारसहितको सप्रमाण दाबी गरेकोमा कानूनी उपचार पाउने नै हुन्छ । यसरी आफू अन्यायमा परेपछि कानूनको बाटो अबलम्बन गरी उपचारका लागि लाग्नु पर्नेमा निवेदक आफ्नो दायित्वप्रति इमान्दार नभई भारततिर लागेको तथ्य निवेदकको रिट निवेदनबाटै स्पष्ट हुन्छ । यस्तो अवस्थामा निजलाई सेवाबाट हटाउँदैमा निजका मौलिक हकमा अनुचित बन्देज लागेको भन्ने निवेदकको भनाई सँग सहमत हुन नसकिने ।

कानूनका म्यादभित्र निवेदक हाजिर नभएकाले नै निजलाई मिति २०५९।१।१४ देखि नै लागू हुने गरी नोकरीबाट हटाउने निर्णय भएको देखिन्छ । सोको जानकारी निवेदकले मिति २०६४।९।१६ मा पाएको तथ्य रिट निवेदकले

निवेदनमा उल्लेख गरेको देखिन्छ भने निवेदक थाहा पाउने बित्तिकै अदालतको ढोका घचघच्याउनु पर्नेमा मिति २०६५।८।१२ मा अर्थात १ वर्षपछि मात्र निवेदन लिएर उपस्थित भएको देखिन्छ। यसरी निवेदक विलम्ब गरी न्यायका लागि उपस्थित भएको देखिन्छ । यसै सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट «आफ्नो अधिकारप्रति सजग रहने व्यक्तिलाई नै अदालतले मद्दत गर्नुपर्छ । आफ्नो अधिकारको बेवास्ता गर्नेलाई मद्दत गर्न अदालतलाई कर लाग्दैन» (नि.नं. ८७३ ने.का.प. २०३१) भन्ने विलम्बको सिद्धान्त प्रतिपादन भएको देखिन्छ । निवेदक विलम्ब गरी अदालतमा आउनाले निजलाई विलम्बको सिद्धान्तबमोजिम पनि निजको निवेदन मागदाबी पुग्न नसक्ने।

प्रहरी जस्तो संवेदनशील पदमा रहेको व्यक्तिले आफू आफ्नो Duty मा छु भन्नेसम्म यकिन नदेखाई मिति २०५९।१।१४ देखि लागू हुने गरी नोकरीबाट हटाउने गरेको निर्णयमा मिति २०६५।८।१२ मा मात्र रिट लेखी ल्याएकोबाट निवेदकलाई सहयोग गर्नेसम्म अवस्था परेन । निवेदन व्यहोरामा नै आफू Duty मा नभई भारतमा गएको भन्ने व्यहोराबाट निवेदक आएकोले निज आफ्नो Duty प्रति संवेदनशील भएको देखिएन । स्वयं निवेदक भारत गई बसेको भन्ने स्वीकारोक्तिले निजको नाममा समयमा म्याद जारी हुन नसके पनि आफू प्रहरी ऐन नियमबमोजिम अनवरतरूपमा Duty मा छु भनी देखाउन नसकेको र आफ्नो रमानाबमोजिमको ठाउँमा गई हाजिर भएको भन्ने नदेखिएकोले निवेदन दाबीबमोजिमको रिट जारी हुने नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमला पौडेल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साउन ३२ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०४३७, परमादेश, विरनारायण चौधरी थारूसमेत *वि. निरज शाहीसमेत*

पुनरावेदक / निवेदकले जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारीसमक्ष दिएको निवेदनमा हालसम्म कुनै कारवाही नगरेको हुँदा मेरो नागरिक हक अधिकारमा असर परेकोले विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा एउटा साधिकारी निकायले निवेदनमा उल्लिखित विषयमा अनुसन्धान तहकिकात हुँदै रहेको भनी लिखित जवाफ फिराएको र सो सम्बन्धमा अनुसन्धान तथा छानबिन भइरहेको र सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट कुनै निर्णय भई नसकेको अवस्थामा निवेदकले दिएको निवेदनमा कुनै कारवाही नभएको भन्न नमिल्ने हुँदा विपक्षी साधिकार निकाय रहेको पुनरावेदकले उठान गरेको विषयका कसुरका सम्बन्धमा कुन कानून अन्तर्गत कारवाही अगाडि बढ्ने हो सो विषयमा यकिन गरी कारवाही अगाडि बढाउन सक्ने अवस्था रहे भएकै देखिँदा तत्काल विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी गर्नु पर्ने अवस्था देखिन नआउँदा मागबमोजिम परमादेशको आदेश जारी नभई रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।११।२१ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

संवत् २०७२ साल मङ्सिर १५ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-०६१९, निषेधाज्ञा, *इन्द्रप्रसाद चौधरी वि. पोसेन्द्र चौधरीसमेत*

जग्गाको हक बेहकसम्बन्धी विवादको तथ्यमा प्रवेश गरी निषेधाज्ञाको निवेदनबाट हेर्न मिल्ने देखिएन । निषेधाज्ञाको आदेश जारी गर्न निवेदकको विवादित विषयवस्तुमा निर्विवादरूपमा हकसमेत स्थापित भएको अवस्था देखिनु पर्दछ। प्रस्तुत विवादमा निवेदकको निर्विवाद हक स्थापित भएको समेत देखिन आउँदैन। यस्तो निवेदकको निर्विवाद हक नै स्थापित नभएको र आशङ्काको अवस्थालाई वस्तुनिष्ठ तवरले

पुष्टिसमेत गर्न नसकेको अवस्थामा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने ।

माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणहरू समेतबाट पुनरावेदक/निवेदकले दाबी लिएको जग्गामा पुनरावेदक र विपक्षीहरूको बिचमा हकभोग स्वामित्वसम्बन्धी विवाद रहेको भन्ने नै देखिन्छ । जग्गाको हक बेहकसम्बन्धी विवादको तथ्यमा प्रवेश गरी निषेधाज्ञाको निवेदनबाट हेर्न नमिल्ने ठहर्‍याई निषेधाज्ञाको आदेश खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।६।६ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । उक्त फैसला उल्टी गरिपाउँ भन्ने पुनरावेदकको जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-०८३२, परमादेश, *भूमिसुधार कार्यालय, मोरङ, विराटनगर वि. गंगादेवी साह*

फैसला अन्तिमताको सिद्धान्त (Finality of the judgment) अनुसार अदालतबाट भएको फैसलालाई अन्य निकाय वा अधिकारीले कुनै पनि बहानामा ईन्कार गर्न सक्ने हुँदैन । जुन न्यायका मुल्य मान्यता र सिद्धान्तविपरीत हुन जान्छ । प्रस्तुत विवादको सन्दर्भमा मोहीयानी जग्गा बाँडफाँडको लागि सम्मानित सर्वोच्च अदालतबाट मोहीयानी जग्गा बाँडफाँड गरिदिनु भनी परमादेशको आदेश जारी हुने ठहर भई मोही लगत कट्टा गर्ने गरेको भूमिसुधार कार्यालय, मोरङको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर भइसकेपछि पनि जग्गा बाँडफाँडको कार्य अहिले नेपाल सरकारबाट स्थगित भएको र जग्गा बाँडफाँडको लागि नेपाल सरकारवाट सूचना प्रकाशित भएपछि मात्र बाँडफाँडको कार्य अगाडि बढाउन सकिने भन्ने लिखित जवाफ व्यहोरा न्यायको मान्य सिद्धान्त र फैसला अन्तिमताको सिद्धान्तविपरीत रहेको देखियो ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६ को उपधारा (१) तथा वर्तमान संविधानको धारा १२८ को उपधारा (४) मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्ने छ भन्ने प्रावधान रहेको त्यस्तै मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतहरूले मान्नु पर्ने छ भन्ने संवैधानिक प्रावधान रहेको देखिन्छ । उपरोक्त परिस्थितिमा नेपाल सरकारबाट सूचना प्रकाशित भएपछि मात्र बाँडफाँडको कार्य अगाडि बढाउन सकिने भन्ने लिखित जवाफ कानूनी आधारयुक्त एवम् प्रचलित कानूनअनुरूप रहे भएको देखिँदैन । यस अदालतबाट भएको फैसला विपक्षी भूमिसुधार कार्यालयबाट कार्यान्वयन नहुनुले मुद्दा कारवाहीको अन्तिमताको सिद्धान्त संविधान, संविधान एवम् कानूनको परिपालनासमेतको सिद्धान्तविपरीत रहेको देखिँदा यस अदालतको मिति २०६६।२।१९ मा भएको उक्त फैसलाको कार्यान्वयन विपक्षी भूमिसुधार कार्यालय, मोरङले गर्नु नै पर्ने देखिने ।

विपक्षी / निवेदकको मागबमोजिम कि.नं. २६४ को जग्गा सम्मानित सर्वोच्च अदालतबाट भएको मिति २०६६।२।१९ को फैसला र भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(घ) बमोजिम जे जो बुझ्नुपर्ने बुझी निवेदक (मोही) र जग्गाधनीलाई जग्गा बाँडफाँडसम्बन्धी कारवाही गरी कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी भूमिसुधार कार्यालय, मोरङको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।६।७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल मङ्सिर १५ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-१०५४, निषेधाज्ञा, *वगडु दास*

*वि. हरिचरण महतो कोइरी*

किं.नं.५१ को मेरो घरवास भएको जग्गालाई सार्वजनिक जग्गा हो भनी पुनरावेदन अदालत, जनकपुरबाट निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसम्बन्धमा हेर्दा मिसिल संलग्न रहेको फिल्डबुक उतारबाट उक्त कि.नं.५१ गाउँ भनी ०-२-७ क्षेत्रफल जग्गाको जग्गाधनी श्री ५ को सरकार उल्लेख रहेको देखिन्छ । जग्गाधनीको महलमा श्री ५ को सरकार लेखिएको जग्गा हुँदा विवादित जग्गा सार्वजनिक हो भन्ने कुरा स्पष्ट देखिन्छ । त्यस्तो सार्वजनिक जग्गामा अन्य व्यक्तिहरूलाई सार्वजनिक उपयोग गर्नबाट वञ्चित गर्ने गरी यी पुनरावेदकले मेरो निजी जग्गा हो निर्माण गर्न पाउनुपर्छ भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सकिने अवस्था नहुने ।

गाउँ ब्लकको जग्गामा यी प्रत्यर्थीको हक हुन जाने अवस्था परेमा र आफ्नो हकको जग्गा हो भन्ने यकिन गरी दर्ता गराउने हक विपक्षीलाई रहने नै हुन्छ । निषेधाज्ञाको आदेशले हक बेहक छुट्याउने अवस्था हुँदैन । विवादित जग्गा विपक्षीको हक पुग्ने हो होइन भन्ने कुरा यिनै पुनरावेदकले आफ्नो हक गराई ल्याएमा दर्ता हुने नै अवस्था हुँदा हकबेहकको अवस्थामा बाहेक सार्वजनिक जग्गामा कसैले अतिक्रमण गर्ने आशङ्का हुने अवस्थामा निषेधाज्ञाको आदेश जारी हुने नै हुन्छ । विवादित जग्गामा पुनरावेदकले हक दाबी गरे नगरेको प्रस्तुत मुद्दाबाट नदेखिँदा उक्त मिति २०६६।४।२० को पुनरावेदन अदालत, जनकपुरको आदेशको निष्कर्षसम्मलाई अन्यथा गर्नुपर्ने नदेखिने ।

माथि विश्लेषण गरिएका आधार र कारणहररूबाट विवादित कि.नं. ५१ को जग्गामा अब नयाँ थप घरहरू निर्माण गर्न मिल्ने अवस्था नहुँदा साबिकदेखि रहेका ३ घरहरू वाहेक अरू घरहरू निर्माण नगर्नु नगराउनु र सार्वजनिक जग्गामा सार्वजनिक उपभोग गर्न नरोक्नु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।४।२० को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : रामप्रसाद बस्याल
कम्प्युटर : विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल मङसिर १५ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६५-CI-०९००, जग्गा खिचोला घर उठाई चलनसमेत, *गुलेन्द्रप्रसाद यादवको वारेस भई आफ्नो हकमा समेत रामप्रसाद यादव वि. विन्दादेवी यादवसमेत*

विवादित जग्गामा न.नं. १/१ जनिएको १ थान घर मात्र रहेको अवस्था छ । जबकि विवादित जग्गामा २ थान फुसको घर बनाई खिचोला गरेको भनी फिरादमा स्पष्ट रूपमा दाबी लिएको पाइन्छ । तर वादीको उक्त दाबी नक्सा मुचुल्काबाट पुष्टि हुन सकेको पाइएन । साथै विवाद जनिएको न.नं. १/१ को घर साबिक रघुनाथकै पालामा नै बनाई सनातनदेखि प्रतिवादीले भोगी आएको भनी नक्सा मुचुल्कामा बस्ने व्यक्तिहरूले किटानसाथ लेखाई दिएकोबाट पनि वादी दाबी खण्डित भएको अवस्था देखिन्छ । यसको अतिरिक्त अंशियारा नातामा रहेका यी वादी प्रतिवादीको पनि पिताले ७ नं. फाँटवारीमा भरेको सा.कि.नं. ९७० को ०-०-५ जग्गामध्ये न.नं. १/२ जनिएको ०-०-२.६५ जग्गा पुनरावेदक वादीको हकभोगमा नै रहेको देखिन आएबाट पनि आधा जग्गा पुनरावेदक वादीकै कब्जा भोगमा रहेको देखिने ।

प्रमाण ऐन, २०३१ को दफा २६ अनुसार देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीको हुनेछ भनी व्यवस्था भएको पाइन्छ सोअनुसार कुनै कुराको दाबी जिकिर लिँदैमा सो दाबीबमोजिम वादीको हुँदैन । त्यसको लागि ठोस आधार प्रमाणद्वारा पुष्टि गर्नु पर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा वादी दाबी एवम् यस अदालतमा लिइएको पुनरावेदन जिकिरमा दाबीबमोजिम पुष्टि हुन सकेको छैन । न.नं.१/१को सनातनदेखि नै प्रतिवादीले भोग चलन गरी आएको भनी नक्सा मुचुल्कामा लेखाइ दिएको तथा वादी र

प्रतिवादी दुवै अंशियारासमेत हुँदा विवादित न.नं.१/२ वादीको हक भोगमा रहेको स्पष्ट देखिँदादेखिँदै वादी दाबीको दर्ता स्रेस्ताको प्रमाणको उचित मूल्याङ्कन नभएको भन्ने यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने।

उपर्युक्त विवेचित आधार प्रमाणबाट सुरू सप्तरी जिल्ला अदालतको फैसला उल्टी हुने गरी पुनरावेदन अदालत, राजविराजले मिति २०६४।८।१९ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार १६ गते रोज ४ शुभम्।

१२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-MS-००१४, अदालतको अपहेलना, *डम्बरबहादुर गुरूङ वि. बसन्तराज गौतमसमेत*

निवेदकले विपक्षीहरूले अदालतको आदेशको अवहेलना हुने काम कारवाही गरेको भन्ने वस्तुनिष्ठ सबुद प्रमाण पेस गर्न सकेको मिसिलबाट देखिँदैन। अर्कोतर्फ यी निवेदक डम्बरबहादुर गुरूङले आफ्नो दाबी प्रमाणित गर्न नसक्ने भनी उक्त रिट नं. ०७१-WO-०२१८ को उत्प्रेषण परमादेश मुद्दा मिति २०७१।९।१३ मा फिर्ता लिइसकेको अवस्था देखिँदा मिसिल संलग्न आधार प्रमाणहरूबाट यी निवेदक डम्बरबहादुर गुरूङले प्रस्तुत निवेदनमा दाबी गरेअनुसार विपक्षीहरूले अदालतबाट जारी भएको अन्तरिम आदेशको अवहेलना हुने काम कारवाही गरेको नदेखिएको र विपक्षीहरूले पनि आफूहरूले अदालतबाट जारी भएको अन्तरिम आदेशको अवज्ञा गरेको छैन भनी लिखित जवाफ पेस गरेको अवस्था देखिएकोले विपक्षीहरूलाई निवेदन माग दाबीबमोजिम अदालतको अवहेलनामा सजाय नहुने।

इजलास अधिकृतः तारादत्त बडू

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-RC-०११४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दुर्गाबहादुर नेपाली*

प्रतिवादी दुर्गाबहादुर नेपालीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा फुपूसँग जग्गाको विषयमा भनाभन भएको र फुपूले ढुंगाले आफूलाई हिर्काएपछि रिस उठी नजिकै रहेको कोदालोको पछाडिपट्टिको भागले फुपूलाई हिर्काउँदा फुपूको मृत्यु भएको हो । सो घटना सुनिता नेपालीले देखेकी थिइन् भनी बयान गरेको देखिन्छ। उक्त उल्लिखित तथ्यहरूलाई बायाँ टाउकोमा घाउ चोट भएको तथा कन्चटको हड्डीसमेत फुटेको देखिएको र मृत्युको कारण टाउकोमा घाउ चोट भएको तथा कन्चटको हड्डीसमेत फुटेको देखिएको र मृत्युको कारण Intracranial hemorrhage भन्ने शव परीक्षण प्रतिवेदनको व्यहोराले पुष्टि गरेको देखिने।

प्रतिवादीले अदालतमा आई बयान गर्दासमेत कसुरमा साबित भई बयान गरेको देखिन्छ । जाहेरवालाले अदालतमा उपस्थित भई आफ्नो जाहेरीलाई समर्थन गरी बकपत्र गरेको तथा प्रत्यक्षदर्शी सुनीता नेपालीसमेतले अदालतमा आई यी प्रतिवादीले कोदालो प्रहार गरी ज्यान मारेको भन्ने खुलाई बकपत्र गरेको र बुझिएका टीकाराम महरा, विष्णु अधिकारीसमेतले आफ्नो कागज समर्थन गरी बकपत्र गरिदिएको अवस्था देखिने।

जाहेरी दरखास्त र प्रतिवादीको साबिती बयानलाई मिसिल संलग्न घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, बुझिएका व्यक्तिहरूको कागज, बकपत्र तथा प्रत्यक्षदर्शीसमेतको बकपत्रले समर्थन गरिरहेको अवस्था देखिएकोले प्रतिवादी दुर्गाबहादुर नेपालीले मृतकसँग भनाभन भई मृतकलाई कोदालोको पासोले प्रहार गरी कर्तव्य गरी ज्यान मारेको पुष्टि भइरहेको देखिएको हुँदा

निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम कसुरदार कायम गरी तथा सजायको हकमा निज प्रतिवादी कसुरमा साबित रही बयान गरेको, अपराध गर्ने पूर्वतयारी नभएको र वारदात घट्दाको अवस्थासमेतलाई विचार गरी अ.बं. १८८ नं. बमोजिम १४ वर्ष कैद गर्ने रायसहित प्युठान जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७१।३।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर : रानु पौडेल

इति संवत् २०७२ साल चैत १२ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-१३०८, उत्प्रेषण / परमादेश, *कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ८ स्थित जनप्रिय बहुमुखी क्याम्पस सञ्चालक समितिसमेत वि. माधवप्रसाद घिमिरे*

कानूनद्वारा स्थापित निकायभित्र सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकायहरू, सरकारबाट बजेट प्राप्त गर्ने निकायसमेत पर्दछन् । जनप्रिय बहुमुखी क्याम्पस अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हो । क्याम्पस नियमावली, २०५४ को प्रस्तावनामा त्रि.वि. ऐन, २०४९ को दफा २६ अनुसार सम्बन्धन प्राप्त संस्थाको रूपमा स्थापित भएको संगठित संस्था र कानूनी व्यक्ति हो । कानूनी व्यक्तिले कानूनद्वारा प्रदान गरिएको अधिकारबमोजिम मात्र कार्य गर्न सक्छ र गर्नुपनि पर्दछ । कानूनले प्रदान गरेको अधिकारको परिधि नाघेर उसले कुनै कार्य गर्दछ भने त्यस्तो कार्यले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । कुनै पनि सरकारी स्वामित्व वा कुनै अमुक स्वामित्वमा सञ्चालन भएको भए पनि सामान्य तथा विशेष कानूनले निर्धारण गरेको सीमारेखा उल्लङ्घन गर्ने कार्य कहीँ कतैबाट हुन नहुने ।

क्याम्पस प्रमुख र सहप्राध्यापक भनेको अलग अलग दायित्व, कर्तव्य र प्रकृतिका कानूनी पद हुन् । जनप्रिय बहुमुखी क्याम्पस पोखराको नियमावली, २०५४ को नियम १०.१.३ अनुसार क्याम्पस सञ्चालनका लागि आवश्यक पर्ने प्राध्यापक र कर्मचारीको नियुक्ति छनौट समितिको सिफारिसका आधारमा गर्ने र सहायक क्याम्पस प्रमुख, प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूको राजीनामा स्वीकृत गर्ने काम, कर्तव्य र अधिकार क्याम्पस प्रमुखकै हुने उल्लेख भएकोमा निज क्याम्पस प्रमुख माधवप्रसाद घिमिरेको राजीनामा क्याम्पस सञ्चालक समितिका अध्यक्ष दामोदर चालिसेबाट स्वीकृत गरिएको विषय नै विचारणीय रहन आउने ।

लेखा शाखामा काम गर्ने कर्मचारी गंगा देवकोटा (पौडेल) र यी निवेदक माधवप्रसाद घिमिरेका बिच भएको SMS, कार्यस्थलमा कामगर्न बाधा व्यवधान पुर्‍याएको र निजलाई मानसिक तनाव दिएको भन्नेसम्बन्धमा पीडित भनिएकी गंगा देवकोटाले कर्मचारी संघमा मिति २०७०।७।५ मा उजुरी निवेदन गरेको देखियो । सो निवेदनको अन्तमा बैठकमा पेस गरी छलफल गरी निर्णय गर्ने भन्ने मिति २०७०।७।५ को तोक आदेशमा लेखेको देखियो । सोही दिन यी निवेदकले क्याम्पस प्रमुख र सहप्राध्यापक पदबाट राजीनामाको निवेदन लेखेको देखिन्छ । त्यसैगरी सोही दिन उक्त निवेदन क्याम्पस सञ्चालक समितिका अध्यक्षबाट स्वीकृत गरी सोही दिन नै राजीनामा स्वीकृतको जानकारीपत्र यी निवेदकलाई बुझाएको देखिन्छ । यस्तो कार्यबाट निवेदकलाई सो उजुरीको सम्बन्धमा आफ्नो कुरा भन्ने मौकासमेत प्रदान गरेको देखिँदैन । सुनवाइको मौकासमेत नदिई निवेदक माधवप्रसाद घिमिरेको राजीनामा स्वीकृत गर्ने गरेको कार्य कानूनअनुकूल भएको मान्न नमिल्ने ।

निवेदक माधवप्रसाद घिमिरेले करकाप र जोरजुलुमपूर्ण तरिकाले बाध्यतामा राजीनामा दिएको, स्वेच्छाले राजीनामा नदिएको, सहप्राध्यापकको राजीनामा स्वीकृत गर्ने कार्य कानूनसम्मत नदेखिएको,

रोजगारीसम्बन्धी नागरिक स्वतन्त्रताको हनन् भएकोसमेत देखिँदा निजलाई सहप्राध्यापक पदबाट वञ्चित गर्ने कार्य नियमसङ्गत भएको देखिएन भने SMS सम्बन्धी २ जनाको निजी मामिलामा सचेत नगराई वा सफाइको मौकासमेत नदिई पद र रोजगारी नै हरण गर्ने कार्य मनासिब मान्न सकिँदैन भने अर्कोतर्फ क्याम्पस प्रमुखको पदबाट दिएको राजीनामाका सम्बन्धमा कास्की जिल्ला अदालतमा मिति २०७०।७।२६ को कुटपिट करकाप मुद्दा दायर भई मुद्दा विचाराधीन रहेकोले उक्त तथ्यका सम्बन्धमा सम्बन्धित अदालतबाट ठहरेबमोजिम हुने नै हुँदा सो विषयमा हाल केही बोलिरहनु परेन। यस्तो अवस्थामा निवेदकलाई सहप्राध्यापक पदबाट दिएको राजीनामा स्वीकृति भएको पत्र उत्प्रेषणको आदेशले बदर गरी सोमा काम गर्न दिनु भनी परमादेशको आदेश जारी गरेको पुनरावेदन अदालत, पोखराको फैसला मनासिब नै देखिने।

निवेदक माधवप्रसाद घिमिरेले जनप्रिय बहुमुखी क्याम्पसको क्याम्पस प्रमुख पदबाट दिएको राजीनामाको सम्बन्धमा सम्बन्धित अदालतबाट कुटपिट करकाप मुद्दा दायर भई विचाराधिन रहेकोमा सोमा ठहरेबमोजिम हुने नै हुँदा निवेदकको प्राध्यापन गर्न पाउने नागरिक अधिकार ऐन, २०१२ को दफा ६(७) ले प्रत्याभूत गरेको पेसा रोजगारको अधिकारमा मिति २०७०।७।५ को राजीनामा स्वीकृत गरिएको भन्ने प्रत्यर्थीको पत्रबाट स्वीकृत गरिएको पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। निवेदकलाई नेपाली विषयको सहप्राध्यापक पदमा हाजिर भई काम गर्न दिनु भनी विपक्षीका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ भनी पुनरावेदन अदालत, पोखराले मिति २०७०।१०।८ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। निवेदन खारेज गरिपाउँ भनी विपक्षीहरूबाट परेको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७3 साल वैशाख १२ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०३४८, कर्तव्य ज्यान, *श्रीरोका मगर वि. नेपाल सरकार*

मृतकले प्रतिवादीको श्रीमतीलाई जिस्काउने गरेकोले सो प्रतिशोधको कारण आफ्नो घरमा डेरा गरी बस्ने टिकाराम घर्तीसँगै बसी रक्सी खाई निजलाई मार्ने मनसायले नै फलामको पाइपले टाउको जस्तो संवेदनशील अङ्गमा हिर्काई मरणासन्न हुने गरी कुटी सोही चोट पिरको कारणबाट निजको मृत्यु भएको अवस्था देखिँदा प्रतिवादी श्रीरोका मगरले मृतकको टाउकोमा फलामको पाइपले प्रहार गरेको चोटको कारण उपचारको क्रममा निजको मृत्यु भएको हुँदा यी प्रतिवादीले आरोपित कसुर गरेको तथ्यको पुष्ट्याइँ भएको पाइन्छ। यी प्रतिवादी श्रीरोका मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्नु पर्नेमा सो नगरी जन्मकैदको मात्र सजाय गरेको हदसम्म सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६८।२।४ को फैसला केही उल्टी हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।१२।१४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। भवितव्य परी मृतकको मृत्यु भएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

प्रतिवादी श्रीरोका मगरलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर भए पनि यी मृतक प्रतिवादीकै घरमा डेरा गरी बसेको र दुवैजना सँगै बसी रक्सी खाएकाले मार्नै पर्ने पूर्व रिसइवी भएको अवस्था देखिन आएन। रक्सीले मातेको सुरमा आफ्नो श्रीमतीलाई जिस्काएको कुरामा विवाद भएको अवस्था देखियो। आफ्नो श्रीमतीलाई मृतकले जिस्काएपछि परिणामतः रिस उठ्नुलाई स्वाभाविक नै मान्नु पर्ने हुन्छ। सोही रिस आवेगको कारणबाट वादविवाद

भई तत्काल आवेशमा आई कुटपिट गरेको अवस्था देखियो । यदि यी प्रतिवादीले मृतकलाई मार्ने नै पूर्व उद्देश्य लिएको भए आफ्नै घरमा बसेको अवस्थामा जोखिमी हतियार ल्याई तत्काल हत्या गर्न सक्थ्यो भन्ने अनुमान गर्न सकिन्छ । तर प्रस्तुत सन्दर्भमा मृतकलाई आवेशमा आई कुटपिट गरेको र सो चोटबाट उपचारको क्रममा भोलिपल्ट मात्र मृतकको मृत्यु भएको देखिँदा तत्काल उठेको रिसको आवेगले कुटपिट गर्दा मृतकको मृत्यु भएको भन्ने कुरा तथ्यबाट स्पष्ट भएकाले सो कुरालाई विचार गरी विवेकसम्मत रूपबाट सजाय निर्धारण गर्नुपर्ने देखिने ।

विधायिकाले वारदातको प्रकृति र अवस्थाको आधारमा स्वविवेक प्रयोग गरी दण्ड निर्धारण गर्न मुलुकी ऐन, अ.बं. १८८ नं. को कानूनी व्यवस्था गरी न्यायकर्तालाई न्यायिक स्वविवेकको अधिकार दिएको अवस्था हो । वातदातमा मृतकलाई योजनाबद्धरूपमा क्रुर तरिकाबाट हत्या गरेको अवस्था नदेखिएको, रक्सी सेवन गरेको, मृतकले प्रतिवादीको श्रीमतीलाई जिस्क्याउने गरेकोसमेतका तथ्यलाई दृष्टिगत गरी प्रतिवादी श्रीरोका मगरको हकमा उपरोक्त १८८ नं. को प्रयोग गरी सजायमा कमी गर्नु दण्ड निर्धारणको प्रचलित न्यायिक पद्दतिअनुरूप न्यायसम्मत नै हुने ।

प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, तुलसीपुरबाट सर्वश्वसहित जन्मकैद हुने गरी भएको फैसला सदर भइसकेको अवस्थामा मृतक टिकाराम घर्तीले प्रतिवादीको श्रीमतीलाई जिस्काएको निहुँमा विवाद हुँदा रक्सी सेवन गरेका प्रतिवादी श्रीरोका मगरले आवेशमा आई कुटपिट गर्दा टिकाराम घर्तीको मृत्यु भएको अवस्था भएकोले प्रतिवादी श्रीरोका मगरलाई ऐनबमोजिम हदैसम्म सजाय गर्दा न्यायसम्मत नभई चर्को पर्न जाने देखिँदा अ.ब. १८८ नं. अनुसार निज प्रतिवादीलाई १४ (चौध) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल मङ्सिर २४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७२-RC-००४५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देउसिंह ठगुन्ना*

प्रतिवादीले वारदातका सम्बन्धमा सत्यसाँचो कुरा गरेर न्यायिक प्रक्रियामा सहयोग गरेकै हुन्। प्रतिवादीको भाउजूको उपचार खर्च यी प्रतिवादीको कारणले दिन परेको भनी मृतकले गुनासो गरेको हुनसक्छ । सो सिलसिलामा मृतकले थोरै अभद्र व्यवहार गरेको पनि हुन सक्छ । तर त्यत्तिकै कारणबाट मृतकलाई नृशंस तरिकाले कुटपिट गरी मृतकको ज्यान लिनुलाई कानूनले क्षमा गर्न सक्तैन । मृतकसँग प्रतिवादीको रिसइवी रहेको कुरा प्रतिवादीको बयानबाट प्रमाणित छ । सधैँको किचकिच सुन्नुभन्दा आज कि त यो बहादुरसिंह रहँदैन कि त म रहँदैन भनी प्रतिवादीले मृतकलाई मार्ने मनसाय लिएको अवस्था पनि विद्यमान छ । त्यसलाई कार्यान्वयन गर्न प्रतिवादीले मृतकको बिभत्स हत्या गरेको छ । यस प्रकारको दानवीय कार्य गर्ने प्रतिवादीलाई सजायमा छुट दिने कुरालाई समाजले पचाउन सक्दैन । न्यायिक प्रक्रियामा सहयोग गरेको कारण मात्रै सजाय छुटको आधार हुने गरी मुलुकी ऐन अ.बं. १८८ नं को तर्जुमा भएको देखिँदैन । कसुरमा साबित भएकै कारणबाट सजायमा रियायत दिँदा कसुरको मात्राअनुसार सजाय हुन सक्दैन । मुख्य कुरा कसुरदारलाई कसुरको मात्राभन्दा बढी वा घटी सजाय हुनु हुँदैन भन्ने नै फौजदारी न्याय र दण्डको मान्यता हुन जाने ।

अ.बं. १८८ नं को बनौट र दण्डसम्बन्धी फौजदारी न्यायको आधारमा हेर्दा प्रतिवादीले आफूलाई सर्वशक्तिमान ठानी सार्वभौमसत्ता आफूमा नै रहेको भन्ठानी जे मन लाग्यो त्यही गर्छु भन्ने किसिमले जानीजानी मृतकको हत्या गरेको देखिन्छ । मिसिल संलग्न मृतकको फोटो हेर्दा मृतकको अनुहार एकदमै कुचिएको रगताम्य भई हेर्ने मान्छेको आङ सिरिङ हुने अवस्था छ । मृतकको नाकलगायतका कतिपय अङ्ग

नै गायब भएको स्थिति छ। यस प्रकारको बिभत्स हत्या नै यी प्रतिवादीलाई अ.बं. १८८ नं. प्रयोग गरी सजाय कम गर्नको लागि प्रमुख बाधाको रूपमा रहेको देखिँदा अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा प्रतिवादीलाई सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको दार्चुला जिल्ला अदालतको मिति २०७१।१।२३ को फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७१।९।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल माघ २२ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६९-CR-०२२७, कर्तव्य ज्यान, *छविलाल विष्ट वि.नेपाल सरकार*

प्रतिवादी मौकामा बयान गर्दा सक्षम र स्वतन्त्र नरहेको अवस्था मात्र प्रतिवादीको मौकाको साबितीलाई प्रमाणमा लिन मिल्ने हुँदैन । ती अवस्थाहरूलाई प्रमाणित गर्ने भार प्रतिवादीमा रहन्छ । उक्त भारलाई प्रतिवादीले पूरा गर्न नसकेमा प्रतिवादीको साबिती उक्त ऐनको दफा ९ उपदफा १ बमोजिम प्रतिवादीका विरूद्ध प्रमाण लाग्ने।

प्रतिवादीको मौकाको साबितीको थप प्रामाणिकता भनेको मिसिल संलग्न स्वतन्त्र प्रमाणहरू हुन्छन् । ती स्वतन्त्र प्रमाणबाट अलगथलग रहेको प्रतिवादीको कोरा साबिती प्रमाणयोग्य हुँदैन तर प्रतिवादीको साबितीका अतिरिक्त स्वतन्त्र प्रमाण पनि प्रतिवादी विरूद्ध भएमा सो कुरा प्रतिवादी विरूद्ध प्रमाणमा लिनुपर्ने हुन्छ । वारदातको रात र समयमा प्रतिवादी र मृतकसमेतका व्यक्तिले रक्सी सेवन गरेको, रक्सी सेवनका क्रममा प्रतिवादी र मृतकबिच वादविवाद झगडा भएको, सो क्रममा तेरो ज्यान लिन्छु आज तँ बँच्दैनस् भनी प्रतिवादीले मृतकलाई भनेको, प्रतिवादी निस्केको आधा घण्टापछि मृतक निस्केको तर आफ्नो घर नपुगेको र भोलिपल्ट मृतकको लास वारदातस्थलमा फेला परेको, वारदातभन्दा १ महिनाजति अगाडि पनि प्रतिवादी र मृतकबिच झगडा भई मृतकले प्रतिवादीको कपडा च्यातेकोसमेतबाट मृतक र प्रतिवादीबिच सम्बन्ध राम्रो नरहेको र वारदातको भोलिपल्ट बिहान प्रतिवादीले अरू व्यक्तिहरूको पाइन्ट, कमिज मागी सो लगाएको आदि प्रमाणित कुराहरू तथा मृतकको शवपरीक्षण प्रतिवेदनले यी प्रतिवादीको मौकाको साबितीमा पुष्टि गरेको देखिने।

वारदात हुँदा प्रतिवादीले लगाएको कपडामा रगत आदि लागेको कारणले सो कपडालाई भेरी नदीमा बगाई त्यसको सट्टामा अरूहरूसँग मागेर कपडा लगाएको हुनुपर्छ भनी मृतककी श्रीमती ममता बिष्टको बकपत्र प्रमाण कानूनको हिसाबले ग्रहणयोग्य हुँदैन । तर निजको सो विचारलाई यो अदालतले निर्णयाधार बनाउन सक्ने नै हुने।

मौकामा गरेको साबितीलाई अदालतमा इन्कार गरी प्रतिवादीले न्यायिक प्रक्रियालाई सहयोग गरेको पनि पाइँदैन। अतः यी प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम सजायमा रियायत दिने स्थिति देखिँदैन । तसर्थ प्रतिवादी विरूद्धको अभियोग दाबी पुग्ने ठहऱ्याई प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) अनुसार सर्वस्वसहित जन्मकैद गरेको रूकुम जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुर दाङको मिति २०६८।१०।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : इन्द्रकुमार खड्का

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल पुस १३ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६९-CR-०३९४, जबर्जस्ती करणी, *विजयगौड कहाँर वि.नेपाल सरकार*

प्रतिवादीका तर्फबाट पीडितलगायतका

वादी साक्षीहरूको मौकाको कागज र बकपत्रमा तथा एक अर्काको व्यहोरामा विरोधाभास रहेको, वारदात भएको भए त्यहीँ रहेकी प्रतिवादीकी श्रीमतीले सुन्नुपर्ने भन्नेसमेतको तर्क आएको छ । तर पुनरावेदक प्रतिवादीसमेतले पीडितको मुख थुनेको अवस्थामा वारदात बारेमा तत्काल कसैले थाहा पाउने अवस्था रहँदैन । उल्लिखित लिखतहरूमा वारदातको सम्बन्धमा कुनै बिरोधाभास रहेको पाइँदैन । झिनामसिना फरकलाई विरोधाभास भन्न मिल्दैन । सर्वोपरि कुरा अभियोग दाबीबमोजिम सजाय पाएका सहप्रतिवादी खटरा भन्ने दिनेश यादवले पुनरावेदन अदालतले निजलाई कसुरदार ठहराएको फैसला विरूद्ध पुनरावेदन नगरी चित्त बुझाई बसेको अवस्था छ । निज दिनेश यादवले प्रतिवादी विरूद्ध गरेको पोल मिसिल प्रमाणसँग मिलेभिडेको अवस्था रहेकाले सहप्रतिवादी दिनेश यादवको सो पोल यी प्रतिवादी विरूद्ध प्रमाण लाग्ने नै हुन्छ । सबुद प्रमाणहरूको समग्र मूल्याङ्कनबाट यी प्रतिवादी विरूद्धको अभियोगदाबी निर्विवाद र शङ्कारहित तवरले पुष्टि भएकोले प्रतिवादी विजय गौडलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं बमोजिम १० वर्ष र सामूहिक बलात्कारतर्फ सोही महलको ३क नं. बमोजिम थप ५ वर्ष कैद हुने ठहर्‍याई यी प्रतिवादीसमेतबाट जनही रू. ३०,०००।– क्षतिपूर्तिसमेत पीडितलाई भराई दिएको सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।१२।२१ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : इन्द्रकुमार खड्का
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०७२ साल पुस १७ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-RC-०११५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मैया भन्ने फुलमाया श्रेष्ठ*

पुनरावेदन अदालतको फैसलामा समेत प्रतिवादीले चित्त बुझाई बसेको अवस्था छ । मृतक शिशुको शारीरिक परीक्षण र मृत्युको कारण उल्लेख भएको शव परीक्षण प्रतिवेदनलाई शंका गर्ने र त्यसलाई अन्यथा सिद्ध गर्ने ठाउँ पाइँदैन । त्यसैगरी प्रतिवादीको सुस्त मनस्थिति र निजले पहिलो बच्चा पनि ट्वाइलेटमा पाएको निजको पूर्व इतिहास जस्ता विवादरहित तथ्यगत कुरालाई पनि अन्यथा हुने प्रमाण कुनै पनि पक्षबाट प्रस्तुत हुन सकेको छैन । गर्भधारण र प्रसव वेदनासमेतका कारणले केही स्वास्नी मानिसले यस प्रकारको असामान्य क्रियाकलाप गर्ने गरेको कुरा चिकित्सा विज्ञानमा उल्लेख भएकै कुरा हो । अतः प्रस्तुत मुद्दामा धेरै लेख्नु पर्ने आवश्यकता नरहेको र यस्तो वारदातमा ५ वर्षको कैद सजायले लगभग कानूनी स्वरूप नै पाइसकेको हुँदा अभियोग दाबीबमोजिम यी प्रतिवादीले जिउँदो बच्चा जन्माई आँधीखोलामा फालेको कसुरमा प्रतिवादी मैया भन्ने फुलमाया श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको स्याङ्जा जिल्ला अदालतको मिति २०६९।१।२७ को फैसला सदर गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५ वर्ष कैद गर्नुपर्ने भनी व्यक्त गरेको रायसहितको पुनरावेदन अदालत, पोखराको मिति २०६९।११।१४ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०७२ साल माघ २९ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०८१६, कर्तव्य ज्यान, *मकैया भन्ने सचिवकुमार सदा वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा गरेको बयान प्रतिवादी विरूद्ध आफैँमा अकाट्य प्रमाण हुन्छ । सामान्यतया त्यसको थप पुष्ट्याई आवश्यक हुँदैन । तर

प्रस्तुत मुद्दामा शव परीक्षण प्रतिवेदनबाट उक्त बयानको थप पुष्टि भएको छ । अतः मृतक गंगाराम कापैरलाई प्रतिवादी मकैया भन्ने सचिवकुमार सदासमेतले पूर्व रिसइवी राखी योजना बनाई मृतकको घाँटी थिची मारी फालेको देखिन आएकोले ज्यानसम्बन्धीको महलको १ नं. र ऐ. को १३(३) नं. को कसुरमा सोही १३(३) नं. बमोजिम निजलाई सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।१२।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

कसुरको अनुपातमा चर्को सजाय भएको भनी कम सजायको लागि प्रतिवादीबाट अनुनय विनय भएको हकमा मृतक व्यापारी भएका र व्यापारीले आफ्नो ग्राहकसँग अनावश्यक विवाद नगर्ने हुँदा मृतकसँग वादविवाद गर्न प्रतिवादी नै अग्रसर भएको पुष्टि हुन्छ । प्रतिवादीले मृतकको पसलमा चोरीको प्रयत्न गरेकोसमेतको कुरा मिसिलबाट खुल्न आएबाट मृतकले प्रतिवादीलाई उत्तेजना दिएको वा कुटपिट गरेको भन्न सकिने स्थिति छैन। मृतकले प्रतिवादीलाई कुटपिट गरेको घाउ चोट विवरण प्रतिवादीबाट खुल्न सकेको छैन। मृतकलाई मार्ने नियत राखी योजना बनाई बाटो ढुकी घाँटी थिची मारेको मनसाययुक्त हत्यालाई murder मानिने र यसमा सर्वत्र जन्मकैदभन्दा कम सजाय नहुने कानून र सजाय सम्बन्धमा फौजदारी न्यायको सिद्धान्त देखिन्छ। Murder बाहेक culpable homicide/manslaughter को अवस्थामा मात्र तजवीज प्रयोग गर्न मिल्ने हुन्छ । तर यस प्रकारको murder को वारदातमा मुलुकी ऐन अ. बं. १८८ नं. आकर्षित हुने अवस्था नहुने हुँदा कम सजाय हुनु पर्ने भन्ने प्रतिवादीको आग्रहलाई मान्न नसकिने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल माघ ६ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-RC-००९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कम्पा चौधरीसमेत*

प्रत्यक्षदर्शी कारीदेवीले अभियोग दाबीको वारदातमा यी प्रतिवादीहरू समेतको संलग्नता रहेको भनी गरेको कागज र बकपत्र प्रतिवादी सबुरलालको विरूद्धमा प्रमाणमा लिइएको हुँदा सो बकपत्र यी प्रतिवादीहरू विरूद्ध प्रमाण लाग्ने नै देखियो। आफूहरू निर्दोष रहेको भए कारीदेवीको बकपत्रसमेतका कुराको खण्डन गरी आफ्नो निर्दोषिताको प्रमाण पेस गरी न्याय सम्पादनमा सहयोग गर्नु पर्नेमा प्रतिवादीहरू फरार रहेको र हालसम्म पनि फरार नै रही सुरू अदालतको फैसला विरूद्ध पुनरावेदनको उपचारसमेत लिन सकेको पाइँदैन। मृतक पुनमको मृत्यु कर्तव्यबाट भएको र निजउपर जबर्जस्ती करणीसमेत भएको कुरा शव परीक्षण प्रतिवेदनसमेतका अकाट्य प्रमाणबाट प्रमाणित भइरहेको र वारदातको उक्त मिति समयमा यी प्रतिवादीहरू बाहेक अन्य व्यक्ति वारदातस्थलमा रहे भएको देखिन नआएकोसमेतका परिस्थितिजन्य प्रमाणले कारीदेवीको बकपत्रको पुष्टि गरेको देखिन्छ । प्रस्तुत वारदातमा प्रतिवादीहरू कम्पा चौधरी, रामप्रसाद चौधरी र सबुरलालको भूमिकालाई घटी बढी भन्ने स्थिति नहुँदा प्रतिवादीहरू कम्पा चौधरी एवम् रामप्रसाद चौधरीसमेतलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुनसरी जिल्ला अदालतको मिति २०६७।२।५ को फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७२।६।१० को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल माघ २२ गते रोज ६ शुभम्।

८

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०२३९, परमादेश, *बमप्रसाद गिरीसमेत वि. गुठी संस्थान केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंसमेत*

ताम्रपत्रबाट पुजारी भएका हलेसी महादेव मन्दिरका मनोहर गिरीको सन्तान यी निवेदकहरू भएको कुरामा विवाद छैन । यस्तो पुजारीको शिष्य प्रशिष्यबाट पूजाआजा गराउनु पर्ने गरी यो गुठीको व्यवस्था भई यसको लागि जग्गा आदि समेत प्रदान भएको राज्य प्रमुखको काम कारवाहीलाई गुठी संस्थानले सम्मान र आदर गर्नुपर्छ । मनोहर गिरीका शिष्य प्रशिष्य यी निवेदक सन्तानबाहेक अरू देखिन आएका छैनन् । मनोहर गिरीका हकवाला निवेदक समेतका सन्तानले कुनै बेहिसाब गरेमा सफाइको मौका दिई पालोवालालाई निकाल्न नसकिने होइन । त्यसपछि निजहरूका हकवाला भएमा हकवालाले र नभएमा मात्र गुठी संस्थानले पूजारी समेतको बन्दोबस्त गर्दा ताम्रपत्र र खड्गनिसानाको पनि सम्मान हुन्छ । सो नभई अचानकबाट नयाँनयाँ पुजारी नियुक्त हुँदा भक्तजनले पनि कतै न कतै केही असजिलो महसुस गर्ने परिणाम आउन सक्छ । पूजाआजाको आफ्नै गोपनीयता र विधिविधान हुन्छ जुन गोप्यरूपमा गायत्री मन्त्र जस्तै अरूले थाहा नपाउने गरी शिष्य प्रशिष्य वा पुस्ता दरपुस्ता हस्तान्तरण हुन्छ । यो खास कला र सीप पनि हो । यसकारण जबसम्म मनोहर गिरीका शिष्य प्रशिष्य र सन्तानबाट मन्दिरको पूजाआजा विधिविधानबमोजिम हुन्छ त्यसमा बिना मतलब खलल पार्नु उचित हुँदैन । यसप्रकारको खललबाट धर्मकार्यको संरक्षण भएको मान्न नमिल्ने ।

व्यवहारबाट पनि विपक्षीहरूले मनोहर गिरीका सन्तानको विकल्पमा अरू राम्रो र उपयुक्त पुजारी पाउन सकेको देखिँदैन । अतः निवेदकहरूलाई पुजारी भनी ५ वर्षको लागि विपक्षी संस्थानले नियुक्ति दिएको मिले पनि निज पुजारीहरूलाई अवरोध हुने गरी गुठी संस्थानले समिति आदि गठन गरी कुनै कामकुरा गर्नु फलदायी हुने नदेखिने ।

ताम्रपत्र आदिको सम्मान गरेर सम्पत्ति आदिको हिसाबकिताब र व्यवस्थापन भने गुठी संस्थानले अवश्य गर्न सक्छ । तर सनातनबाट चलिआएको परम्पराअनुसार हलेसी महादेवको नित्य पूजाआजा सञ्चालन गर्न महन्त मनोहर गिरीका शिष्य प्रशिष्य र सन्तानमध्ये यी रिट निवेदकहरूलाई परम्परागत पूजाआजा गर्नबाट हलेसी महादेव व्यवस्थापन समितिले रोक्नु न्यायोचित देखिँदैन । अतः मनोहर गिरीको शेषपछि चलिआएको रीतिथितिबमोजिम निजको शिष्य प्रशिष्य र सन्तान दरसन्तानमा उपयुक्त व्यक्ति भए सम्म निजलाई पूजारी भई नित्य पूजा गर्न दिनु र सो कार्य गर्न नरोक्नु नरोकाउनु र सोको लागि आवश्यक व्यवस्था गर्नु भन्नेसम्मको विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : गुनाकर शर्मा

इति संवत् २०७२ साल फागुन २ गते रोज १ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६७-CI-०७५६, १३२८, ०७६०, ०२०२, अंश चलन, *भरतप्रसाद नेपाल वि. मु.स. गर्ने तथा आफ्नो हकमा समेत सिर्जना नेपालसमेत, शत्रुघन नेपाल वि. मु.स. गर्ने तथा आफ्नो हकमा समेत सिर्जना नेपालसमेत, अम्बिकादेवी नेपाल वि. मु.स. गर्ने तथा आफ्नो हकमा समेत सिर्जना नेपालसमेत, मु.स. गर्ने तथा आफ्नो हकमा समेत श्रृजना नेपालसमेत वि. शत्रुघन कुमार नेपालसमेत*

प्रतिवादी भरतप्रसाद नेपालको पत्नी अम्बिका देवी नेपालले रू. ५०,०००।– नगदै लिई मिति २०५९।५।११ मा अंश छोडपत्रको लिखत गरिदिएकोले निजको नामको सम्पत्ति बन्डा नलाग्ने भन्ने पुनरावेदन जिकिर भएतर्फ विचार गरेमा उक्त अंश छोडपत्रको लिखत बदर र जालसाज भनी वादीहरूको फिराद परी अंश छोडपत्रको लिखत बदर भई सो लिखत जालसाजसमेत ठहर्‍याई आजै यसै इजलासबाट फैसलासमेत भएकोले निज अम्बिका देवी नेपालको नामको सम्पत्ति पनि बन्डा लाग्ने नै देखिने ।

फिराद परेको दिनलाई मानु छुट्टिएको मिति कायम गरी सोभन्दा अगाडि आर्जन भएको सबै अंशियारको नामको सम्पत्तिबाट वादीहरूले अंश पाउने नै हुँदा तायदाती फाँटवारी माग गरिएको मितिपश्चात् अम्बिकादेवी नेपालले खरिद गरेको पर्सा जिल्ला, वीरगन्ज उपमहानगरपालिका वडा नं ४ को किनं २५८ को जग्गाबाहेक अन्य अचल सम्पत्तिसमेतमा ६ भागको ३ भाग वादीहरूले अंशबापत पाउने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६७।१।१३ फैसला कानूनसम्मत र न्यायसम्मत रहेको देखिँदा सदर हुने।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असार ६ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-१०७०, १०७३, ०६९-CI-००३२, ०६९-CR-००३३, फैसला बदर, *भरतप्रसाद नेपाल वि. मु.स. गर्ने तथा आफ्नो हकमासमेत सिर्जना नेपालसमेत, भरतप्रसाद नेपाल वि. मु.स. गर्ने तथा आफ्नो हकमासमेत सिर्जना नेपालसमेत, शत्रुघनकुमार शर्मा वि. मु.स. गर्ने तथा आफ्नो हकमासमेत सिर्जना नेपालसमेत, शत्रुघनकुमार शर्मा नेपाल वि. वि. मु.स. गर्ने तथा आफ्नो हकमासमेत सिर्जना नेपालसमेत*
- ०६७-CI-१०७१, १०७२, अंश छोडपत्र बदर, *अम्बिकादेवी नेपाल वि. मु.स. गर्ने तथा आफ्नो हकमासमेत सिर्जना नेपालसमेत, भरतप्रसाद नेपाल वि. मु.स. गर्ने तथा आफ्नो हकमासमेत सिर्जना नेपालसमेत*
- ०६७-CR-०६५५, ०६६६, जालसाजी, *भरतप्रसाद नेपाल वि. मु.स. गर्ने तथा आफ्नो हकमा समेत सिर्जना नेपालसमेत, अम्बिकादेवी नेपाल वि. मु.स. गर्ने तथा आफ्नो हकमासमेत सिर्जना नेपालसमेत*

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CI-१३०५, उत्प्रेषण / प्रतिषेध, *शत्रुघनकुमार नेपालसमेत वि. मु.स. गर्ने सिर्जना नेपालसमेत*

निश्चित कानूनबमोजिमको कार्यविधि पूरा नगरी गरिएको निर्णय त्रुटिपूर्ण हुन्छ। निवेदिकाउपर चलेको मुद्दामा रितपूर्वक म्याद सूचना नदिई गरेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तको पनि विपरीत छ। सम्बन्धित व्यक्तिलाई नबुझी आफ्नो भन्ने मौकासमेत नदिई निवेदिका प्रत्यर्थीको हक प्रतिकूल हुने गरी निर्णय गर्न नमिल्ने।

प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural justice) प्रत्येक नागरिकको मौलिक तथा नैसर्गिक हकसमेत भएको र हाम्रो न्याय प्रणालीले यसलाई प्राथमिक र मूलभूत सिद्धान्तको रूपमा अङ्गिकार गरी न्याय निरूपणको सन्दर्भमा सर्वाधिक महत्त्व दिई आएको छ। प्राकृतिक न्यायको सिद्धान्तबमोजिम जसको विरूद्ध निर्णय गरिन्छ सो व्यक्तिलाई बुझ्ने, के कुन गल्ती कसुर अपराध गरेको छ सो कुरा निजले प्रस्टरूपमा जानकारी पाउने र निजले पनि आफ्नो विरूद्धका कुराहरू राख्न पाउनुपर्ने हुन्छ। सुनुवाइको लागि उचित अवसर तथा मौका नदिई गरेको निर्णयले न्यायिक प्रक्रियामा वैधानिकता प्राप्त गर्न नसक्ने।

ऐनले निर्दिष्ट गरेको कानूनी प्रक्रिया अवलम्बन नगरी सुनुवाइको पर्याप्त र उचित अवसर नै प्रदान नगरी निवेदिका विरूद्ध मिति २०६७।१०।१० मा जिल्ला प्रशासन कार्यालय, पर्साबाट भएको फैसला उत्प्रेषणको आदेशद्वारा बदर हुन ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाका मिति २०६८।१२।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह

कम्प्युटर : प्रेम थापा

इति संवत् २०७२ साल असार ६ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६७-WO-०९१०, उत्प्रेषण, *मंगल महर्जन वि. दिया महर्जन*

जुन फैसलाको कार्यान्वयनको हकमा चित्त नबुझेको हो सोही फैसला अर्थात् अंश चलन मुद्दाको फैसलामा यी रिट निवेदक अविवाहित रहेकाले निजको विवाह खर्च पर सार्नुपर्ने व्यहोरा कहीँ कतै उल्लेख भएको पाइँदैन । उक्त अंशचलन मुद्दामा प्रतिवादी बनाइएकी दाती महर्जन मुद्दा चल्दाका बखत अविवाहित देखिएकी र पछि फैसला कार्यान्वयन हुँदाका बखतसम्म निजको विवाह भइसकेकोले बन्डा गर्नुपर्ने सम्पत्तिको ४ भाग लगाइएको मिसिल संलग्न कागज प्रमाणबाट देखिए पनि यी रिट निवेदकको हकमा विवाह खर्च पर सार्ने सम्बन्धमा सुरू एवम् पुनरावेदन फैसलामा कहीँ कतै उल्लेख भएको नदेखिँदा ललितपुर जिल्ला अदालतबाट मिति २०६५।३।१६ मा भएको फैसला सदर ठहर्‍याउने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।१२।३० मा भएको फैसलाको आधारमा फैसला कार्यान्वयन गर्दा नरम गरम मिलाई सबै अंशियार बिच बन्डा छुट्याउने कार्य भएकोमा अन्य अंशियारले चित्त बुझाई बसेको र यी निवेदकले धेरै ढिलो निवेदन दिएकोमा बन्डा मुचुल्का बदर नगरी भएको पुनरावेदन अदालत, पाटनको आदेशसमेत मिलेकै देखिँदा निवेदन जिकिरबमोजिम आदेश जारी गरी रहन नपर्ने भई प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-RC-००८४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पदमबहादुर दर्जी*

प्रस्तुत वारदातमा, प्रतिवादी पदमबहादुर दर्जीले मृतक पत्नी मुखाले भएकी र बारम्बार झगडा गर्ने गरेकाले स्याल मार्नको लागि ल्याएको विष चियामा राखी खान दिएको र सो विष खाई सावित्रा दर्जीको मृत्यु भएको हो भनी आरोपित कसुरमा साबित रही मौकामा र अदालतसमक्ष गरेको बयानलाई आफूले स्याल मार्न ल्याएको विष पदमबहादुर दर्जीले वनढाडे मार्न भनी मागेकाले मैले सो विषादी दिएको हो भनी मौकामा कागज गर्ने सनमान मगरले अदालतमा गरेको बकपत्र, प्रतिवादीले नै मृतकलाई चियामा विषादी दिई कर्तव्य गरी मारेको भनी किटानी जाहेरी दिने पुण्यकुमारी मगरको बकपत्रका साथै निज प्रतिवादी पदमबहादुर दर्जीको भुइँतले घरको भित्रपट्टि विषादीको सेतो प्लास्टिकको बट्टा, चिया पकाएको डेक्ची तथा चिया खान दिएको कचौरासमेत बरामद भएको घटनास्थल प्रकृति मुचुल्का समेतले समर्थन गरिरहेको अवस्थामा प्रतिवादी पदमबहादुर दर्जीले आफ्नो पत्नीलाई चियामा विष मिसाई खुवाएको मिसिल संलग्न प्रमाणहरूबाट समेत पुष्टि हुन आएको देखिँदा मिति २०७२।९।३ को छलफलको लागि भएको यस अदालतको आदेशसँग सहमत हुन सकिएन । अतः प्रतिवादी पदमबहादुर दर्जीले मृतक पत्नीलाई चियामा विष राखी खान दिई मारेको भन्ने आरोपित कसुरलाई अन्यथा भन्न मिलेन निज प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिने ।

मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिमको रायको सन्दर्भमा प्रतिवादी पदमबहादुर दर्जी ७० वर्षको वृद्ध मानिस देखिई मृतक श्रीमतीले आफूलाई तथानाम गाली गलौज गरेको कारणले सोको रिस थाम्न नसकी प्रस्तुत वारदात घट्न गएको र आफू अदालतमा समेत आरोपित कसुरमा साबित भई न्याय प्रशासनमा सघाउ पुर्‍याएको देखिँदा र अपराध गरेको अवस्था, उमेर समेतलाई विचार गर्दा निज प्रतिवादी पदमबहादुर दर्जीलाई अ.बं.१८८ नं. बमोजिम कैद ५(पाँच) वर्ष मात्र

ठहर्‍याई भएको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।०२।२९ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७२ साल माघ १५ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CR-०००७, अपहेलना, *जगतमाया श्रेष्ठ वि. भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिकासमेत*

मध्यपुर थिमी नगरपालिका वडा ८ नं. ७ बखाहा बजार देखि ऐ. वडा नं. ८ बसी पुखु जाने बाटो निर्माणको लागि मिति २०७०।२।३ मा उपभोक्ता समिति गठन भएको देखिन्छ। मिति २०७०।२।२८ देखि सुरू गरी २०७०।३।१४ मा बाटो र पर्खाल निर्माण कार्य सम्पन्न भएको भनी यसै लगाउको ०७२-CI-००१५ को निषेधाज्ञा मुद्दामा निषेधाज्ञाको आदेश बदर गरिपाउँ भन्ने निवेदकको निवेदन खारेज हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।८।१७ मा भएको आदेश सदर हुने ठहरी आजै यस इजलासबाट फैसला भएको छ। सो मुद्दामा उल्लिखित बुँदा प्रमाणको आधारमा प्रस्तुत अवहेलना मुद्दामा समेत निषेधाज्ञा मुद्दाको बुँदाबाट दाबी नपुग्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।८।१७ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: बिनोद रखाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CI-०३४६, परमादेश, *समिता भट्टराई वि. जिल्ला शिक्षा कार्यालय, खाँदबारी संखुवासभासमेत*

रिट निवेदक लामो समयसम्म अनुपस्थित रहेकी, निजको शिक्षक पद स्थायी नभई अस्थायी रहेको देखिन्छ । अस्थायी शिक्षक पदमा कार्यरत् शिक्षक लामो समय बिदामा बसी विद्यालयको पठनपाठन रोकिएको अवस्थामा निजलाई सूचना दिई स्पष्टीकरण माग गर्दासमेत बेवास्ता गरेको हुँदा निजलाई शिक्षा ऐन, नियमबमोजिम अवकाश दिने गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय भएको र सो निर्णय यथावत कायम रहँदासम्म रमाना दिन नमिल्ने भएकोले रिट निवेदन औचित्यहीन हुँदा खारेज हुनुपर्दछ भन्ने लिखित जवाफको व्यहोरा हुँदा रिट निवेदन व्यहोरा लिखित जवाफबाट खण्डित भइरहेको र अवकाश भइसकेको हुँदा निवेदकको मागबमोजिम रिट जारी गर्नु पर्ने अवस्था नदेखिई रिट खारेज गर्ने गरी भएको पुनरावेदन अदालत, धनकुटाको निर्णय आदेशमा कुनै कानूनी त्रुटि रहेको पाइएन । निवेदकको रिट मागमा अवकाशको निर्णयलाई चुनौती दिएको नपाइँदा पुनरावेदन अदालत, धनकुटाको आदेशलाई अन्यथा मान्न मिलेन। निवेदक अवकाश भइसकेको र अस्थायी शिक्षकको पदमा कार्यरत रहेकी हुँदा पुनरावेदकले अनुपस्थित भएको अवधिको तलब भत्ता माग गरेको कुरा कानूनसङ्गत् नहुँदा रिट खारेज गर्ने गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०७२।२।२४ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : बिनोद रखाल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CI-०३४७, उत्प्रेषण/ परमादेश, *भोजराज भट्टराई वि. जिल्ला शिक्षा कार्यालय, खाँदबारी संखुवासभासमेत*

पुनरावेदक निवेदक र निजकी श्रीमतीसमेत एउटै विद्यालयमा कार्यरत रहेकामा स्थानीय विद्यालय व्यवस्थापन समितिको निर्णयबाट निज र निजकी श्रीमतीबाट पठनपाठनमा कमी आएको कारण सरूवा गरी अन्यत्र विद्यालयमा पठाइएको अवस्थामा निवेदकलाई

सुनुवाइको मौका प्रदान नभएको र प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय भएको भन्न मिल्ने देखिएन विद्यालयको पठनपाठन र स्तरीय शैक्षिक क्रियाकलाप सुचारू गर्न स्थानीय तहमा छलफल गरी विद्यालय व्यवस्थापन समिति गठन भएको र उक्त समितिको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले सरूवा गर्ने निर्णय गर्न विपक्षीहरू सक्षम र अख्तियारवाला भएको कुरा स्पष्टै छ । शिक्षा ऐन,२०२८ र शिक्षा नियमावली, २०५९ बमोजिम विद्यालय प्रशासन चलाउने कर्तव्य भएका प्रधानाध्यापकको कमजोरीका कारण पठनपाठन प्रभावित हुने गरी गैर शैक्षिक काम गरेको पाइएमा पदबाट सरूवा गर्ने र हटाउनेसमेतको कार्यका लागि सिफारिस गर्न विद्यालय व्यवस्थापन समिति आधिकारिक निकाय रहेकोमा विवाद छैन । विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षकलाई पदबाट सरूवा र खटाउने कार्यसमेत जिल्ला शिक्षा अधिकारीले गर्न सक्छ । जिल्ला शिक्षा कार्यालयबाट निवेदकलाई उपस्थित हुने पत्राचार गर्दा अनुपस्थित भएको र निज आफ्नो कर्तव्यप्रति सजग नभएको कारणले निजको काम काजबाट विद्यालय सुचारू नभइरहेकोले विद्यालय व्यवस्थापन समिति गठन भई नयाँ समितिले प्रधानाध्यापकको पदबाट सरूवा गर्ने गरी गरेको सिफारिसबमोजिम जिल्ला शिक्षा कार्यालयको निर्णय कार्यान्वयन भएको स्थितिलाई कानूनविपरीतको भन्न मिलेन । तसर्थ  रिट खारेज गर्ने गरी पुनरावेदन अदालत, धनकुटाबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: बिनोद रखाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-१०८४, उत्प्रेषण / निषेधाज्ञा, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १२, टेकु काठमाडौं बिजनेसपार्कस्थित डिजिटल टि.भि. प्रा.लि. का तर्फबाट अख्तियारप्राप्त आफ्नो हकमा सञ्चालक मनराजा रञ्जितसमेत वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत*

विपक्षी टाउन डेभलपर्स कम्पनीको निवेदनको आधारमा विपक्षी जिल्ला प्रशासन कार्यालयमा निवेदक कम्पनीको सञ्चालकलाई र विपक्षी डेभलपर्सलाई एकै ठाउँमा उपस्थित गराई छलफल गराउने उद्देश्यले निवेदकहरूलाई बोलाइएको र तारेखमा राखेको भन्ने देखिन्छ । निवेदकसँगको घर भाडाको र कोठा खाली गराउने सम्बन्धमा अशान्ति र अन्य अवाञ्छित काम कार्य हुन नपाओस् र शान्ति सुरक्षा कायम गराउन सकियोस् र नागरिकको जिउधन र सम्पत्ति सुरक्षाको विषयमा आफूसमक्ष परेको उजुरीको आधारमा जिल्ला प्रशासन कार्यालयबाट दुवै पक्षलाई उपस्थित गराई छलफल गराउने उद्देश्यले विपक्षी जिल्ला प्रशासन कार्यालयले निवेदकलाई पत्र लेखी पठाएको देखिन्छ । यसरी आफूसमक्ष उपस्थित हुन लगाएको कार्य कानूनविपरीतको भन्न नमिल्ने ।

दुवै पक्षबाट आपसमा छलफल गरी समस्या समाधान गर्ने उद्देश्यले विपक्षी जिल्ला प्रशासन कार्यालयले गरेको सहजीकरणको कार्यलाई अन्यथा भनी भन्न मिलेन तसर्थ उपर्युक्त आधार कारणबाट निषेधाज्ञाको आदेश जारी गर्नुपर्नेसम्मको अवस्था र आधार विद्यमान नदेखिँदा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नु पर्ने देखिन आएन । शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा उपस्थित हुनु भनी पत्र पठाउने कार्य गैरकानूनी नहुँदा सो कार्य रोकी पाउनको लागि दिएको निवेदनबाट आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । तसर्थ जिल्ला प्रशासन कार्यालय एवम् प्रमुख जिल्ला अधिकारीले घरभाडाको विषय उठाई टाउन डेभलपर्स प्रा.लि.ले दिएको निवेदनको आधारमा दुवै पक्षलाई उपस्थित गराई छलफल गराउने र शान्ति सुरक्षा कायम राख्ने कार्य गरेको भन्ने देखिने ।

निवेदक र विपक्षीबिच भएको करारको

सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट कुनै निर्णय नभएको देखिँदा उक्त नजिर आकर्षित हुने देखिएन। तसर्थ निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन भनी ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।६।१५ को आदेश मिलेको देखिँदा सदर हुन्छ। सो आदेश बदर गरिपाउँ भन्ने पुनरावेदकको जिकिर पुग्नसक्ने नदेखिने।

इजलास अधिकृत: बिनोद रखाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-११७३, निषेधाज्ञा, *कुलबहादुर दाहालसमेत वि. शकुन्तला दाहालसमेत*

प्रत्यर्थी वादी कुलबहादुरले इलाम जिल्ला अदालत र पुनरावेदन अदालत, इलामसमेतबाट मुद्दा जिती अंशबन्डा छुट्याई लिइसकेको र सोमध्येबाट जग्गासमेत हक हस्तान्तरण गरी दिइसकेको अवस्था छ। अंशबन्डाको फैसला कार्यान्वयन भई अंश मुद्दाका वादी कुलबहादुरका नाममा जग्गा कायम हुन पुगे पनि उक्त मुद्दाका प्रतिवादी पदमबहादुर दाहालसमेतले सर्वोच्च अदालतमा दोहोर्‍याई पाउँ निवेदन दिई सोमा निस्सा प्रदान भएको देखिन्छ। त्यसरी दोहोर्‍याउने निस्सा प्रदान भइसकेको अवस्थामा मुद्दामा माग गरिएको विषयवस्तु विचाराधीन अवस्थामा रहेको मान्नुपर्ने हुन्छ। अंश मुद्दाको फैसला कार्यान्वयन नै भएर गइसकेको देखिए पनि निस्सा प्रदान भई कारवाहीयुक्त अवस्थामा रहेको मुद्दाबाट विवादित विषयवस्तुको निरूपण बाँकी नै रहेको मान्न पर्नेसमेत देखियो। जग्गामा कसको हक हुने भन्ने कुरा विचाराधीन छ भने सोका आधारमा भएको फैसला कार्यान्वयन पनि विचाराधीन नै मान्नु पर्ने हुन जाने।

अंश मुद्दामा अन्तिम टुङ्गो लाग्न बाँकी नै रहेको अवस्थामा फैसला कार्यान्वयन भएको भनी रिट खारेज गर्नुपर्ने भन्ने माननीय न्यायाधीश श्री उदय प्रकाश चापागाईको रायमा अंश मुद्दामा निस्सा भई विवादित जग्गामा हकको टुङ्गो नलागेको अवस्थाको विद्यमानतालाई नजर अन्दाज गरी रिट खारेज गर्ने स्थिति कानूनअनुकूल हुँदैन। अ.बं. १७१(क) को माध्यमबाट विवादित जग्गाको स्थिति यथा अवस्थामा राख्नु पर्ने वा रोक्का गर्नु  भन्ने विषयको दृष्टान्तबाट रिट खारेज गर्न नमिल्ने।

जग्गाको निर्क्यौलपूर्व नै त्यस्तो जग्गामा घर निर्माण भएमा निवेदकले जग्गामा हक पाएका अवस्थामा निवेदकलाई आघात पुग्नजाने हुँदा सर्वोच्च अदालतबाट अन्तिम टुङ्गो नलागेसम्म घर निर्माण कार्य रोक्नु पर्ने अवस्थामा पुनरावेदन अदालत इलामका माननीय मुख्य न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय ठहर भएकाले उक्त रायमा सहमत छु भनी माननीय न्यायाधीश श्री गुणराज ढुंगलेको राय व्यक्त भएको देखियो। फैसला कार्यान्वयन भएको अवस्था हुँदा निषेधाज्ञाको निवेदन खारेज हुने ठहर गरेको माननीय न्यायाधीश श्री उदय प्रकाश चापागाईको रायसँग सहमत हुन सकिएन भनी माननीय न्यायाधीश गुणराज ढुंगेलबाट व्यक्त राय मिलान बहुमत रायबाट निषेधाज्ञा जारी गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६९।४।३०।४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: बिनोद रखाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल जेठ ४ गते रोज ३ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-CI-०६१०, मोही लगत कट्टा, *रोशनलाल चौधरी वि. महादेव भगत*

प्रस्तुत मुद्दामा सो म्यादभित्र यी जग्गाधनीले जग्गा जोत्न छाडेको कुराको जानकारी तोकेको अधिकारीसमक्ष दिएको जिकिर लिन नसकी मिति

२०६३।३।२१ मा मात्र प्रस्तुत उजुर दिएको पाइन्छ । सोको विपरीत प्रत्यर्थी / प्रतिवादी महादेव भगतले आफूले सालसालै खेती लगाएको भनी प्रतिउत्तर पत्रमा जिकिर लिएको देखिन्छ । यस्तो अवस्थामा मोहीले जग्गा जोत्न छाडेमा वा भागी बेपत्ता भएमा जग्गाधनीले जहिलेसुकै उजुरी दिन पाउने व्यवस्था भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ को उपदफा (१) को खण्ड (ग) ले गरेको देखिँदैन । ऐनले तोकेको हदम्यादभित्र उजुरी दिनु पर्ने हुन्छ । सो तोकेको हदम्याद नघाई पर्न आएको प्रस्तुत उजुरी निवेदनबाट मोही लगत कट्टा गर्न नमिल्ने ।

भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधन, २०५३ ले मोहीलाई आधा जग्गाको स्वामी बनाएको देखिन्छ । आधा जग्गाको जग्गाधनी बनिसकेपछि मात्र यी जग्गाधनी २०६३ सालमा मात्र मोही लगत कट्टा गरिपाउँ भनी निवेदन दिएको देखिँदा २०६३ सालमा परेको निवेदनबाट मोहीको हक समाप्त हुने गरी लगत कट्टा हुनसक्ने देखिँदैन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ को उपदफा (१) को खण्ड (ग) ले मोहीले जग्गा जोत्न छाडेमा वा भागी बेपत्ता भएमा जहिलेसुकै उजुरी दिन पाउने व्यवस्था गरेको देखिँदैन । यसरी यी पुनरावेदक उजुरकर्ताले ऐनले निर्धारण गरेको हदम्याद २५ दिनभित्र उजुर गर्न नआई धेरै वर्षपछि उजुरी दिएको देखिएकाले त्यस्तो निवेदनबाट मोही लगत कट्टा हुनसक्ने अवस्था नदेखिने ।

प्रस्तुत मुद्दामा मोही लगत कट्टा हुने नहुनेसम्बन्धी विवाद रहेको अवस्था हुँदा मोही लगत कट्टा नहुनका लागि यी पुनरावेदक जग्गाधनीले विवादित जग्गाको कानूनबमोजिम साधिकार निकायबाट मोही लगत कट्टा भइसकेको भन्ने देखिनेसम्मको प्रमाण पेस गर्नुपर्ने हुन्छ । तर सोबमोजिमको प्रमाण यी पुनरावेदकले पेस गर्न सकेको मिसिलबाट देखिन आएन । कानूनबमोजिम मोहीको लगत कट्टा भएको प्रमाण पेस नगरी केबल मोहीले जग्गा नजोतेको वा बाली बुझाएको प्रमाण पेस नगरेको भन्नेजस्ता तर्कका आधारमा मोहियानी हकबाट मोहीको निष्काशन हुन सक्दैन । अतः यी पुनरावेदकले लिएका उक्त जिकिरहरूबाट प्रस्तुत मुद्दामा कुनै नकारात्मक असर पर्नसक्ने नदेखिँदा सुरू भूमिसुधार कार्यालय, सुनसरीको मिति २०६६।१०।१३ को फैसला नमिली उल्टी भई प्रत्यर्थी प्रतिवादीलाई मोहीबाट हटाई लगत कट्टा गर्न नमिल्ने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।३।१४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल चैत २६ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-WO-१३३९, ०६०-FN-०१०४, उत्प्रेषण, *राधेश्याम कहारको हकमा कमलावत्तीदेवी कहाइन वि. शङ्कर कहारसमेत, राधेश्याम कहार वि. शङ्कर कहारसमेत*

रिट निवेदक राधेश्याम कहार र शंकर कहार दाजुभाइ भएकोमा विवाद छैन । विपक्षी शंकर कहारले परमेश्वर कहारसँग ऋण लिएकोमा सो ऋणबापत निजले शंकर कहारउपर उजुरी गरी रूपन्देही जिल्ला अदालतबाट मिति २०६८/९/१३ मा साँवाब्याज भरिपाउने गरी फैसला भएको र सो फैसलाउपर पुनरावेदन नपरी अन्तिम भई बसेको छ । त्यसपश्चात् फैसलाबमोजिम बिगो भराउने सिलसिलामा वादी परमेश्वर कहार र प्रतिवादी शंकर कहार भई चलेको लेनदेन मुद्दामा बिगो भराउन वादीको निवेदन परी भरिभराउको लागि राधेश्याम कहारको नामको जग्गासमेतबाट भरिभराउ हुनुपर्ने भनी प्रतिवादी शंकर कहारले जिकिर लिएको देखिन्छ । प्रतिवादी शंकर कहार दाजु र राधेश्याम कहार भाइ भएकोले निजलाई कागज गराउँदा राधेश्याम कहारले शंकर कहारलाई औषधीउपचार मैले गराएको हो । एकासगोलमा घरखर्च

टार्न भनी शंकर कहारले ऋण लिएको होइन भनी कागज गरेको र प्रतिवादी शंकर कहारले मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. को प्रयोजनको लागि ऋण लिँदाको अवस्थामा मुख्य भई ऋण लिएको नभई आफ्नो खर्चको लागि ऋण लिएको देखिँदा राधेश्याम कहारको नामको सम्पत्तिबाट बिगो भरिभराउको कार्य गर्न नमिल्ने।

रिट निवेदकको अंश हकको कि.नं. ३८७ को जग्गामध्ये क्षेत्रफल ०-३-० को जग्गा निवेदकको मन्जुरीबिना नै शंकर कहारले परमेश्वर कहारसँग अंश लिए खाएको ऋणबापतको लेनदेन मुद्दामा लिलाम गर्न कारवाही गरेको र त्यसरी मुद्दा चली निर्णय भई असुलउपर गर्ने लेनदेनको मूल लिखत कपाली तमसुकमा निवेदक साक्षी नबसेको र मन्जुरी पनि दिएको नदेखिँदा निजको हकजतिको लिलाम कार्य कानूनअनुरूप भएको भन्न मिलेन। कुनै पनि व्यक्तिको सम्पत्तिउपरको हकदाबी छुटाउन कानूनबमोजिमको प्रक्रियाबाट कारवाही भई निष्कर्षमा पुग्नुपर्ने हुन्छ। त्यसरी कानूनबमोजिमको प्रक्रिया पुरा नभई जबरजस्ती रूपमा त्यस्तो सम्पत्तिको हक छुटाउन कानूनत: मिल्दैन। मन्जुरी नलिई लगानी गरिएको ऋणबापत निवेदकको सम्पत्ति लिलाम गर्न मिल्ने देखिएन। अतः निवेदकको नामको सम्पत्तिबाट भरिभराउ नहुने गरी भएको तहसिलदारको मिति २०६९।१०।२८ को र जिल्ला अदालतको मिति २०६९।१२।२ को आदेश बदर गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।२।९ को आदेश कानूनअनुकूलको नदेखिँदा उत्प्रेषणको आदेश जारी भई बदर हुने।

इजलास अधिकृत : विनोद रखाल

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल चैत ११ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७१-WO-०२२८, उत्प्रेषण, *राधेश्याम कहरको हकमा कमलादेवी कहाइन वि. शङ्कर कहारसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## एकल इजलास

१

**मा.न्या.श्री गोपाल पराजुली,** ०७२-WO-०४३७, अधिकारपृच्छा, *कृष्णमोहन प्रसाद सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सिद्धान्तत: अधिकारपृच्छाको रिट सार्वजनिक पदाधिकारीलाई आफ्नो अधिकार देखाउन वा प्रमाणित गर्न दिइने विशेषाधिकारयुक्त आदेश हो। यो मूलत: सार्वजनिक पदमा हुने वा भएको नियुक्तिसँग सम्बन्धित हुन्छ। यसले सार्वजनिक पदमा भएको वा हुनसक्ने नियुक्तिसम्बन्धमा कार्यकारिणीबाट भएको वा हुनसक्ने गैरकानूनी क्रियाकलापलाई रोकी सो पदमा नियुक्त हुन योग्यता पुगेको व्यक्तिको अधिकारको रक्षा गर्दछ। यो रिट जोसुकै नागरिकले पनि दिनसक्छ र यो गैरकानूनी नियुक्ति दिने वा नियुक्ति पाउने पदाधिकारी विरूद्ध जारी हुने।

सार्वजनिक स्वार्थ वा कर्तव्य रहेको सार्वजनिक अधिकारीका विरूद्ध जारी हुने यो रिट कसैको अधिकार स्वतन्त्रता वा पद खोसेको वा त्यसमा दाबी गरेको वा कुन अधिकारद्वारा पद ग्रहण गरेको हो, त्यसको जाँच गर्नु जारी हुन्छ। कानूनको स्पष्ट उल्लङ्घन नभएको अवस्थामा यो रिट जारी नहुने।

निवेदकको निवेदनको प्रकरण नं. ५ मा तल्लो तहको स्थायी शिक्षकको पद लियन राखी माथिल्लो पदमा स्थायी नियुक्ति प्रक्रिया नहुँदै के कुन कानूनी आधारमा तल्लो तहमा फर्काउने निर्णय गरिएको हो विपक्षीको नाममा अधिकारपृच्छा जारी गरिपाउँ भन्ने उल्लेख भएको देखिन्छ। निजलाई पदबाट हटाएको नभई निजको स्थायी पदमा पर्काएको भन्ने देखिन्छ। त्यसैगरी निवेदनको व्यहोरा हेर्दा यसपूर्व यस अदालतमा चलेको उत्प्रेषणको रिट निवेदनमा माग गरिएको उत्प्रेषणभन्दा भिन्न प्रकृतिको रिट लेखी ल्याएको देखिएको र रिट निवेदकले असान्दर्भिक र अमिल्दो

अधिकारपृच्छाको माग गरेको मिलेको नदेखिँदा अधिकारपृच्छाको रिट निवेदनको सिद्धान्तसँग मेल खाने प्रकृतिको नदेखिँदा प्रारम्भमा नै यस्तो रिटबाट अधिकारपृच्छातर्फ सुनुवाई हुन वान्छनीय नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस २० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी,** ०७२-WO-१०९९, उत्प्रेषण / परमादेश, *नारायणप्रसाद गौतम वि. कल्पना श्रेष्ठ*

काठमाडौं महानगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने बासिन्दाहरूलाई घर बनाउन इजाजत दिँदा काठमाडौं महानगरपालिकाले आफ्नो क्षेत्रभित्र घर निर्माण गर्दा अपनाउनु पर्ने मापदण्ड र नेपाल सरकारले समयसमयमा जारी गरेका सूचनालाई ध्यान दिई घर निर्माणको इजाजत प्रदान गर्नु निजको दायित्व र कर्तव्यभित्र पर्दछ । उक्त व्यवस्थालाई निजले अनुसरण गर्नुपर्ने बाध्यता रहेको छ । प्रस्तुत मुद्दामा निवेदक र दाता धर्मदेवी श्रेष्ठबिच मिति २०४९।१०।७ मा कि.नं. १५७ को पूर्वबाट कि.नं. २५६ मा जाने आउने ८ फिटे बाटो दिने भन्ने सर्तनामा यस मुद्दाका विपक्षी कल्पना श्रेष्ठलाई थाहा नहुन पनि सक्छ । निवेदक र विपक्षी कल्पना श्रेष्ठ बिचमा कि.नं. १५७ को पूर्वतर्फबाट कि.नं. २५६ मा जान आउनको लागि राख्नुपर्ने बाटो दिनुपर्ने भन्ने कुरा काठमाडौं महानगरपालिकालाई थाहा जानकारी दिएको भन्ने कुरा यी निवेदकले का.म.न.पा.लाई गराएको मिसिलबाट नदेखिने ।

काठमाडौं महानगरपालिकाले नक्सा पास गर्दा सार्वजनिक प्रकृतिको देखिने र छुट्टिने गरेको जग्गालाई लोप गरी नक्सा पास गरेको भन्ने निजको निवेदन व्यहोरा र निवेदकले पेस गरेको नक्साको प्रतिलिपिबाट देखिँदैन । घर बनाउनको लागि नक्सा पास गर्दा काठमाडौं महानगरपालिकाले आफू (निवेदक) लाई मर्का पारी मापदण्डविपरीत नक्सा पारित गरेको भए सर्वप्रथम यी निवेदकले सोही कार्यालयमा उजुरी निवेदन दिनुपर्नेमा सो गरेको भन्ने निवेदकको निवेदनमा कहीँकतैबाट खुल्दैन । काठमाडौं महानगरपालिकाले घर निर्माणको लागि नक्सापास गर्दा आफूले बनाएको मापदण्ड र नेपाल सरकारले समयसमयमा जारी गरेका मापदण्डलाई अनुशरण गर्नु निजको दायित्व र कर्तव्य रहेको, कुनै पनि व्यक्तिको जग्गा घुसाउने गरी र सार्वजनिक बाटो नास्ने मास्ने गरी घर निर्माणको इजाजत प्रदान नगर्ने र यी निवेदकलाई काठमाडौं महानगरपालिकाले दिएको नक्सा पासले आफूलाई परेको पिरमर्काको बारेमा सर्वप्रथम उजुरी निवेदन दिने र स्थान काठमाडौं महानगरपालिका भएकोमा उक्त स्थानमा निवेदन नदिई यस अदालतमा सोझै निवेदन गरेको देखिँदा प्रस्तुत निवेदन प्रथम दृष्टिमा नै खारेज हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल असार १० गते रोज ६ शुभम् ।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"

- सर्वोच्च अदालत, मेलमिलाप समिति